सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

६ कात्तिक २०७९, आइतबार (23 Oct 2022, Sunday) ■ नेपाल संवत् ११४२ ■ वर्ष १६ ■ अंक १८७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# ०७४ का चुनावी घोषणा कति कार्यान्वयन ?

## पर्याप्त अध्ययनविना कार्यान्वयन गर्नै नसकिने र यथार्थभन्दा बाहिर गएर आउँछन् दलहरूका घोषणापत्र, पूर्व-पश्चिम तथा उत्तर-दक्षिण रेलमार्ग, पाँच हजार मेगावाट विद्युत् उत्पादन, गरिबी अन्त्य, सातै प्रदेशमा ठूला औद्योगिक क्षेत्र, रासायनिक मल कारखाना खोल्नेलगायत घोषणा पाँच वर्षसम्म अलपत्र

### घोषणापत्रलाई दलहरूले सपिङ लिस्ट बनाए

● **प्राडा. शिवराज अधिकारी,** प्रमुख, केन्द्रीय अर्थशास्त्र विभाग, त्रिवि



कागजमा लेखेर मात्रै आर्थिक एवं सामाजिक विकास हुँदैन, त्यसका लागि तथ्यांक, कार्ययोजना र काम गर्ने इच्छाशक्ति चाहिन्छ। तर, दलहरूले त्यस्ता कुरामा ध्यान दिएनन्। सपना मात्रै बाँडे, घोषणा मात्रै गरे। दलहरूमा जवाफदेहिता नहुँदा 'सपनाको संग्रह'जस्तो घोषणापत्र ल्याउने प्रवृत्ति बढ्यो।

● **प्रदीप ज्ञवाली,** उपमहासचिव, एमाले



पाँचै वर्ष सरकार चलाउन पाएको भए अधिकांश घोषणा पूरा हुन्थे

● **जीवन परियार,** सहमहामन्त्री, कांग्रेस



संकल्पअनुसार काम गर्न समय नै पाएनौं, यो सरकार विशिष्ट परिस्थितिको हो

**कृष्ण रिजाल**/नयाँ पत्रिका

ठूला दलहरूले ०७४ को आमनिर्वाचनमा गरेका प्रमुख प्रतिबद्धता अधिकांश पूरा भएका छैनन्। कतिपय घोषणाको त प्रारम्भिक कामसमेत हुन सकेको छैन। आगामी ४ मंसिरमा हुने निर्वाचनको घोषणापत्रमा तिनै प्रतिबद्धता पुनः समावेश गर्ने तयारीमा दलहरू छन्।

०७४ मा तत्कालीन वामगठबन्धन (एमाले र माओवादी) र कांग्रेसले पूर्व-पश्चिम तथा उत्तर-दक्षिण रेलमार्ग, काठमाडौं-तराई मधेस द्रुतमार्ग

» पृष्ठ ११ मा क्रमशः

## ■ वाम गठबन्धन (एमाले-माओवादी) तथा कांग्रेसका प्रमुख चुनावी घोषणा र प्रगति

### पूर्व-पश्चिम रेलमार्ग निर्माण

**वामगठबन्धन** : पाँच वर्षमा पूर्व-पश्चिम राजमार्ग, पूर्व-पश्चिम औद्योगिक करिडोर राजमार्ग, मध्यपहाडी पुष्पलाल राजमार्गका समानान्तर तीव्र गतिका विद्युतीय रेलमार्ग सञ्चालन गरिने।

**कांग्रेस** : पाँच वर्षभित्रमा पूर्व-पश्चिम रेलमार्गको कम्तीमा दुई सय किलोमिटर खण्ड निर्माण सम्पन्न गरिने।

**अवस्था** **पूर्व-पश्चिम विद्युतीय रेलमार्ग (नौ सय ४५ किमि)को डिपिआर तयार भई बर्दिबास-निजगढ खण्डमा करिब ५० किमि ट्र्याक बेड निर्माण।**

### काठमाडौं-तराई मधेस द्रुतमार्ग

**वामगठबन्धन** : काठमाडौं-तराई द्रुतमार्ग चार वर्षभित्र निर्माण गरिने।

**कांग्रेस** : पाँच वर्षभित्रमा काठमाडौं-निजगढ द्रुतमार्ग निर्माण सम्पन्न गरिने।

**अवस्था** **राष्ट्रिय गौरवको काठमाडौं-तराई मधेस द्रुतमार्गको भौतिक प्रगति करिब २१ प्रतिशत र वित्तीय प्रगति २० प्रतिशत मात्रै छ।**

### जलविद्युत् उत्पादन

**वामगठबन्धन** : १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहोर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट २० हजार मेगावाट विद्युत् उत्पादन गरिने।

**कांग्रेस** : आगामी पाँच वर्षभित्रमा कुल पाँच हजार मेगावाट जलविद्युत् उत्पादन गरिने।

**अवस्था** **विद्युत्को कुल जडित क्षमता दुई हजार दुई सय पाँच मेगावाट पुगेको छ। ०७४ मा विद्युत् उत्पादन एक हजार ४५ मेगावाट थियो।**

### ■ गरिबी अन्त्य



**वामगठबन्धन** : पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनतालाई त्यसबाट मुक्त गरिने।

**कांग्रेस** : १० वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको अंश तीन प्रतिशतभन्दा मुनि ल्याउन दृढ संकल्प।

**अवस्था** **निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.६ प्रतिशत छ। कोभिडले यो दर अझ बढाएको अनुमान छ। ०७४ मा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २१.६ प्रतिशत थियो।**

### सातै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना

**वामगठबन्धन** : 'एक प्रदेश न्यूनतम एक आधुनिक औद्योगिक क्षेत्र' नीतिअनुरूप सबै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गरिने। विद्यमान औद्योगिक क्षेत्रहरूलाई आधुनिकीकरण गरिने। दश वर्षभित्रमा दश लाख व्यक्तिले रोजगारी प्राप्त गर्ने गरी उद्योगहरू स्थापना गरिने। लगानीकर्ताका लागि उद्योग स्थापना भएको पाँच वर्षसम्म विद्युत्, पानी र करमा विशेष छुट दिइने।

**कांग्रेस** : प्रत्येक प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र तोकी पूर्वाधारको विकास गरिने। निर्यात प्रवर्द्धनका लागि प्रमुख औद्योगिक क्षेत्रहरूभित्रै सुक्खा बन्दरगाह निर्माण र सञ्चालन गरिने। व्यापक निर्यात प्रवाह अभिवृद्धि गर्दै आयात व्यवस्थापनलाई चुस्त बनाइने।

**अवस्था** **सातै प्रदेशमा शिलान्यास पनि भयो। तर, कुनै पनि औद्योगिक क्षेत्र निर्माण सुरु भएनन्। नयाँ औद्योगिक क्षेत्र पनि थपिएनन्।**

### खाद्यान्न र तरकारीमा आत्मनिर्भर

**वामगठबन्धन** : दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न तथा माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइने। पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुर्‍याउने। सबैका लागि खाद्य पोषण सुरक्षा प्रत्याभूत गरिने।

**कांग्रेस** : पाँच वर्षभित्रमा नेपाललाई मासु, माछा, दुग्ध-पदार्थ, फलफूल, मह, स्याउ, च्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यातकर्ता मुलुकका रूपमा उभ्याइने।

**अवस्था** **तरकारी, खाद्यान्न, फलफूललगायत उपभोग्य वस्तुको आयात झन् बढेर वार्षिक आयात चार खर्ब हाराहारी पुगेको छ।**

### स्थानीय तहमा अस्पताल

**वामगठबन्धन** : हरेक गाउँपालिकाको केन्द्रमा कम्तीमा २५ तथा नगरपालिकाको केन्द्रमा ५० शय्याका सुविधासम्पन्न अस्पताल सञ्चालन गरिने। प्रत्येक वडामा आवश्यक दक्ष जनशक्ति, औषधि, उपकरण, प्रविधि र स्वास्थ्यकर्मीसहितका स्वास्थ्य चौकी र घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिने।

**कांग्रेस** : हरेक गाउँपालिकामा प्रसूति सेवासहितको १५ शय्याको अस्पताल निर्माण गरिने। सबै नगरपालिकामा आवश्यकता हेरी २५ देखि ५० शय्याको आधुनिक अस्पताल निर्माण गरिने। यी अस्पताललाई ठूला नगर, क्षेत्र, प्रदेश र केन्द्रीयस्तरका अस्पताल सेवासँग आबद्ध गरिने।

**अवस्था** **गाउँ र नगरपालिकामा अस्पताल स्थापना गर्ने प्रक्रिया अघि बढेको भए पनि निर्माण कार्य सुरु भएको छैन। केपी ओली सरकारले एकैपटक शिलान्यास गरेका अधिकांश अस्पताल अलपत्र। ०७४ मा देशभर ११६ अस्पताल रहेकोमा हाल १५४ पुगेका छन्।**

### स्मार्ट सिटी, स्याटेलाइट सिटी र आधुनिक सहर

**वामगठबन्धन** : हुलाकी राजमार्गका नयाँ स्थानमा १० वटा, पूर्व-पश्चिम राजमार्गका किनारमा थप १०-२० वटा, भित्रि तराई राजमार्गका विभिन्न स्थानमा २० वटा र मध्यपहाडी राजमार्गका तोकिएका १० स्थानमा आधुनिक सहरहरूको विकास गरिने। मर्स्याङ्दी उपत्यका, इलाम, अरुण उपत्यका, दामन, वालिङ, लुम्बिनी, जुम्ला, डडेल्धुरा, साँफेबगरलगायत स्थानमा आधुनिक नयाँ सहर निर्माण गरिने। सबै सहरका केन्द्रमा स्मार्ट सिटी विकास गरिने।

**कांग्रेस** : काठमाडौं, पोखरा, वीरगन्जजस्ता ठूला सहरहरूको जनघनत्वको भारलाई दृष्टिगत गरी 'स्याटेलाइट सिटी'हरूको विकास गरिने। विशेष

» पृष्ठ ११ मा क्रमशः

# समानुपातिकतर्फ ५४ उम्मेदवारले बुझाए जरिवाना

## प्रत्यक्ष र समानुपातिक गरेर कुल १२५ जनाले बुझाएको जरिवानाबाट उठ्यो चार करोड ३४ लाख २५ हजार राजस्व

● स्थानीय निर्वाचनमा उम्मेदवार बनेका व्यक्तिले तोकिएको अवधिभित्र निर्वाचन खर्च नबुझाएका कारण ३१ भदौमा आयोगले एक लाख २३ हजार ६२४ जनालाई जरिवाना गरेको थियो। त्यसमध्ये ४ मंसिरको संघ तथा प्रदेश निर्वाचनमा प्रत्यक्षतर्फ ७१ र समानुपातिकतर्फ ४३९ जना उम्मेदवार बनेका थिए।

● समानुपातिकतर्फ १ कात्तिकसम्म ३२ जना र शनिबारसम्म २२ जना गरी ५४ जनाले जरिवाना बुझाएका हुन्। प्रत्यक्ष र समानुपातिक गरेर कुल एक सय २५ जनाले बुझाएको जरिवानाबाट चार करोड ३४ लाख २५ हजार राजस्व उठेको समानुपातिक निर्वाचन प्रणालीका प्रवक्ता गुरु वाग्लेले बताए। 'जिल्लामा के-कतिजनाले बुझाउनुभयो आउन बाँकी छ,' उनले भने, 'सायद आइतबारसम्म आउला कि।'

**काठमाडौं**/ समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा परेका ५४ उम्मेदवारले जरिवाना बुझाएका छन्। स्थानीय तह निर्वाचन खर्च विवरण नबुझाएर जरिवानामा परेकै वेला विभिन्न दलबाट समानुपातिक बन्दसूचीमा परेका उनीहरूले निर्वाचन आयोगलाई जरिवाना

» पृष्ठ ११ मा क्रमशः

## भित्र

थारू र मुस्लिमलाई मधेसीमा राख्न सिफारिस

**तीन संवैधानिक आयोगबीच विवाद**

■ थरूहट आन्दोलनको अवमूल्यन गरियो, पहिचान मेट्न खोजियो : थारू आयोग

■ क्षेत्राधिकार बाहिर गएर संविधान मिच्ने काम भयो : मुस्लिम आयोग

पृष्ठ । ८

चिनियाँ कम्युनिस्ट पार्टीको २०औँ अधिवेशन सम्पन्न

**राष्ट्रपति सी झनै शक्तिशाली**



शनिबार सम्पन्न भेलाले पार्टी र देशमा सी जिनपिङको 'कोर पोजिसन (मूल स्थान)'लाई अनुमोदन गर्दै उनको तेस्रो कार्यकालको बाटो खुलाएको छ


पृष्ठ । ७

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

## कर्नर किक

● रवि मिश्र






## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ईन्द्रायणी चौर, पालुङ, मकवानपुर
वागमती प्रदेश, नेपाल

**अत्यावश्यक निशुल्क औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७९।०७।०६)

यस नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यक निशुल्क औषधि तथा सर्जिकल सामाग्री खरिदको लागि ई-बिडिङ प्रणालीद्धारा शिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा रीतपूर्वक पेश हुन आएका प्रस्तावहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ र सार्वजनिक खरिद नियमावली २०६४, को नियम १४७(१) बमोजिम गठित यस कार्यालयका मूल्यांकन समितिद्धारा गरिएको मूल्यांकन बमोजिम न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभाग्राही प्रस्तावदाता छनौट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ र २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ। अन्य जानकारीको लागि कार्यालयको ईमेल ठेगाना thahamunicipality@gmail.com मा लेखी पठाउन वा कार्यालयको सम्पर्क नं. ०५७-४०००६६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**तपिशल**

| सि.न. | ठेक्का/सूचना नं. | कामको विवरण | फर्मको नाम ठेगाना | कुल कबोल अङ्क (मु.अ.क. सहित) रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | Loc/medicines/01/079/80 | अत्यावश्यक निशुल्क औषधी तथा सर्जिकल सामाग्री आपूर्ति | हेल्पिङ मल्टिपर्पोज प्रा.लि., मैतिदेवी, काठ्माण्डौं। | १०१७७७३।७७ | |

प्रमुख प्रशासकीय अधिकृत

## Arjundhara Municipality
## Office Of Municipal Executive, Jhapa

**Province No.1, Nepal**

**Invitation for Online Bids**

**Date of publication: 2079/07/06 (23rd Oct 2022)**

1. The ***Arjundhara Municipality*** invites following bids under sealed quotation .

| S.N | Description of Works | Contract Identification No. | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|
| 1 | *Procurement of 80 KVA Generator for Arjundhara Municipality* | AM/SQ/GOODS/02-079/80 | 40,000/- | 1000/- |

2. Eligible Bidders may obtain further information from **Arjundhara Municipality office** ***Jhapa, Telephone number: 023-465502/023465503 email id : arjundharamun@gmail.com***
or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit non-refundable fee of Rs. 1000 in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
***For Bid Document Fee***
***Name of the Bank: NIC Asia Bank***
***Name of Office: Arjundhara Municipality Office, Jhapa***
***Office Account no.:0092050511258012 (Antarik Rajaswo Khata)***
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12PM on 2079-07-21(7th Nov 2022) Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 PM on 2079-07-21(7th Nov 2022) at the office of the **Arjundhara Municipality Office,** ***Jhapa***.Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format amounting to Rs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
***Account Details for Bid Security***
***Name of the Bank: NIC Asia Bank***
***Name of Office:Arjundhara Municipality Office***
***Office Account no.: 0092050511258018 (Darauti Khata)***
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**सेती राजमार्ग (दक्षिण खण्ड) टिकापुर-लोडे-चैनपुर सडक योजना**
साँफेबगर, अछाम

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

प्रकाशित मिति: २०७९/०७/०६ **(2022-10-23)**

यस कार्यालयबाट निम्न बमोजिम निर्माण कार्यहरुका लागि मिति २०७९/०४/११ (2022-07-27) मा नागरिक दैनिक पत्रिकामा Invitation for Bids No.: IFB-079/80-01 बमोजिम सार्वजनिक सूचना प्रकाशित गरी PPMO को e-GP System मार्फत बोलपत्र आह्वान गरिएकोमा निर्धारित म्याद भित्र पेश हुन आएका बोलपत्रहरुमध्ये निम्न बमोजिमका बोलपत्रहरु प्राविधिक प्रस्तावमा सफल भई सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव निम्न मिति, समय र स्थानमा खोलिने हुँदा उक्त ठेक्काहरुसँग सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| S.N. | Contract Identification No./Description of Works | Qualified Bidder | Financial Proposal Opening Date, Time and Place |
|---|---|---|---|
| 1 | SRRP/337011264/Works/NCB-01/079/80 Roadway Cutting and Construction of Structural Works on Thuligad-Seti River Road Section (Chainage 72+000 to 112+000), Doti District | 1. M/S PK Nirman Sewa Pvt. Ltd., Ghorahi, Dang | Date: 2079/07/18 Time: 11:00 AM Address: Seti Rajmarga (South Section) Tikapur-Lode-Chainpur Road Project, Sanphebagar, Achham |
| | | 2. M/S Rajendra Nirman Sewa Pvt. Ltd., Dhangadhi, Kailali | |
| | | 3. M/S Khadka Krishna-Dynamic JV, Bharatpur, Chitwan | |
| | | 4. M/S Baniya Nirman Sewa Pvt. Ltd., Hetauda, Makawanpur | |
| | | 5. M/S Vedanshee Infrastracture Pvt. Ltd., Budhanilkantha, Kathmandu | |
| | | 6. M/S Bandan Bhagwati Nirman Sewa Pvt. Ltd., Battisputali, Kathmandu | |
| | | 7. M/S Nepal Adarsha Nirman Company Pvt. Ltd., Kuleshwor, Kathmandu | |
| | | 8. M/S Sapana-Jaya Ma Sworgdwari JV, Hetauda, Makwanpur | |
| | | 9. M/S K.S. Construction Pvt. Ltd., Dhangadhi, Kailali | |
| | | 10. M/S Kanchharam-RA JV, Maijubahal, Kathmandu | |
| 2 | SRRP/337011264/Works/NCB-02/079/80 Roadway Cutting and Construction of Structural Works on Seti River-Gairi Gad Road Section (Chainage 112+000 to 125+000), Achham District | 1. M/S Vedanshee Infrastracture Pvt. Ltd, Budhanilkantha, Kathmandu | |
| | | 2. M/S TEDI-JBGC-UMA JV, Dhangadhi, Kailali | |
| | | 3. M/S Divya Jyoti Construction Pvt. Ltd, Neelkantha, Dhading | |
| | | 4. M/S Puspanjali-P.S. JV, Naubasta, Banke | |
| | | 5. M/S Kashyap Nirman Sewa and Suppliers, Kalanki, Kathmandu | |
| | | 6. M/S Karna Builders Pvt. Ltd, Tokha, Kathmandu | |

योजना प्रमुख


# डेंगुबाट मृत्यु हुनेको संख्या ५२ पुग्यो



**काठमाडौं**/ डेंगु संक्रमणबाट थप एकजनाको मृत्यु भएको छ। यससँगै नेपालमा हालसम्म मृत्यु हुने ५२ जना पुगेका छन्। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले शनिबार थप एकजनाको मृत्यु भएको जनाएको छ।

साउन महिनायता फैलिएको संक्रमणबाट हालसम्म ४३ हजार ६ सय ८५ जना प्रभावित भइसकेका छन्। डेंगु संक्रमण हाल देशभरि फैलिए पनि उपत्यकालगायतका केही जिल्ला अतिप्रभावित भएका छन्। सबैभन्दा धेरै प्रभावित हुनेमा काठमाडौं, ललितपुर, मकवानपुर, भक्तपुर, दाङ, चितवन, रुपन्देही, धादिङ, काभ्रेपलाञ्चोक र सुर्खेत रहेको महाशाखाले जनाएको छ।

## ■ ५४ जनामा कोभिड संक्रमण

नेपालमा शनिबार देशभर थप ५४ जनामा कोभिड संक्रमण देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको विवरणअनुसार पिसिआरबाट ४३ जनामा कोरोना पुष्टि हुँदा एन्टिजेनबाट संक्रमण शून्य छ। पछिल्लो २४ घन्टामा चार सय ३५ पिसिआर र तीन सय ६३ एन्टिजेन गरी सात सय ९८ मा कोभिड परीक्षण गरिएको थियो। यो अवधिमा ४८ जना संक्रमणमुक्त हुँदा कसैको मृत्यु भएको छैन। हाल सक्रिय संक्रमितको संख्या सात सय १६ रहेको मन्त्रालयले जानकारी दिएको छ।

# मिलन नेपाली साहसिक पत्रकारिता पुरस्कार नयाँ पत्रिकाकर्मी घिमिरेलाई

**ललितपुर**/ यो वर्षको मिलन नेपाली साहसिक पत्रकारिता पुरस्कार नयाँ पत्रिकाकर्मी शिवहरि घिमिरे र देखापढी न्युज पोर्टलकी रोजिना थापालाई प्रदान गरिएको छ। प्रेस सेन्टर नेपाल ललितपुर शाखाले शनिबार आयोजना गरेको कार्यक्रममा सेन्टरका इन्चार्ज महेश्वर दाहाल र अध्यक्ष विष्णु सापकोटा जुगलले पुरस्कार हस्तान्तरण गरेका हुन्। पुरस्कारको राशि जनही पाँच हजार एक सय रुपैयाँ रहेको छ।



द्वन्द्वकालमा राज्यद्वारा बेपत्ता पारिएका पत्रकार मिलन नेपालीको नाममा हरेक वर्ष सो पुरस्कार प्रदान गरिँदै आएको छ। यो वर्षदेखि ५१ हजारको अक्षयकोष निर्माणका लागि बेपत्ता पत्रकार नेपालीकी श्रीमती सविता बस्नेतले शनिबार ४१ हजार रकम हस्तान्तरण गरेकी छिन्।

## शनिबार उपत्यकामा

**विमानस्थल** : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रवेशद्वारबाट भन्सार छली ल्याएको ७० ग्राम सुनसहित दाङ तुल्सीपुर उमनपा-४ का ३८ वर्षीय दलबहादुर डाँगीलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ। कतार एयरवेजको उडान हुँदै उनी कतारबाट काठमाडौं आएका थिए। जाँच गर्ने क्रममा उनको साथबाट सुन बरामद भएको प्रहरीले जानकारी दिएको छ। विमानस्थलको गेटबाटै प्रहरीले रोल्पा सुनील स्मृति गापा-१ का ३५ वर्षीय हरिप्रसाद शर्मासहित चारजनालाई पनि प्रहरीले दुई सय ग्राम सुनसहित पक्राउ गरेको छ। महोत्तरी जलेश्वर नपा-७ का ३३ वर्षीय जमुना महतोसहित तीनजनाबाट पनि प्रहरीले सोही गेटबाट एक सय ५० ग्राम सुन बरामद गरेको छ।

**कागेश्वरी मनोहरा** : कागेश्वरी मनोहरा नपा-७, कुवाटोलस्थित टहराबाट पक्राउ परेका नौ जुवाडेविरुद्ध अदालतले १० दिनको म्याद थप गरेको छ। प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई बिहीबार पक्राउ गरेको थियो। जिल्ला अदालत काठमाडौंबाट उनीहरूविरुद्ध शुक्रबार १० दिनको म्याद थप गरेको हो। प्रहरीका अनुसार काभ्रे पाँचखाल-१ का ३७ वर्षीय सुरज तामाङले टहरोभित्र जुवा खेलाइरहेका थिए। स्थानीय महिला समूहको सुराकीपछि प्रहरीले जुवाखालमा छापा मारेको थियो। खालबाट प्रहरीले एक लाख एक हजार नौ सय रुपैयाँसहित १६ थान कौडा बरामद गरेको छ। पक्राउ परेकाहरूलाई प्रहरी वृत्त बौद्धको हिरासतमा राखिएको छ। सुरज पेसेवर जुवाडे हुन्। उनीहरूलाई छुटाउन स्थानीय राजनीतिक दलबाट दबाब आइरहेको प्रहरीले जानकारी दिएको छ।


## Myagang Rural Municipality
## Office of Rural Municipal Executive

**Deurali, Nuwakot**

**Date of publication: 2079/07/06 (23 Oct 2022)**

Myagang Rural Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

| S. N | Contract Identification No. | Description Of Works | Estimated rate inclusive VAT and PS(NRs) | Cost of Bidding Document (NRs) | Bid Security (NRs) | Last date of bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | MRM/NCB/Com/2079/80/04 | Myagang Ga.Pa. Karlaya Compound Nirman Myagang-3 | 65,02,344.77/- | 3000/- | 2,80,000/- | 2022/11/22 ( 12:00 pm) | 2022/11/22 (1:00 pm ) |

**Invitation for online Bids**

## *Beldandi Rural Municipality*
## *Office of the rural municipal executive*

***Beldandi Kanchanpur***

**Invitation for Bids No: BRM/2079/80/Works/NCB-05**

**Date of publication: 2079/07/06**

**Name of the Project:Construction of RCC road from Khairighat to Beldandi Bazar, ward no.01, Beldandi Kanchanpur**.

1. ***Beldandi rural municipality, Office of the rural municipal executive,Beldandi, Kanchanpur*** invites electronic bids from eligible bidders for the construction of ***RCC road from Khairighat to Beldandi Bazar,ward no.01, Beldandi Kanchanpur*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 51,757,652.00***
   - Minimum Work experience of similar size and nature: **at least One (1) Contract within the last ten (10) years, with a value of at least NRs. 13,802,040.00**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Beldandi Rural Municipality, Office of the rural municipal executive,Beldandi Kanchanpur, telephone number 9858731111 and email address beldandirm12@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : NMB Bank Name of Office : Beldandi rural municipality
   Office Code no. : ………………………….Office Account no. : 1180067400500015
   Rajaswa (revenue) Shirshak no. :…………………………………..
5. Pre-bid meeting shall be held at ***Beldandi Rural municipality, Office of the Rural Municipal executive, Beldandi kanchanpur*** at ***13:00 on 2079/07/23.***[1]
6. Sealed or electronic bids must be submitted to the office **Beldandi Rural Municipality,Office of the rural municipal executive, Beldandi Kanchanpur** through PPMO 's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** pm on ***2079/08/06.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 on 2079/08/06*** at the office of ***Beldandi rural Municipality, Office of the rural municipal executive, Beldandi Kanchanpur***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **NRs. *900,000*** which shall be valid for 30 days beyond the validity period of the bid ***i.e.March 24 2023.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief administrative Officer**

## थारू र मुस्लिमलाई मधेसीमा राख्न सिफारिस

# तीन संवैधानिक आयोगबीच विवाद

### थरूहट आन्दोलनको अवमूल्यन गरियो, पहिचान मेट्न खोजियो : थारू आयोग

### क्षेत्राधिकार बाहिर गएर संविधान मिच्ने काम भयो : मुस्लिम आयोग

**यम बम**/नयाँ पत्रिका



● **विजयकुमार दत्त**, अध्यक्ष, मधेसी आयोग

मधेसीमा थारू, मुस्लिमले मधेसी क्लस्टरमा आरक्षण लिइरहेका छन् । उहाँहरू (थारू र मुस्लिम)को छुट्टै क्लस्टर नभएर तत्कालका लागि मधेसीमा सूचीकरणका लागि सिफारिस गरिएको हो ।



● **महमदिन अली**, कार्यवाहक अध्यक्ष, मुस्लिम आयोग

संविधान जारी भइसकेपछि निजामती सेवा ऐन पनि सोहीअनुसार आउनुपर्ने हो । तर, निजामती सेवा ऐन पनि नआएको र पुरानै व्यवस्था लागू रहेका वेला मधेसी आयोगलेफेरि ०६५ को अन्तरिम व्यवस्थाका लागि सिफारिस गर्न मिल्दैन । केही मान्छेको निहित स्वार्थका कारण यस्तो सिफारिस भएको ठानेका छौं ।



● **विष्णु चौधरी** अध्यक्ष, थारू आयोग

निर्वाचनमा थारू र मुस्लिमको छुट्टै क्लस्टर कायम भइसकेको छ, नयाँ संविधानअनुसार निजामती सेवा ऐन जारी हुन नसक्दा मात्र लोकसेवातर्फ अन्तरिम (०६४ मा निजामती सेवा ऐनमा भएको संशोधनअनुसार आरक्षणको सुविधा छ । तर, मधेसी आयोगले थरुहट आन्दोलनको पहिचान मेटाउने गरी थारूलाई मधेसीमा राख्न सिफारिस गरेको छ, हामी (थारू) मधेसी होइनौं, हाम्रो छुट्टै पहिचान छ ।

संवैधानिक व्यवस्थाविपरीत मधेसी आयोगले थारू र मुस्लिमलाई पनि मधेसीमै सूचीकृत गर्न सिफारिस गरिएपछि तीन आयोगबीच लफडा भएको छ । थारू आयोगले थरुहट आन्दोलनको अवमूल्यन भएको र थारूको पहिचान नै मेट्न खोजेको आरोप लगाएको छ भने मुस्लिम आयोगले संविधान मिचिएको भन्दै आपत्ति जनाएको छ ।

नेपालको संविधान, २०७२ ले थारू, मुस्लिमसहित आठ क्लस्टरलाई 'समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक' रहने व्यवस्था गरेको छ । तर, मधेसी आयोगले ३१ असोजमा राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत सरकारलाई आफ्नो वार्षिक प्रतिवेदन बुझाउँदै यी दुई जातलाई पनि मधेसीमा सूचीकृत गर्न भनेको छ ।

निर्वाचन आयोग ऐनअन्तर्गत रहेको प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ ले समानुपातिकतर्फ दलहरूले उम्मेदवार मनोनयन गरेर बन्दसूची निर्वाचन आयोगमा पेस गर्दा थारूलाई ६.६ र मुस्लिमलाई ४.४ प्रतिशत आरक्षणको व्यवस्था गरिसकेकामा मधेसी आयोगले क्षेत्राधिकार मिचेर अन्तरिम संविधान, २०६४ को व्यवस्था नै कार्यान्वयनका लागि सिफारिस गरेको हो ।









नेपालमा अन्तरिम संविधान, २०६४ मा आरक्षणको व्यवस्था गर्दा तत्कालीन अवस्थामा थारू र मुस्लिमलाई पनि मधेसीमा राखेर २२ प्रतिशत आरक्षणको व्यवस्था गरिएको थियो । लोकसेवामार्फत हुने पदपूर्तिमा हाल पनि सोही व्यवस्था कार्यान्वयनमा छ । तर, निर्वाचनको समानुपातिकतर्फ मधेसीको आरक्षण २२ प्रतिशतबाट घटाएर १५.३ प्रतिशत कायम गर्दै थारू र मुस्लिमलाई छुट्टै क्लस्टरको व्यवस्था गरिएकामा मधेसी आयोगको सिफारिसले थारू र मुस्लिम आयोगले आपत्ति जनाएका हुन् । थारू आयोगले त विज्ञप्ति नै जारी गरेर विरोध जनाएको छ ।

'निर्वाचनमा थारू र मुस्लिमको छुट्टै क्लस्टर कायम भइसकेको छ, नयाँ संविधानअनुसार निजामती सेवा ऐन जारी हुन नसक्दा मात्र लोकसेवातर्फ अन्तरिम (०६४ मा निजामती सेवा ऐनमा भएको संशोधनअनुसार आरक्षणको सुविधा छ,' थारू आयोगका अध्यक्ष विष्णु चौधरीले भने, 'तर, मधेसी आयोगले थरुहट आन्दोलनको पहिचान मेटाउने गरी थारूलाई मधेसीमा राख्न सिफारिस गरेको छ, हामी (थारू) मधेसी होइनौं, हाम्रो छुट्टै पहिचान छ ।'

थारूलाई छुट्टै क्लस्टरको माग गर्दै थारू कल्याणकारिणी सभा त पटक-पटक सर्वोच्च अदालत जाँदै आएको छ । हाल थारूले मधेस प्रदेशका हकमा मधेसी र अन्य प्रदेशका हकमा आदिवासी-जनजाति कोटाबाट आरक्षण पाउने गरेका छन् ।

मधेसी आयोगले भने 'नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ माथि टेकेर थारू र मुस्लिमलाई पनि मधेसीमा सूचीकरण गर्न सिफारिस गरिएको तर्क गरेको छ । 'मधेसीमा थारू, मुस्लिमले मधेसी क्लस्टरमा आरक्षण लिइरहेका छन् । उहाँहरू (थारू र मुस्लिम)को छुट्टै क्लस्टर नभएर तत्कालका लागि मधेसीमा सूचीकरणका लागि सिफारिस गरिएको हो,' मधेसी आयोगका विजयकुमार दत्तले भने ।

थारू र मुस्लिमलाई मधेसीमा सूचीकरण नगर्ने हो भने मधेसका आठ प्रदेशमा रहेका थारू र मुस्लिम समुदायलाई ती आयोगले विश्वास दिलाउन सक्नुपर्ने उनको भनाइ छ । 'उहाँहरूले विज्ञप्ति निकालेमा हामीलाई फाइदा नै हुन्छ । हामीले के भन्दिन्छौं भने थारू र मुस्लिमलाई आरक्षणका लागि मधेसी आयोगले सिफारिस गर्न सक्दैन,' अध्यक्ष दत्तले भने ।

नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ मा थारू र मुस्लिम आयोगको पनि सहमतिका आधारमा सार्वजनिक गरिए पनि अहिले ती आयोग लहडमा लागेको दत्तको भनाइ छ ।

तर, मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमदिन अली संविधानले नै मुस्लिमलाई छुट्टै क्लस्टरको व्यवस्था गरिसकेको अवस्थामा फेरि मधेसीमा राख्ने गरी मुस्लिम आयोगले सहमति जनाउनै नसक्ने बताए । 'थारू र मुस्मिललाई मधेसीमा राख्न सिफारिस गर्न मुस्लिम आयोगको क्षेत्राधिकार नै छैन, घोर आपत्ति छ,' उनले भने, 'यदि सिफारिस भएको हो भने किन भनेर सोध्नेछौं ।'

०६५ मा सरकारले थारू र मुस्लिमलाई पनि मधेसीमा समावेश गरेको आधार देखाउँदै मधेसी आायोगले थारू र मुस्लिम मधेसीको सूचीमा राख्न भनेको दाबी गरेको छ । अन्तरिम संविधानमा आरक्षणको व्यवस्था गर्दा थारू र मुस्लिमलाई मधेसीमा राखेपछि यी दुवै समुदायले आन्दोलन गरेका थिए । सोही आन्दोलनका बीच सरकारसँग ०६५ मा सम्झौता भएको थियो- अन्तरिम अवस्थामा यही व्यवस्थालाई कायम रहन दिने । तर, नयाँ संविधानमा छुट्टै क्लस्टर कायम गर्ने ।

सोहीअनुसार ०७२ को संविधानमा मुस्लिम र थारूलाई छुट्टै क्लस्टरको व्यवस्था गरिएको थियो । 'संविधान जारी भइसकेपछि निजामती सेवा ऐन पनि सोहीअनुसार आउनुपर्ने हो । तर, निजामती सेवा ऐन पनि नआएको र पुरानै व्यवस्था लागू रहेका वेला मधेसी आयोगले फेरि ०६५ को अन्तरिम व्यवस्थाका लागि सिफारिस गर्न मिल्दैन,' कार्यवाहक अध्यक्ष अलीले भने, 'केही मान्छेको निहित स्वार्थका कारण यस्तो सिफारिस भएको ठानेका छौं ।'

थारू आयोगका अध्यक्ष चौधरी प्रदेशमा निजामती सेवा ऐनमार्फत थारूलाई छुट्टै क्लस्टरको व्यवस्था हुन थालिसकेकामा संघ पछि फर्कन नमिल्ने बताए । 'थारूको अलग पहिचान छ, मधेसी भनेर कहिल्यै पनि स्वीकार गरेका छैनन् । भाषा, संस्कृतिका आधारमा पहिचान छुट्टिन्छ ।' आदिवासी-जनजाति, थारू, मधेसी र मुस्लिम आयोग पनि ०७२ को संविधानपछि कार्यान्वयनमा आएका हुन् ।

### आयोगलाई शीर्ष नेतादेखि मन्त्रीसम्मको जवाफ

# आरोप अस्वीकार, मतदाता प्रभावित नपारेको दाबी

**नयाँ पत्रिका**

निर्वाचन आचारसंहिता उल्लंघनमा स्पष्टीकरण सोधिएका दलका शीर्ष नेतादेखि मन्त्रीसम्मले आरोप अस्वीकार गरेका छन् । हालसम्म ५१ वटा स्पष्टीकरण सोधेको आयोगलाई ३० वटाभन्दा बढी जवाफ आइसकेको छ । जवाफ बुझाउनेमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, विभिन्न मन्त्रालय, कर्मचारीदेखि संघ सरकारका मन्त्रीसम्म छन् ।

स्पष्टीकरणको जवाफमा उनीहरूले आफूमाथि लगाइएको आरोप अस्वीकार गर्दै मतदाता प्रभावित पार्ने कुनै कार्य नगरेको दाबी गरेका छन् । गोरखा २ मा उम्मेदवारी दर्ता गर्न जाँदा पञ्चेबाजा बजाएर जुलुस निकालेको भन्दै स्पष्टीकरण सोधिएका प्रचण्डले स्थानीयहरू स्वतस्फूर्त रूपमा भएको सो विषयमा पार्टी र आफूलाई जानकारी नभएको र यस सम्बन्धमा कुनै योजना, निर्देशन र अनुरोध नगरिएको दाबी गरेका छन् ।

त्यस्तै, फ्री भिसा फ्री टिकटमा वैदेशिक रोजगारी पठाइदिने अभिव्यक्तिलाई लिएर स्पष्टीकरण तथा निर्वाचन (कसुर सजाय) ऐनअन्तर्गत अनुसन्धानका लागि पत्र काटिएका एकीकृत समाजवादीका अध्यक्ष नेपालले पनि आरोप अस्वीकार गरेका छन् । चर्को विरोध भएपछि प्रहरीलाई लेखिएको पत्र आयोगमै रोकिएको छ ।



स्पष्टीकरण सोधिएका अन्य व्यक्ति र संस्थाको पनि अस्वीकार गरिएका जवाफ आएको छ । आयोगले थप जाँचबुझ गरेर आवश्यक कारबाही अघि बढाउनेछ ।

● **शालिग्राम शर्मा पौडेल**, प्रवक्ता, निर्वाचन आयोग

नेपालले निर्वाचनको सिलसिलामा आफूले मतदातालाई कुनै किसिमको प्रभाव पार्ने कार्य नगरेको जवाफमा लेखेका छन् । 'कुनै किसिमले लोभलालच देखाउने वा आर्थिक प्रलोभन देखाउने कुनै काम गरेको छैन । पत्रमा भनिएजस्तो अभिव्यक्ति मैले दिएको छैन,' उनको स्पष्टीकरण छ । तर, उनले रौतहट १ मा आयोजित कार्यक्रममा स्थानीय भाषामा 'फ्री का मतलब विनाढेउवा के । विनाढेउवा के भिसा मिल्ते हैं, टिकट मिल्ते हैं, काठमाडौंमे तालिम मिल्ते हैं' भनी अभिव्यक्ति दिएका थिए । आयोगलाई सहरी विकासमन्त्री मेटमणि चौधरीले पनि जवाफ बुझाएका छन् । दाङ १ का उम्मेदवार चौधरीले आफ्नो क्षेत्रमा बाढीपीडितलाई चामलसहित राहत सामग्री बाँडेका थिए । मतदाता प्रभावित पार्ने उद्देश्यले चामल बाँडेको भन्दै स्पष्टीकरणमा परेपछि चौधरीले यो राज्यको दायित्व भएको जवाफ दिएका छन् ।

१७ असोजदेखि एक सातासम्म आएको अविरल वर्षाले दाङ १ अन्तर्गत लमही नगरपालिका राजपुर, गढुँवा, राप्ती गाउँपालिका र साथै घोराही उपमहानगर १, २, ३ र ५ नम्बर वडामा भएको डुबान र घरमा पुर्‍याएको क्षतिले घरमा चुलो बाल्नसमेत समस्या उत्पन्न भएको, घरमा भएको भाँडाकुँडा, चामल बाढीले बगाएको तथा राज्य र अभिभावक भएको महसुस पीडितहरूले गर्न पाएको स्मरण गराउँदै मन्त्री चौधरीले दैनिक रूपमा खाने समस्यालाई लिएर अधिकतम पीडित जनताहरूको मागलाई सम्बोधन गर्नु राज्यको दायित्व भएको उल्लेख गरेका छन् ।

स्पष्टीकरण सोधिएका अन्य व्यक्ति र संस्थाको पनि अस्वीकार गरिएका जवाफ आएको भन्दै आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले त्यसमा आयोगले थप जाँचबुझ गरेर आवश्यक कारबाही अघि बढाउने बताए । १२ असोजदेखि आचारसंहिता लागू गरेको आयोगले आन्तरिक अनुगमन तथा आएका उजुरी र सूचनाका आधारमा दलका उम्मेदवार, शिक्षक, कर्मचारी, म्यानपावर कम्पनी, संघ तथा प्रदेश सरकार तथा मन्त्रालय, मन्त्रीहरूलाई स्पष्टीकरण सोधेको छ ।

### ■ बबईमा नुहाउन गएका दुई बालिका बेपत्ता

**दाङ**/ बबई नदीमा नुहाउन गएका दुई किशोरी डुबेर बेपत्ता भएका छन् । इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक पर्वत केसीका अनुसार शनिबार दिउँसो पौने २ बजेतिर नदीमा नुहाउन गएका दंगीशरण गाउँपालिका- २ सिमलकुनाकी अन्दाजी १५-१६ वर्षीया रमा शाही र सल्यान दमाचौर घर भई दंगीशरण-२ स्थित मामाघर आएकी अन्दाजी १४-१५ वर्षीया गोमा चन्द बगेर बेपत्ता भएका हुन् । तुलसीपुर उपमहानगरपालिका- ११ र दंगीशरण गाउँपालिका- २ को सिमानामा पर्ने सोही क्षेत्रमा नुहाउन तीनजना किशोरी गएका थिए ।

### ■ सीमानाका व्यवस्थापन गरिनेछ : गृहमन्त्री

**भैरहवा**/ गृहमन्त्री बालकृष्ण खाणले हवाई तथा स्थल नाकाहरू व्यवस्थित गर्न सरकार लागिपरेको बताएका छन् । सुरक्षा, पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिविधि चलायमान गराउन पनि नाका व्यवस्थित गर्न जरुरी रहेको उनको भनाइ छ । रुपन्देही ३ बाट प्रतिनिधिसभा उम्मेदवार खाणले भैरहवामा आयोजित कार्यक्रममा हवाई तथा स्थल नाका व्यवस्थित नहुँदा मुलुकको आन्तरिक सुरक्षा र मित्रराष्ट्र छिमेकी मुलुकहरूविरुद्ध नेपाली भूमि प्रयोग गरेर हुन सक्ने गतिविधि रोक्न नाका व्यवस्थित गर्नुपर्ने जरुरी रहेको बताए । 'मुलुकको आन्तरिक सुरक्षाको साथै छिमेकी मुलुकविरुद्ध नेपालको भूमि प्रयोग गरेर कुनै प्रकारको गतिविधि रोक्न पनि नाका व्यवस्थित गर्नुपर्नेछ । यसतर्फ सरकार लागिरहेको छ,' उनले भने, 'निर्वाचनलगत्तै सबै सीमानाका व्यवस्थित गर्ने काम सुरु हुन्छ ।'

■ पौडेलको चुनावी नारा

### रूपान्तरणको आधार सुशासन र सदाचार, अहँ ! भ्रष्टाचार



**काठमाडौं**/ काठमाडौं ५ मा कांग्रेस उम्मेदवार प्रदीप पौडेलले आफ्नो चुनावी नारा सार्वजनिक गरेका छन् । पौडेलले शनिबार 'रूपान्तरणको आधार सुशासन र सदाचार, अहँ ! भ्रष्टाचार' नारा सार्वजनिक गरेका हुन् ।

उनले निर्वाचन अभियानमा भ्रष्टाचार नियन्त्रणलाई मुख्य प्राथमिकता बनाएका छन् । सार्वजनिक नाराको अन्त्यमा 'डिस्लाइक' चिह्न प्रयोग गरिएको छ । डिसलाइक चिह्नको अर्थ भ्रष्टाचारलाई डिसलाइक भन्ने रहेको पौडेलले बताए । भ्रष्टाचार गर्ने व्यक्तिलाई समाजले मन नपराउने र अहिले सामाजिक सञ्जालको दुनियाँमा इमोजीको प्रयोग बढी हुने हुँदा सामाजिक सञ्जालकै भाषामा डिसलाइक इमोजी प्रयोग गरिएको उनको भनाइ छ । पौडेलले भ्रष्टाचार नियन्त्रणका लागि राज्यको कार्यकारी भूमिकामा रहेकाहरूको अख्तियारले सम्पत्ति छानबिन गर्न पाउनुपर्नेसमेत बताउँदै आएका छन् । 'सुझबुझसहितको निष्ठा, इमानदारिता र जवाफदेहिताको राजनीतिले मात्रै सुशासनको ग्यारेन्टी गर्न सक्छ र देश र नागरिकका तमाम समस्यालाई पार लगाउन सक्छ,' पौडेलले भने, 'मुलुकको आर्थिक, सामाजिक तथा राजनीतिक संस्कारको सकारात्मक रूपान्तरणका लागि सुशासन र सदाचार आधारभूत सर्त हो ।'

उनले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि 'बिसिडी' मोडल अघि सारेका छन् । 'बी' अर्थात् ब्रेनड्रेनको समस्या समाधान, 'सी' अर्थात् करप्सन (भ्रष्टाचार) अन्त्य गर्ने नेतृत्व गर्ने र अन्तिम मोडल अर्थात् 'डी' डेभलपमेन्ट (विकास) र यसको व्यवस्थापन गरी व्यवस्थित ढंगबाट कम खर्चमा धेरै उपलब्धि हासिल गर्ने योजना रहेको उनले बताए ।









नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन भक्तपुर

आर्थिक प्रस्ताव खोल्ने सूचना

यस डिभिजनको मिति २०७९/३/१५ गतेको सूचना अनुसार पर्न आएका प्रस्तावहरुमध्ये निम्न बोलपत्रहरु प्राविधिक मुल्याङ्कनमा सफल भएकोले मिति २०७९/७/१६ गते दिनको १३:०० बजे आर्थिक प्रस्ताव खोलिने सम्बन्धमा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| ठेक्का नं. DROBKT/33701169/078/79-33 | |
| 1 | Naba Janukadevi Construction & Suppliers Pvt. Ltd, Rasuwa |
| 2 | Shailendra & Sons Construction, Kathmandu |
| 3 | Kaushil Basnet Nirman Sewa (P) Ltd., Kathmandu |
| ठेक्का नं. DROBKT/33701169/078/79-34 | |
| 1 | Shailendra & Sons Construction, Kathmandu |
| 2 | Naba Janukadevi Construction and Suppliers Pvt. Ltd, Rasuwa |
| 3 | Samjhana-Nation J.V, Lalitpur |
| ठेक्का नं. DROBKT/33701138/078/79-35 | |
| 1 | Saptapath Nirman Company Pvt.Ltd, Lalitpur |

डिभिजन प्रमुख

# विराटनगर र जनकपुरमा सत्तागठबन्धनको संयुक्त भेला

विराटनगरमा **गणेश लम्साल**






**मैले हँसिया–हथौडामा भोट हालिसकेँ, तपाईंहरूले हिचकिचाउनुपर्ने कुनै कारण छैन** : देउवा



**यो १२ बुँदे सहमतिको पक्षपातीहरूको गठबन्धन हो। ४ मंसिरमा ठूलो संग्राम हुँदै छ** : प्रचण्ड



**बेठीक मान्छेको हातमा पुगेको देशलाई संकटबाट बचाउन हामीले जोखिम लिएका हौँ** : नेपाल

सत्तागठबन्धनको प्रदेशस्तरीय संयुक्त भेला शनिबार विराटनगर र जनकपुरमा सम्पन्न भएको छ। भेलामा गठबन्धनका तीन दल कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका शीर्ष नेताले सम्बोधन गरेका थिए।

प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकताबद्ध भएर भोट हाल्न आग्रह गरे। देउवाले माओवादीको हँसिया-हथौडा चुनाव चिह्न, कलम वा अन्य गठबन्धनका चुनाव चिह्नको प्रचार गरे। 'मैले हँसिया-हथौडामा भोट हालिसकेँ, तपाईंहरूले हिचकिचाउनुपर्ने कुनै कारण छैन,' उनले भने।

माओवादी अध्यक्ष प्रचण्डले अहिलेको निर्वाचन संग्राम भएको भन्दै भोट नदिए संविधान र गणतन्त्र धरापमा पर्न सक्ने बताए। 'यो गठबन्धन १२ बुँदे सहमतिको पक्षपातीहरूको गठबन्धन हो। अर्को गठबन्धन गोरुगाडावालाको गठबन्धन हो,' उनले भने, 'त्यसकारण ४ मंसिरमा एउटा ठूलो संग्राम हुँदै छ।' एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफूले लगाएको गुन तिर्न भोट दिनुपर्नेमा जोड दिए। 'बेठिक मान्छेको हातबाट सत्ता खोस्न हामीले धेरै ठूलो त्याग गरेका छौँ, त्यसको गुन तिर्न पनि हामीलाई भोट हाल्नैपर्छ,' नेपालले भने, 'बेठिक मान्छेको हातमा पुगेको देशलाई संकटबाट बचाउन हामीले जोखिम लिएका हौँ।'

कांग्रेस नेता रामचन्द्र पौडेलले सत्तागठबन्धन चुनाव जित्न र सत्ता पाउन मात्रै नभएको बताए। पूर्वराजा ज्ञानेन्द्र र केपी ओलीको सहकार्य भएको आशंका गर्दै उनले कोतपर्व र भण्डारखाल पर्व मच्चाउनेले लोकतन्त्र आएपछि केही भएको छैन भनेर प्रचार गरेको बताए।

कांग्रेसका अर्का नेता कृष्णप्रसाद सिटौलाले माओवादीको दुईतिहाइ जनमत भएको रुकुम-रोल्पामा समेत कांग्रेसलाई भोट हाल्न तयार भएको भन्दै प्रदेश १ मा पनि कांग्रेसले माओवादीलाई भोट हाल्नुपर्ने बताए। कांग्रेस नेता डा. शेखर कोइरालाले आफ्नै निर्वाचन क्षेत्रमा भएको गठबन्धनको संयुक्त कार्यक्रममा शीर्ष नेताहरू आउनु आफ्नाका लागि खुसीको कुरा भएको बताए।

## लोकतन्त्र बचाउन गठबन्धनलाई जिताउन आग्रह

शनिबार जनकपुरधाममा आयोजित भेलामा प्रधानमन्त्री देउवाले आफ्नो नेतृत्वको सरकारले नागरिकतासम्बन्धी विधेयक संसद्बाट पारित गरे पनि राष्ट्रपतिका कारण कानुन बन्न नसकेको बताए। उनले मधेसविरोधी शक्तिलाई पहिचान गरी मतदान गर्न आग्रह गरे।

माओवादी अध्यक्ष प्रचण्डले यताउति नहेरी गठबन्धनका उम्मेदवारहरूलाई जिताउन आग्रह गरे। अहिले टिकट नपाएकाहरूलाई भविष्यमा धेरै अवसर मिल्ने भन्दै उनले गठबन्धन विजयी बनाउने अभियानमा सहभागी हुन आग्रह गरे।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले एमाले अध्यक्ष केपी ओली गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका विरोधी भएको आरोप लगाए। उनले ओलीको पछि नलाग्न मधेसी जनतालाई आग्रह गरे।

## Invitation for Bids

## Mahalaxmi Municipality

### Office of the Municipal Executive

Kamalpokhari, Lalitpur
Bagmati Province, Nepal

### Invitation for Bids for the Following Mentioned Work

**Date of publication: 2079/07/06**

1. Mahalaxmi Municipality, Kamalpokhari, Lalitpur invites electronic bids from eligible bidders for the construction of Under Mentioned Works:
**Under National Competitive Bidding – Single Stage, Two Envelope Bidding procedures.**

| S. N. | Contract ID | Description of Project | Key Qualification (without VAT) | | Bid Security Amount (Rs) | Cost of the Bidding Document (Rs) | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | Mahalaxmi/ WNCB/ 01/079/80 | Upgrading and Blacktop Work at Lubhu Khola Dhungekot Nepal Chaur road | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Rs. 3,06,00,000.00 | Rs. 5,70,000.00 | Rs. 5,000.0 | 90 Days |
| | | | Minimum Work experience of similar size and nature | One project with minimum value of Rs. 1,64,00,000.00 | | | |
| 2 | Mahalaxmi/ W/NCB/ 03/079/80 | Upgrading and Blacktop works at Ghafal – Police Station to Khanepani Road | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Rs. 2,92,00,000.00 | Rs. 5,44,000.00 | Rs. 5,000.00 | 90 Days |
| | | | Minimum Work experience of similar size and nature | One project with minimum value of Rs. 1,56,00,000.00 | | | |
| 3 | Mahalaxmi/ W/NCB/ 04/079/80 | Upgrading and Blacktop works at Lubhu Jagga Bikash road (Ward no 8) | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Rs. 4,08,00,000.00 | Rs. 7,60,000.00 | Rs. 5,000.00 | 90 Days |
| | | | Minimum Work experience of similar size and nature | One project with minimum value of Rs. 2,18,00,000.00 | | | |
| 4 | Mahalaxmi/ W/NCB/ 05/079/80 | Upgrading and Blacktop works at Lubhu Town Planning to Sirutar road | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Rs. 4,62,00,000.00 | Rs. 8,60,000.00 | Rs. 5,000.00 | 90 Days |
| | | | Minimum Work experience of similar size and nature | One project with minimum value of Rs. 2,46,50,000.00 | | | |

- Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

a. **Under National Competitive Bidding – Single Stage, Single Envelope Bidding procedures.**

| S. N. | Contract ID | Description Of Works | Estimate Amount ( Without VAT& PS) | Bid Security Amount | Cost of the Bidding Document | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Mahalaxmi/W/ NCB/02/078/79 | Blacktop works at Gangatar Road (Ward no 9) | Rs. 45,59,867.43 | Rs. 1,35,000.00 | Rs. 3,000.00 | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mahalaxmi Municipality, Kamalpokhari, Lalitpur, mahalaxmimun@gmail.com, 01-5203592 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non refundable fee mentioned above as per the project of the bidding Document till 30 days during office hour ,in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank .
**Information to deposit the cost of bidding document in Bank:**
For Bid Document Purchase Purpose (Rajasho Khata)
Name of the Bank : NIC Asia Bank Ltd. Name of Office : GA-1.1, Mahalaxmi Nagarpalika
Office Account no. : 0262050029242002
4. Pre-bid meeting shall be held at Mahalaxmi Municipality Kamalpokhari Lalitpurat 2079/07/20at 01:00 PM. Or May email the Quaries to Mahalaxmimun@gmail.com.
5. Electronic bids must be submitted to the office Mahalaxmi Municipality, Kamalpokhari, Lalitpur through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 PM on 2079/08/08. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at01:00 PM on 2079/08/08 at the office of Mahalaxmi Municipality, Kamalpokhari, Lalitpur. Bids must be valid for a period of as mentioned above as per project,after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of as mentioned above as per project which shall be valid for 30 days beyond the validity period of the bid.
For Bid Security Deposit Purpose (Dharauti Khata)
Name of the Bank : NIC Asia Bank Ltd. Name of Office : GA-3, Mahalaxmi Nagarpalika
Office Account no. : 26CA051889952407
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

CHIEF ADMINISTRATIVE OFFICER

# सत्तागठबन्धन देश बेच्न पनि तयार देखिन्छ : ओली



**काठमाडौं**/ निर्वाचन नजिकिँदै गर्दा एमाले अध्यक्ष केपी ओलीले सत्तागठबन्धनमाथि एकपछि अर्को आरोप लगाउन थालेका छन्। शनिबार राजधानीमा भएको कार्यक्रममा ओलीले सत्तास्वार्थका लागि सत्तारूढ पाँचदलीय गठबन्धन देश बेच्न पनि तयार देखिएको आरोप लगाए। सत्तारूढ गठबन्धनले देशको भूमि, स्वाधीनता, सार्वभौमिकता र स्वाभिमान अंशअंशमा बेच्न तयार हुन सक्ने आरोप लगाए। 'अलिकति हिस्सा बेच्छन्, अलिकति हित बेच्छन्, अलिकति स्वाधीनता, सार्वभौमसत्ता र स्वाभिमान बेच्छन्। एकैचोटि नभएर अंशअंश गरेर बेच्छन्,' ओलीले भने।

गठबन्धन सरकारले देशमा महँगी, भ्रष्टाचार बढाएको आरोप लगाए। कामचलाउ हैसितयमा पुगिसकेपछि पनि अध्यादेशमार्फत कानुन ल्याएर तनाव बढाउने, चुनावमा धाँधली गर्नेतर्फ ध्यान केन्द्रित गरेको ओलीले आरोप लगाए। ओलीले सरकार आफैँले भुटानी शरणार्थीहरूलाई अमेरिका पुऱ्याउने धन्दा चलाएको, बिमा कम्पनीहरूको लाइसेन्स खोलेर चुनावी खर्च उठाउन भ्रष्टाचार गरिरहेको दाबी गरे।

# डिजिटल घोषणापत्र सार्वजनिक गर्दै कांग्रेस

**काठमाडौं**/ कांग्रेसले डिजिटल घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको छ। कांग्रेसले घोषणापत्रको डिजिटल कपी जुममार्फत सार्वजनिक गर्न लागेको हो। घोषणापत्र तयारी समितिका प्रवक्ता सहमहामन्त्री जीवन परियारका अनुसार शनिबार सार्वजनिक गर्ने तयारी गरिएको भए पनि पार्टी सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको व्यस्तताका कारण रोकिएको थियो।



समितिले सभापति देउवामार्फत अन्तिम रूप दिएर घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको थियो। 'शनिबार नै सार्वजनिक गर्ने तयारी थियो, तर सभापतिको व्यस्तताका कारण सम्भव भएन। आइतबार जुममार्फत सार्वजनिक गर्ने तयारीमा छौँ। तर, समय तय भइसकेको छैन,' उनले नयाँ पत्रिकासँग भने, 'डिजिटल घोषणापत्र सार्वजनिक गरेर कांग्रेसको एजेन्डा धेरैभन्दा धेरैको पहुँचमा पुऱ्याउने तयारीमा छौँ। सार्वजनिक कार्यक्रममा आ-आफ्ना निर्वाचन क्षेत्रमा रहनुभएका नेतादेखि विदेशस्थित जनसम्पर्क समितिलाई पनि सहभागी गर्ने कार्यक्रम छ।'

शनिबार सभापति देउवा विराटनगर र जनकपुरमा गठबन्धनको संयुक्त चुनावी कार्यक्रममा सहभागी भएका कारण कार्यक्रम प्रभावित बनेको थियो। घोषणापत्र आइतबार सार्वजनिक गर्ने तयारी रहेको कांग्रेसले जनाएको छ।

# मधेसले अझै संघर्ष गर्न बाँकी छ : यादव



**राजविराज**/जसपाका अध्यक्ष उपेन्द्र यादवले मधेस जनविद्रोहले मधेसी, महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यकलगायत समुदायको आरक्षणको सुनिश्चितता गराउन सफल भएको दाबी गरेका छन्। सप्तरीको राजविराजमा कार्यकर्ता भेलामा शनिबार उनले मधेसी जनता अधिकारबाट वञ्चित रहेकाले अझैं लडाइँ लड्न बाँकी रहेको बताए। शोषित, उत्पीडित एवं विभेदमा पारिएको जनताको हकअधिकार स्थापित गराउन मधेसी जनअधिकार फोरम नेपालले विगुल फुकेको बताउँदै उनले भने, 'मधेसी जनतालाई अधिकार दिने पक्षमा कांग्रेस र कम्युनिस्टले चाहेका थिएनन्, जनविद्रोहको बलमा मात्रै उत्पीडित समुदायको आरक्षणको सुनिश्चितता भएको हो र थप अधिकार प्राप्तिका लागि अझैं संघर्ष जारी छ।'

जनआन्दोलनपछि अन्तरिम संविधान जारी भएको संविधानमा मधेसी, आदिवासी, जनजाति, दलित, महिला, पिछडावर्ग, थारुलगायत विभेदमा पारिएका जाति एवं समुदायको अधिकार सुनिश्चित नगरिएपछि आफूहरूले संविधान जलाएर क्रान्तिको विगुल फुक्ने पार्टी तत्कालीन मधेसी जनअधिकार फोरम हालको जनता समाजवादी पार्टी नै भएको उनले दाबी गरे।

## हकदावीको सूचना

चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१२ बस्ने नर बहादुर मल्लको नातीनी, तोप बहादुर मल्लको छोरी, दिलिप कुमार शाहीको श्रीमती, राधा शाहीको मिति २०७९/०६/०९ गतेका दिन मृत्यु भएकोले निज राधा शाहीको नाममा रहेको यस बैंकको खाता नं ०१३०५०५०११६०७७ को सम्पूर्ण रकम निजको छोरा यूवराज शाहीले आफ्नो खातामा रकमान्तर गरीदिनु भनी यस बैंकमा आवश्यक कागजात सहित पेश गर्नु भएको हुंदा उक्त निक्षेप उपर निवेदक श्री यूवराज शाही बाहेक अन्य कसैको हक दावी भए वा निज मृतक राधा शाहीको छोरा यूवराज शाही बाहेक अन्य कोही नजिकको हकवाला भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
शाखा कार्यालय पुल्चोक, नारायणगढ, चितवन
फोन नं.:-०५६- ५९६०२१, ५९६०२८
फ्याक्स :- ०५६- ५७१९२५

## ड्रिम गर्ल २ को रिलिज डेट फेरियो

बलिउड फिल्म ड्रिम गर्ल २ को रिलिज डेट परिवर्तन भएको छ। यसअघि २ ९ जुन २०२३ मा फिल्म रिलिज हुने तय थियो। तर, अब यस फिल्मलाई ६ दिनअघि अर्थात् २३ जुनमा प्रदर्शन गरिने भएको छ। फिल्ममा आयुष्मान खुराना, अनन्या पाण्डे, अनु कपुर, परेश रावललगायत कलाकारको अभिनय छ।





## डेंगुबाट संक्रमित भए सलमान

अभिनेता सलमान खान डेंगुबाट संक्रमित भएका छन्। जसकारण उनी बिग बोस-१६ को सुटिङमा जान नपाउने भएका छन्। सलमान ठीक नभएसम्म यस टेलिभिजन सोका एपिसोडहरू करण जौहरले होस्ट गर्नेछन्। बिग बोस-१६ कलर्स टिभीबाट प्रसारण हुँदै आएको छ।

# चिसोमा मुटुरोग जोखिम कम गर्न के गर्ने ?

हेल्थ टिप्स



डा. अनिल भट्टराई
मुटुरोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल



जाडोयाममा दिन छोटो हुँदै जान्छ। घाम कम लाग्छ र अत्यधिक चिसो हुन्छ। चिसाले मुटुलाई शिथिल बनाउँछ। गर्मीको दाँजोमा जाडोयाममा शरीरलाई तातो बनाउन तथा रक्तसञ्चार गर्न मुटुले बढी काम गर्नुपर्छ। त्यहीकारण मुटुलाई भार बढी पर्छ। अर्को कुरा, जाडोमा शारीरिक गतिविधि कम हुन्छ। यो समयमा व्यायाम कम गर्ने, खानपान बढी हुने, शरीरको तौल कम हुने हुन्छ। जसले गर्दा मुटुलाई रक्तसञ्चार गर्ने नसाहरू पनि खुम्चने हुन्छ। नलीहरू खुम्चिएर ब्लक हुँदा मुटु र मस्तिष्क दुवैमा असर गर्न सक्छ। मुटुरोगको औषधि सेवन गरेर निको भइसकेका व्यक्तिले चिसो समयमा विशेष ध्यान दिनुपर्छ। त्यस्तै, औषधि नियमित सेवन गरिरहेकाहरूमा पनि रोग पुनः बल्झने खतरा हुने भएकाले उनीहरू पनि सतर्क रहनुपर्छ।

### समस्या

- उच्च रक्तचाप।
- मस्तिष्कघात हुने।
- श्वासप्रश्वाससम्बन्धी समस्या।
- उकालो जान, भऱ्याङ चढ्न समस्या।
- हृदयाघात हुन सक्ने।
- रक्तनली खुम्चने।
- शरीरको तौल बढ्ने।
- हात-खुट्टा सुन्निने।
- मुटुको धड्कन बढ्ने।

### कस्ता कुरामा ध्यान दिने ?

- नियमित औषधि सेवन गरिरहेको छ भने निरन्तरता दिने।
- रक्तचाप नियन्त्रण छ/छैन, नियमित परीक्षण गर्ने।
- कोलेस्ट्रोल, सुगरको जाँच गर्ने।
- शरीरको तौल नियन्त्रण गर्ने।
- चिसोमा मर्निङवाक नगर्ने, घाम लागेपछि मात्र न्यानो कपडा लगाएर व्यायाम गर्ने।
- आलु, भात, गुलियोलगायतका कार्बोहाइड्रेटयुक्त खाना कम खाने।
- चिसो खानेकुरा नखाने।
- धूम्रपान, मद्यपान नगर्ने।
- मुटुरोगीले माछा र सेतो मासु खाने, रातो मासु नखाने।
- झोलिलो खानेकुरा खाने। सागपात, फलफूल प्रशस्त खाने।
- न्यानो लुगा लगाउने।
- खाना कम खाने।
- मनतातो पानी पिउने।

# बेडरुमलाई आकर्षक देखाउने पिस लिली



पिस लिली 'एयरप्युरिफाई' प्लान्ट हो। यसले शान्ति र सौन्दर्य दुवै प्रदान गर्छ। आकर्षक देखिने भएकाले यो प्लान्टलाई घरभित्रै सजाउन सकिन्छ। यसको फूल सेतो रङको हुन्छ, जो निकै आकर्षक देखिन्छ। यसलाई गमलामा रोपेर तपाईंको बैठक कोठा वा बेडरुममा सजाउन सकिन्छ। सानो कदका अन्य इन्डोर प्लान्टहरूमा एन्थोरियम, स्पाइकर प्लान्ट, डाइफेनवेसिया, मनी ट्री, जेड जेड प्लान्ट, लक्की बेम्बो, बोन्साइ प्लान्ट, एलोनिया, पेडिलेन्यस, जेड प्लान्ट सालोम आदि पर्छन्। यी बिरुवाले पनि तपाईंको कोठालाई आकर्षक देखाउँछन्।


**आठबीस नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राकम कर्णाली ,दैलेख**

**सिलबन्दी दरभाउपत्र आवह्नको सुचना**

*प्रकाशित मिति : २०७९/०७/०६*

यस कार्यालयको तपशिल बमोजिमको कार्य विधुतिय सिलवन्दी दरभाउपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यवसायीहरुबाट रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: www.bolpatra.gov.np/egp** वा यस कार्यालको वेवसाईट **http://www.aathabismun.gov.np/** मा हेर्नहुन समेत सुचित गरिन्छ ।

| ठेक्का नं. | खरिद सम्बन्धी विवरण | अनुमानित रकम(भ्याट सक्षम वस्तुहरुको लागि भ्याट सहित) | फारम दस्तुर(रु) | जमानत रकम (रु) | सि.द. जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 01/SQ/AM/G/2079-80 | Procurement of Medicine | २४,४६,६९९। | १००० | ७३०००। | ७५ दिन | कार्तिक २१,२०७९ मध्यान्न १२ वजे | कार्तिक २१,२०७९ मध्यान्न २ वजे | सिलबन्दि दरभाउ (विधुतिय आवेदन मात्र लिइने ) |

**अन्य सर्तहरु :**

- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामाग्रीहरुको म्याद Manufacturing Date बाट Expiry Date सम्म कुल उपभोग योग्य अवधीको कम्तीमा ७५(पचहत्तर प्रतिशत बाकी हुदाँ स्टोर दाखिला हुनुपर्नेछ ।
- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामाग्रीहरु WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादन हुनुका साथै प्रत्येक प्याकेट बाहिर उत्पादन मिति, म्याद समाप्त मिति एवं व्याच नम्बर उल्लेख हुनुपर्नेछ । Technical Specification ,नेपाल सरकार ,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,स्वास्थ्य विभाग ,व्यवस्थापन महाशाखा ,आपुर्ती व्यवस्थापन शाखाको वेभसाईट: **https:elmis.dohslmd.gov.np/** र **http://ams.dda.gov.np/** प्राविधिक स्पेशिफिकेसन अनुसार हुनुपर्नेछ ।
- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामाग्रीहरुमा आठबीस नगरपालिकाबाट नि :शुल्क उपलब्ध भन्ने शब्द उल्लेख भएको हुनुपर्नेछ ।
- सबै आईटमहरु (मूल्य अभिबृदि कर लाग्ने र नलाग्ने दुवै) को दर राख्दा मुल्य अभिवृदि कर बाहेकको दर उल्लेख गर्नुपर्नेछ ।
- यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वनजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।


# लामो समय जुत्ता टिकाउने उपाय

### सु क्लिनर्स

जुत्तालाई सु क्लिनर्सले सफा गर्नुस्। यदि तपाईंसँग सु क्लिनर्स छैन र तपाईंको जुत्ताको सोलको भाग मात्रै खराब भएको छ भने टुथपेस्ट र ब्रसले यसलाई सफा गर्नुस्। तर, माथिको कपडामा टुथपेस्ट नलगाउनुस्, सोलमा मात्रै लगाउनुस्।

### गन्ध हटाउन

बाहिर हिँडेर आउँदा तपाईंको जुत्ता गनाएको हुन सक्छ। तपाईंले ऱ्याकमा जुत्ता राख्नुअघि जुत्ताभित्र सेनिटाइजर छर्कनुस् र एक-एकवटा ग्रिन टीको ब्याग पनि राखिदिनुस्।

ग्रिन टीको ब्यागले पसिनाको चिल्लो पनि सोस्छ र गन्ध फैलाउने ब्याक्टेरियालाई पनि हटाउँछ। कागती वा अदुवामिश्रित ग्रिन टी अझै प्रभावकारी हुन्छ। यसले तपाईंको जुत्तालाई फ्रेस राख्छ।



### गिलो भएमा

पानीले भिजेर अति गिलो भएको छ भने यसलाई बाहिर घाममा राख्नुस् र भित्र कागज कोचिदिनुस्। किनकि, कागजले जुत्ताको पानी सोस्छ र एक वा दुई दिनमै सबै ठीक हुन्छ।

### चुइँचुइँ बन्द गर्न

जुत्ता चुइँचुइँ कराउँछ भने यसको पनि समाधान छ। जुत्ताको भित्री भाग र तपाईंको खुट्टाबीचको घर्षणले पनि यस्तो भएको हुन सक्छ। विशेषगरी जुत्ताको कानको पार्ट र तुनाबीचको भागमा घर्षण हुँदा यस्तो हुन सक्छ। त्यस भागमा (कानको माथिल्लो भाग) पेट्रोलियम जेली वा भ्यासलिन लगाइदिनुस्, साउन्ड बन्द हुन्छ।

### सु वाइप्स

'सु वाइप्स' डिटर्जेन्टमा भिजाइएको टिस्यु पेपरजस्तै हुन्छ। बाहिर हिँड्दा पर्समा यो बोकेर हिँड्नुस्। जुत्तामा कुनै ठाउँमा वा सोलमा धब्बा लाग्यो भने त्यसले तत्कालै सफा गर्नुस्। त्यसो हुँदा जुत्तामा स्थायी रूपमा धब्बा बस्न पाउँदैन र तत्कालै सफा हुन्छ। यदि तपाईंसँग सु वाइप्स छैन भने अल्कोहलवाला 'फेस वाइप्स'ले सफा गर्दा पनि हुन्छ।

# नङ सफा गर्दा ...



एउटा भाँडामा मनतातो पानीमा सर्फ र स्याम्पु राख्नुस्। त्यसमा १० मिनेट आफ्नो हातलाई भिजाएर राख्नुस्। त्यसपछि ढाडिएर बसेका फोहोर-मयललाई सफा गर्नुस्। त्यसैगरी, क्युटिकल ट्रिमरको प्रयोग गरेर पनि नङलाई सफा गर्न सकिन्छ। यस्तो गर्दा पार्लरमा गएर गरेजस्तै क्लिन हुन्छ।



सुजन तिमल्सिना
नेल आर्टिस्ट

### पोलिस यसरी लगाउने

नङपालिस सीधै लगाउने चलन छ। सीधै लगाउँदा नङको प्राकृतिक सौन्दर्य हट्ने, सुक्खा हुने र हरियो, पहेँलो दाग देखिने हुन सक्छ। त्यसैले पहिला नङलाई सफा गरेर बेसकोटमाथि नेल कलर लगाउनुपर्छ। त्यसपछि टप्पु लगाएर नेलपोलिस लगायौँ भने नङ सुक्खा हुन कम हुन्छ। दाग पनि देखिँदैन। राम्रो र सफा देखिन्छ।

# गेडागुडीका फाइदा

- गेडागुडी भन्नाले विभिन्न प्रकारका दाल, सिमी, चना, केराउ, राज्मा, भटमास आदिलाई बुझाउँछ। गेडागुडीमा अत्यधिक मात्रामा प्रोटिन र फाइबर पाइने भएकाले यसलाई मासुको विकल्पमा पनि प्रयोग गर्न सकिन्छ। गेडागुडीलाई टुसा उमारेर खाए झन् राम्रो हुन्छ।
- गेडागुडीमा अत्यधिक मात्रामा प्रोटिन हुन्छ, मासुमा भन्दा पनि बढी। तर, यसमा भएका सबै प्रोटिन शरीरले सोस्न सक्दैन।
- गेडागुडी टुसाउँदा यसमा प्रोटिन र फाइबरको मात्रा बढेर जान्छ। त्यति मात्र नभएर मिनरल, भिटामिन पनि बढ्ने गर्छ।
- नियमित नभिजाएको गेडागुडी प्रयोग गर्दा आइरन, जिंक, म्याग्नेसियम, क्याल्सियमलगायतका एन्टिन्युट्रिसन तत्त्वलाई यसले सोस्न दिँदैन। भिजाएर वा टुसा उमार्दा त्यसरी शरीरलाई सोस्न नदिने तत्त्व पानीमा घुलेर जान्छ।


**Parwanipur Rural Municipality**
**Office of Parwanipur Rural Municipality**
Lipanimal, Bara
Madhesh Province, Nepal

**Invitation for Bids**

Invitation for Bids for the: ***Construction of Drain and Road at Parwanipur Rural Municipality, Bara Contract Identifications No.NCB/PRM/01/079/080.***

Invitation for Bids No: NCB/PRM/01/079/080
Date of publication: 2079/07/06(BS) , 23/10/2022 (AD)

1. **The Parwanipur Rural Municipality Lipanimal, Bara** towards the cost of ***Construction of Drain and Road at Parwanipur Rural Municipality, Bara*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Contract Identifications No. NCB/PRM/01/079/080.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. **The Parwanipur Rural Municipality Lipanimal, Bara**invites sealed bids or electronic bids from eligible bidders for the construction of ***Construction of Drain and Road at Parwanipur Rural Municipality, Bara*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 59.00 Million***
   - Minimum Work experience of similar size and nature: ***at least 1 (one ) Contract of Road And Drain Construction within the last ten (10) years, with contract value of at least NRs 47 Million (without VAT)****that have been successfully or are substantially completed.*
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of**Parwanipur Rural Municipality Lipanimal, Bara,*****parwanipurgaupalika@gmail.com and mobile n.980-3399933*** or may visit PPMO e-GP system www. bolpatra.gov.np/egp.
5. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document **NRs 5000.00** in the following specified bank.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nabil Bank Limited,Parwanipur Branch
   Name of Office :Parwanipur Rural Municipality,Lipanimal, Bara
   Office Code no. : 801023383 Office Account no.: 21901017500039
   Rajaswa (revenue) Shirshak no. : Ga 1.1 AntarikRajeswokhataParwanipurPre-bid meeting shall be held at office the **Parwanipur Rural MunicipalityLipanimal, Bara,**at**Date:*-2079/07/25 (BS) Time 11:00AM***
6. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **12:00 hrs on 21th November, 2022(B.S. 2079/08/05).** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 issued by PPMO which are available in e-GP system.
7. Online bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on **21th November, 2022(B.S. 2079/08/05)..**.at the office specified above. Bids must be valid for a period **of 120 days after** bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 1942000/-**which shall be valid for minimum 30 days beyond the bid validity period i.e. **20th.feb 2023 (B.S.2079/11/08).** The scanned copy of bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
8. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. All interested bidders are requested to consult PPMO or **Parwanipur Rural Municipality Lipanimal, Bara** for the information about online bidding till date:-**11th November, 2022 (B.S2079/07/25)**
10. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. Other mandatory information are as per PPA and PPR.

***Chief Administrative Officer***

# चिनियाँ सपनामा सीको आक्रामक नीति

## सीले चिनियाँ सपना साकार पार्ने दिशामा काम गरिरहँदा चीनले युद्ध, प्रभुत्व र उपनिवेश बनाउनेजस्ता पुराना नीति अख्तियार नगर्ने बताएका छन्



● पामिर गौतम

अग्रलेख

चिनियाँ कम्युनिस्ट पार्टीको साताव्यापी पार्टी कंग्रेस हिजो (शनिबार) बेइजिङमा सम्पन्न भएको छ। बीसौँ राष्ट्रिय कंग्रेसको समापन सत्रमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका सदस्य निर्वाचित भएका छन्। आज (आइतबार) नयाँ केन्द्रीय समितिको पहिलो बैठक बस्दै छ, जसले चीनको सबैभन्दा शक्तिशाली निर्णय गर्ने निकायका रूपमा रहेको पोलिटब्युरो (हाल २५ सदस्यीय) र यसको स्थायी समिति सदस्य (हाल सात सदस्य) चयन गर्नेछ। चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशन मुख्यतया घरेलु राजनीतिक शक्ति, आन्तरिक नीति र नयाँ नेतृत्व चयन गर्नमा केन्द्रित रहन्छ। तर, यो भविष्यको आन्तरिक र बाह्य नीति निर्देशन र शक्ति संरचनाको सूचकका रूपमा महत्त्वपूर्ण हुन सक्छ। चिनियाँ कम्युनिस्ट पार्टीको बीसौँ पार्टी कंग्रेसमा राष्ट्रपति सीले प्रस्तुत गरेको प्रतिवेदन मूलतः घरेलु मुद्दामा केन्द्रित रहे पनि यसमा पार्टी नेतृत्वले बदलिँदो वर्तमान अन्तर्राष्ट्रिय परिवेशमा चीनको भूमिका र चीनले आउने वर्षमा यसको सामना कसरी गर्ने भन्ने महत्त्वपूर्ण जानकारी प्रदान गरेको छ।

२०१२ मा सी जिनपिङ सत्तामा आउँदा चीनको कुल गार्हस्थ उत्पादन ५४ ट्रिलियन युआन थियो, जुन विश्वव्यापी अर्थतन्त्रको ११ प्रतिशत हो। त्यसको एक दशकपछि चीनको जिडिपी ११४ ट्रिलियन युआन छ, जुन विश्वव्यापी अर्थतन्त्रको १८.५ प्रतिशत हो। चीनको आर्थिक वृद्धि धेरै हदसम्म सी सत्तामा आउनुअघि नै लागू गरिएका नीतिहरूको परिणाम हो। तर, सी आर्थिक सुधारका कार्यक्रम कार्यान्वयन भएपछिका पहिलो यस्ता चिनियाँ नेता हुन्, जसले स्पष्ट रूपमा चिनियाँ आर्थिक शक्तिलाई विश्वमा समग्र आर्थिक, राजनीतिक र रणनीतिक प्रभाव विस्तार गर्न प्रयोग गरेका छन्। सी जिनपिङ नेतृत्वले चीनको परराष्ट्र नीतिमा देंग सियाओपिङको 'क्षमता लुकाउने र कम प्रोफाइलमा रहने' सिद्धान्तलाई प्रतिस्थापन गरेर चीनले अन्तर्राष्ट्रिय सम्बन्धमा सक्रिय भूमिका खेल्नुपर्ने र उपलब्धिका लागि प्रयासरत रहनुपर्ने नीति अघि बढाएको छ।

२०१२ मा कम्युनिस्ट पार्टीका महासचिव भएसँगै सीले 'राष्ट्रिय कायाकल्प'लाई आफ्नो मुख्य लक्ष्यका रूपमा प्रस्तुत गरेका थिए। यसका लागि दुई चरणको विकास योजना अघि सारिएको छ, जसअनुसार २०३५ सम्ममा चीनको आधुनिक अर्थतन्त्रको जग निर्माण गर्ने प्राथमिक लक्ष्य छ भने दोस्रो चरण २०३५ देखि २०५० सम्म चीनलाई समुन्नत र पहिलो दर्जाको शक्ति राष्ट्र बनाउन केन्द्रित रहने भन्ने छ। महासचिव भएको एक वर्षपछि सीले विशाल युरेसिया महाद्वीपमा कनेक्टिभिटी सुधार गर्न महत्त्वाकांक्षी बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) घोषणा गरे।

सीको नेतृत्वमा बेइजिङले एसियाली पूर्वाधार लगानी बैंक, सिल्क रोड फन्ड र न्यु डेभलपमेन्ट बैंकको पहल गरेको थियो। २०१७ मा १९औँ पार्टी कंग्रेसमा सीले चीन अब विश्व नेतृत्व र अन्तर्राष्ट्रिय व्यवस्थालाई आकार दिने प्रयासबाट पछि नहट्ने बताएका थिए। बेइजिङले सन् २०२१ र २०२२ मा क्रमशः ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई) र ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई) घोषणा गर्‍यो। बिआरआई, जिडिआई र जिएसआईजस्ता कार्यक्रममार्फत चीन आफ्नो पहुँच र प्रभावलाई फराकिलो बनाउन र अन्तर्राष्ट्रिय समुदायमा नेतृत्वको भूमिका निर्वाह गर्ने इच्छाबाट प्रेरित देखिन्छ।

### सीको प्रतिवेदनले परिकल्पना गरेको चीन

विदेश नीतिका सन्दर्भमा राष्ट्रपति सीले आफ्नो प्रतिवेदनमा विगतमा रहँदै आएको चिनियाँ दृष्टिकोणलाई दोहोर्‍याएका छन्। चिनियाँ सपना साकार पार्ने दिशामा काम गरिरहँदा चीनले कुनै पनि परिस्थितिमा युद्ध, प्रभुत्व र उपनिवेश बनाउनेजस्ता पुराना नीति अख्तियार नगर्ने बरु आफ्नो




बढ्दो आर्थिक, राजनीतिक र कूटनीतिक शक्ति र प्रभाव विश्व शान्ति र पारस्परिक विकासमा केन्द्रित गर्ने सीले बताएका छन्। यीबाहेक, सीले आफ्नो प्रतिवेदनमा चीनका निम्न विदेश नीति र उद्देश्यलाई दोहोर्‍याएका छन्- (१) चीनको आर्थिक सुधार र विकासलाई निरन्तरता दिनका लागि शान्तिपूर्ण अन्तर्राष्ट्रिय वातावरण र खुला अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको आवश्यकता, (२) चीनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको दृढ रक्षा, (३) न्यायपूर्ण र समावेशी अन्तर्राष्ट्रिय व्यवस्था र विश्वव्यापी शासन प्रणाली सुधारका लागि समर्थन, (४) अन्तर्राष्ट्रिय विवाद समाधान गर्न सैन्य बललाई भन्दा कूटनीतिक समाधानलाई प्राथमिकता, (५) सम्मान र पारस्परिक लाभमा आधारित अन्तर-राज्य सम्बन्धको प्रवर्द्धन, (६) संरक्षणवाद, विस्तारवाद र 'युद्धकारी' अन्तर्राष्ट्रिय सम्बन्धको विरोध र (७) अन्य राज्यहरूको आन्तरिक मामिलामा गैरहस्तक्षेप नीति।

> सी जिनपिङ नेतृत्वले चीनको परराष्ट्र नीतिमा देंग सियाओपिङको 'क्षमता लुकाउने र कम प्रोफाइलमा रहने' सिद्धान्तलाई प्रतिस्थापन गरेर चीनले अन्तर्राष्ट्रिय सम्बन्धमा सक्रिय भूमिका खेल्नुपर्ने र उपलब्धिका लागि प्रयासरत रहनुपर्ने नीति अघि बढाएको छ

यसअतिरिक्त सीले आफ्नो प्रतिवेदनमा चीनको अन्तर्राष्ट्रिय प्रभाव, अपिल र आकार दिने शक्तिमा उल्लेखनीय वृद्धि भए पनि अहिले चीन यस्तो समयमा प्रवेश गरिरहेको छ, जहाँ रणनीतिक अवसर मात्र होइन, जोखिम र चुनौती पनि उत्तिकै रूपमा रहेको चेतावनी दिएका छन्।

चीनको बढ्दो आर्थिक वृद्धि र प्रभावलाई दबाउन र नियन्त्रण गर्न विभिन्न बाह्य तत्त्वहरू चीनलाई ब्ल्याकमेल गर्न, नियन्त्रण गर्न, नाकाबन्दी गर्न र चीनमाथि अधिकतम दबाब दिन प्रयासरत रहेको र यस्ता क्रियाकलाप जुनसुकै वेला थप बढ्न सक्ने सीको प्रतिवेदनमा उल्लेख छ। यस्तो परिस्थितिमा विदेशी प्रतिबन्ध र हस्तक्षेपको सामना गर्न संयन्त्रलाई बलियो बनाउन, चीनको आत्मनिर्भरता बढाउन र चिनियाँ अर्थतन्त्रमाथि आउन सक्ने प्रतिबन्धको नकारात्मक प्रभावबाट जोगाउन चीनले तत्परतासाथ काम गर्न अत्यावश्यक रहेको सीले उल्लेख गरेका छन्। यस सन्दर्भमा एउटा उत्तम उदाहरण हो, महत्त्वपूर्ण प्रविधिमा चीनको पहुँचलाई रोक्न ह्वाइट हाउसले चीनलाई सेमिकन्डक्टर र चिप बनाउने उपकरण बेच्नमा लगाएको प्रतिबन्ध। यसअनुरूप विज्ञान र प्रविधिजस्ता अत्यावश्यक क्षेत्रमा रहेका कमजोरी हटाउन, रणनीतिक स्रोतको आपूर्ति सुरक्षित गर्न र आफ्नो आत्मनिर्भरता र शक्ति निर्माण गर्न चीनले आउने दिनहरूमा द्रुत रूपमा काम गर्ने सीले उल्लेख गरेका छन्।

आफ्नो राष्ट्रिय कायाकल्पलाई साकार पार्ने दिशामा अघि बढिरहँदा, भलै रक्षात्मक उद्देश्यका लागि किन नहोस्, युद्धको सम्भावनालाई चीन अस्वीकार गर्दैन। चिनियाँ सशस्त्र बलहरूले हरसम्भव परिस्थितिमा लड्न र जित्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्न सेनाको प्रशिक्षणलाई तीव्र पार्दै लडाइँको तयारीमा वृद्धि गर्ने सीले उल्लेख गरेका छन्।

राष्ट्रिय सुरक्षा, सामुद्रिक हित र अधिकारको रक्षा, सार्वभौमसत्ता, शत्रु शक्तिहरूबाट हुने घुसपैठ र पृथकतावादी गतिविधिलाई रोक्न र न्यूनीकरण गर्न चीनले राष्ट्रिय सुरक्षा प्रणाली र क्षमतालाई व्यापक रूपमा सुदृढ गर्ने र सैन्य बलको आधुनिकीकरण गर्दै चिनियाँ सुरक्षा बललाई विश्वस्तरको शक्तिशाली सेना बनाउने उद्देश्य लिएको छ। सत्तामा आएदेखि सी जिनपिङले चीनको सैन्य आधुनिकीकरण र आफ्नो विश्वव्यापी महत्त्वाकांक्षामा सेनाको भूमिकालाई उच्च प्राथमिकता दिएका छन्। यहीअनुरूप सीको नेतृत्वमा रक्षा खर्च बढेको छ। २०२२ मा चीनको रक्षा बजेट लगभग २३० बिलियन अमेरिकी डलर थियो। युक्रेनविरुद्धको युद्धमा रुसी सेनाको कमजोर प्रदर्शनले पनि बेइजिङले सैन्य आधुनिकीकरण र लडाइँ क्षमता अभिवृद्धि गर्ने क्षेत्रमा महत्त्वपूर्ण पाठ सिकेको निश्चित छ।

राष्ट्रपति सीले आफ्नो २०औँ पार्टी कांग्रेसको प्रतिवेदनमा राष्ट्रिय कायाकल्पको लक्ष्य हासिल गर्न आगामी पाँच वर्षको समय निकै महत्त्वपूर्ण हुने बताएका छन्। बीसौँ पार्टी कांग्रेसबाट तेस्रो कार्यकालका लागि चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव हुन लागेका सीको शासन र कार्यलाई इतिहासले उचित मूल्यांकन गर्ने त छँदै छ, यो चिनियाँ राजनीति र चिनियाँ कम्युनिस्ट पार्टीको वैधता र प्रासंगिकतासँग पनि गहिरोसँग जोडिएको छ।

चीनको राजनीति र विश्व मानचित्रमा चीनको अवस्थितिलाई नयाँ युगमा प्रवेश गराउने होडमा रहेका सीले यहीअनुरूप आफ्नो रणनीति कार्यान्वयन गर्न आउने पाँच वर्ष अधिक ध्यान केन्द्रित गर्नुको विकल्प छैन। यस हिसाबमा सीले आफ्नो तेस्रो कार्यकालमा सक्रिय विदेश नीतिलाई आक्रामक रूपमा निरन्तरता दिने र चीनलाई बाह्य शक्तिहरूले सिर्जना गर्न सक्ने सम्भावित समस्यालाई प्रतिरोध गर्न आन्तरिक शक्तिलाई थप सुदृढ बनाउने स्पष्ट देखिन्छ। यो परराष्ट्र र सुरक्षा नीति सीले अघि सारेका 'चिनियाँ सपना' साकार पार्नमा केन्द्रित छ।

---

# ३ प्रश्न

सामाजिक सञ्जाल तथा मिडिया अनुसन्धानकर्ता **उज्ज्वल आचार्य**लाई



**उम्मेदवारले पैसा तिरेर सामाजिक सञ्जालमार्फत चुनावी प्रचार गर्न थालेका छन्। यसलाई कसरी लिनुभएको छ ?**

स्थानीय तह निर्वाचनबाटै यो 'ट्रेन्ड' देखिएको थियो। यसको प्रयोगले सस्तोमा निश्चित र धेरै मतदातासमक्ष पुग्न पाइने भयो। प्रचारका लागि निश्चित ठाउँ, मान्छेको उमेर समूह र रुचि तोक्न सकिन्छ। यद्यपि उमेर समूह र रुचि तोकेको भने देखिएन। सस्तोमा लक्षित मतदातासम्म मात्रै पुग्न सकिने र पहुँचका हिसाबले मोबाइल प्रयोग गर्ने अधिकांशसँग सोसल मिडिया हुने भएकाले अरूभन्दा बढी प्रभावकारी हुन्छ।

**यस्तो प्रचार प्रसारका नकारात्मक पक्ष के के हुन सक्छन् ?**

हिजोका दिन चुनाव प्रचारमा खर्च हुने पैसा नेपालमै रहन्थ्यो। हाम्रै अर्थतन्त्रमा फुलो हुन्थ्यो। अब फेसबुकमार्फत प्रचार गर्दा देशबाहिर जाने भयो। वैदेशिक मुद्रा सञ्चिती कम भइरहेको, व्यापार घाटा बढिरहेका वेला हाम्रो अर्थतन्त्रमा नकारात्मक असर पार्नसक्ने सम्भावना छ।

**नकारात्मक पक्षलाई न्यूनीकरण गर्न आयोग, दल, उम्मेदवार र आममतदाताले केकस्ता भूमिका खेल्न सक्छन् ?**

आयोगले अहिले फेसबुकसँग नजिक रहेर काम गरिरहेको छ। यतिले मात्र पुग्दैन। आचारसंहिता तोडेर प्रचार गर्ने, मौन अवधिमा पनि (पहिल्यै मिति तोकेर) आफ्नो विज्ञापन राख्ने उम्मेदवारमाथि कडाभन्दा कारबाही गरेर सन्देश दिन नसके यस्तो प्रचार नियन्त्रणबाहिरको अवस्था हुनसक्छ। आयोगले आफ्नो मनिटरिङलाई बलियो बनाउने, सामाजिक सञ्जालसँग सहकार्यलाई विस्तृत बनाउँदै जाने र उल्लंघन गर्नेलाई कानुनबमोजिम कारबाही गर्न सशक्तता देखाउनुपर्‍यो।

---

प्रेरक प्रसंग

# लोभको परिणाम



एकपटक एक बालकले पितालाई सोधे– बाबा लोभ भनेको के हो ? छोराको प्रश्न सुनेर उनले भने- पहिले तिमी एउटा काम गरेर आऊ अनि यसको जवाफ दिउँला, हुन्न ? 'हुन्छ बाबा, मैले के गर्नुपर्‍यो भन्नुहोस्,' बालकले विनम्रतापूर्वक सोधे। पिताले भने- पहिले तिमी मामाको डिपार्टमेन्टल स्टोरमा जाऊ र मन परेको एउटा चकलेट लिएर आऊ। तर, एकपटक अघि बढेपछि पछि फर्किएर चकलेट छान्न पाउँदैनौ, यसमा विशेष ध्यान दिनू नि !

हस् बाबा भनेर दंग पर्दै बालक मामाको डिपार्टमेन्टल स्टोरमा पुगे। उनी सरासर चकलेट राखिएको स्थानमा गएर हेर्दै स्वादिलो होला जस्तो एउटा चकलेट टिप्नै आँटेका थिए, अलि पर त त्योभन्दा पनि ठूलो र मिठो चकलेट देखे। उनी त्यो चकलेट छाडेर अघि बढे। अलि पर पुग्दा अझै अगाडि अर्को झन् ठूलो र लोभलाग्दो चकलेट थियो। यसैगरी अघि बढ्दै जाँदा उनी यस्तो स्थानमा पुगे, जहाँ कुनै चकलेट थिएन। बुबाको सर्तअनुसार उनले पछाडि फर्केर चकलेट लिन पनि सक्दैनथे। त्यसैले उनी खिन्न मन लिएर रित्तै हात फर्किए।

बालक रित्तै हात फर्किएको देखेर मुसुमुसु हाँस्दै पिताले भने- अब त तिमीले पक्कै पनि लोभ भनेको के रहेछ भन्ने राम्रैसँग बुझ्यौ होला, होइन ? अनि बढ्ता लोभ गर्दा कस्तो परिणाम निस्किँदो रहेछ भन्ने पनि तिमीलाई थाहा भयो होला।

बालकले भने- हो बाबा, मैले राम्ररी बुझेँ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## फोस्रा आश्वासन नदेऊ

एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपालले आफूले निर्वाचनमा जिते विदेश जाने नेपालीले फ्री भिसा र फ्री टिकट पाउने सगौरव घोषणा गरे। तर, उनले कतै पनि आफूले जितेमा नेपालीले कामको खोजीमा विदेश जानुपर्ने बाध्यता हटाउने र देशभित्रै रोजगारी सिर्जना गर्ने घोषणा गरी कुनै प्रस्ट योजना ल्याउन सकेनन्।

एमाले अध्यक्ष केपी ओलीले वृद्धभत्ता पाँच हजार पुर्‍याउने घोषणा गरे। उनले यो घोषणा त उहिल्यै पनि गरिसकेकै हुन्। तर, आफू सत्तामा छँदा उनले यसतर्फ कुनै पहल गरेनन्। फोस्रा आश्वासन दिने नेताहरू यति मात्र होइनन्। सबैजसो नेता यस्तै हावादारी आश्वासन बाँडिरहेका छन्। उनीहरूका यस्ता हावादारी आश्वासन सुन्दासुन्दा जनता वाक्कदिक्क भइसकेका छन्। त्यसैले, अब जनता झुक्याउन यस्ता फोस्रा आश्वासन दिँदै नदेऊ।

● **पूर्णिमा वाइबा**, गठ्ठाघर, भक्तपुर

## प्रचारको सजिलो माध्यम

दल र तिनका नेताले सामाजिक सञ्जालमार्फत आआफ्नो चुनाव प्रचारलाई तीव्रता दिएको समाचार पढियो। चुनावी प्रचारप्रसारका लागि सामाजिक सञ्जाल निकै सजिला छन्। त्यति खर्चिला पनि छैनन्। त्यसैले पनि उम्मेदवारहरूले यो माध्यमबाट प्रचारप्रसार गर्न सहज ठानेका हुन सक्छन्। छिनका छिनमै आफ्ना मतदातासामु आफ्ना प्रचार सामग्री पुर्‍याउन सकिने भएकाले पनि उम्मेदवारहरूले यस माध्यमलाई चुनेका हुन सक्छन्। यसबाट केही रकम विदेश जाने भए पनि उम्मेदवारहरूले गर्ने अन्य खर्चमा कमी ल्याउने हुनाले यसलाई कम खर्चिलो माध्यम पनि मान्न सकिन्छ।

● **गुणाकर चापागाईं**
गैरीगाउँ, काठमाडौं

## कति गर्छौ गालीगलौज ?

यतिखेर दल र तिनका नेता तथा उम्मेदवारहरूको चुनावी प्रचारप्रसारले तीव्रता पाउन थालेको छ। घरदैलो गरिरहेका उम्मेदवारहरूले मतदाताको मन जित्न अनेकौँ जायज-नाजायज हर्कत पनि देखाइरहेका छन्। यसका साथसाथै उम्मेदवार तथा दलका शीर्ष नेता अर्कालाई नराम्रो देखाएर आफू राम्रो देखिने असफल प्रयास पनि गरिरहेका छन्। उनीहरू कुनै एजेन्डा देखाएर अर्कोभन्दा आफू र आफ्नो दल राम्रो भन्नुभन्दा पनि 'त्यसले मैले भन्दा बढी चोरेको हुनाले ऊ मभन्दा खराब हो' भन्ने शैलीको प्रचारप्रसारमा उत्रिएका देखिन्छन्।

● **सुरभी विक**
सल्लाघारी, भक्तपुर

## शिक्षामा भेदभाव किन ?

शिक्षा राज्यबाटै पाउनुपर्ने अधिकार हो। तर, अधिकार हुँदाहुँदै पनि सरकारीस्तरबाटै दुई किसिमको शिक्षालय सञ्चालन गर्ने अनुमति दिइएको छ। जसले गर्दा धनीले पढ्ने र गरिबले पढ्ने विद्यालय फरक-फरक हुने गरेका छन्। साथै, यस्ता दुवै स्तरका विद्यालयको पठनपाठन पनि फरक-फरक नै देखिने गरेका छन्। फरक-फरक स्तरका दुई किसिमका स्कुल भएकाले हाम्रो समाजको शिक्षामा पनि विभेद हुने गरेको छ।

धनीका सन्तान र गरिबका सन्तानले पाउने शिक्षाको स्तरमा आकाश-जमिनको अन्तर देखिने हुँदा आमविद्यार्थीमा एकप्रकारको नैराश्य देखिने गरेको छ। यो नैराश्य हटाउने हो भने अब राज्यको तहबाटै शिक्षामा एकरूपता कायम गराउँदै धनी र गरिब परिवारका बालबालिकाको शिक्षामा कुनै पनि विभेद हुनुहुँदैन।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# चीन-अमेरिका प्रविधि महायुद्ध

## नयाँ प्रतिबन्धहरू यति व्यापक छन् कि तिनले चीनको अर्थतन्त्रको थुप्रै भागमा गम्भीर धक्का पुर्‍याउने निश्चित छ



देश/विदेश

● कार्ल बिल्ड्ट


विश्वले अहिले पूर्वी युरोपमा जारी खुला युद्धको मात्रै साक्षात्कार गरिरहेको छैन, अमेरिका-चीनबीचको प्रविधि महायुद्ध सृजित पूर्णस्तरको आर्थिक युद्धको पनि साक्षी बनिरहेको छ। यो तीव्र गतिमा चर्किँदै गएको छ र अत्यन्त दुष्प्रभावी हुनेछ। यसै महिनाको सुरुवातमा अमेरिकाको वाणिज्य विभागले चीनलाई उन्नत सेमिकन्डक्टर तथा अन्य अमेरिकी उच्च प्रविधि वा त्यस्ता प्रविधियुक्त वस्तु बिक्रीमा कडाँ नयाँ प्रतिबन्धहरू थपेको छ। रुसले युक्रेनको ऊर्जा पूर्वाधारलाई ध्वस्त बनाउन क्षेप्यास्त्रको प्रयोग गरिरहेको छ भने अमेरिकाले चीनको सेना, गुप्तचरी र सुरक्षा सेवालाई कमजोर बनाउन उन्नत प्रविधि निर्यात प्रतिबन्धको प्रयोग गरिरहेको छ।

यसबाहेक, अगस्टको अन्त्यमा अमेरिकी राष्ट्रपति जो बाइडेनले 'चिप्स एक्ट'मा हस्ताक्षर गरे, जसमा अमेरिकाको घरेलु सेमिकन्डक्टर उद्योगलाई बलियो बनाउन लक्षित अनुदान र अन्य उपाय समावेश छन्। सेमिकन्डक्टरहरू एक्काइसौँ शताब्दीको अर्थतन्त्रको केन्द्रमा रहनेछन्। माइक्रोचिप्सविना हाम्रा स्मार्टफोनहरू स्मार्ट हुने थिएनन्, हाम्रा कारहरू स्वचालित बन्ने दिशामा हुने थिएनन्। हाम्रा सञ्चार सञ्जालहरूले काम गर्ने थिएनन्, कुनै पनि प्रकारको स्वचालनको कल्पना गर्न सकिने थिएन भने हामी प्रवेश गर्दै गरेको आर्टिफिसियल इन्टलिजेन्सी (एआई) अर्थात् कृत्रिम बौद्धिकताको नयाँ युग विज्ञान कथामै सीमित रहने थियो। त्यसैले हाम्रो जीवनका यी अत्यन्त महत्त्वपूर्ण अवयवहरूको डिजाइन, उत्पादन र मूल्य शृंखलामाथिको नियन्त्रण अत्यन्त महत्त्वको हुनेछ। यो नयाँ चिप (प्रविधि) युद्ध भविष्य कसले नियन्त्रण गर्ने भन्ने युद्ध हो।

सेमिकन्डक्टरको मूल्य शृंखला अति नै विश्वव्यापीकृत छ तर यसको महत्त्वपूर्ण ग्रन्थीमाथिको नियन्त्रण अमेरिका र उसका निकटतम सहयोगी राष्ट्रहरूको हातमा छ। उन्नत चिपको डिजाइन अमेरिकामा केन्द्रित छ भने युरोपका उन्नत उपकरणहरूविना यी चिपहरूको उत्पादन सम्भव छैन अनि एआई र उच्च प्रविधिहरूका लागि नभई नहुने सबैभन्दा उन्नत चिप्सको उत्पादन विशेषगरी पूर्वी एसिया (मुख्यतः ताइवान र दक्षिण कोरिया)मा अवस्थित छ। उत्पादनमा अहिलेसम्मको सबैभन्दा प्रमुख खेलाडी ताइवान हो, तर दक्षिण कोरिया पनि यो तस्बिरमा छ।

प्रविधिगत सर्वोच्चताको खोजीमा रहेको चीन बढ्दो रूपले यिनै चिप्समा निर्भर छ, त्यसैले चीन सरकार घरेलु उत्पादन बढाउन र यसमा 'आत्मनिर्भरता' हासिल गर्न लागि परेको छ। हालैका वर्षमा, चीनले सेमिकन्डक्टर डिजाइन र म्यानुफ्याक्चरिङमा आफ्नो क्षमता निर्माण गर्न ठूलो लगानी गरेको छ। तर, केही प्रगति भए पनि ऊ अमेरिकाभन्दा वर्षौं पछाडि छ। अझ महत्त्वपूर्ण के भने सबैभन्दा उन्नत चिप्स अझै पनि चीनको पहुँचभन्दा धेरै टाढा छ।

अमेरिकाले चिनियाँ दूरसञ्चार कम्पनी हुवावेलाई उन्नत चिप्स बेच्न प्रतिबन्ध लगाएको दुई वर्ष बितिसकेको छ। त्यस समय हुवावे ५जी र स्मार्टफोन प्रविधिमा विश्वकै अग्रणी कम्पनी थियो। प्रतिबन्धको परिणाम नाटकीय देखियो। उन्नत चिप्स र बजार दुवैको अभावले गर्दा हुवावेले आफ्नो स्मार्टफोनको ८० प्रतिशत बजार गुमाउन पुग्यो, त्यसपछि ऊसँग आफ्नो स्मार्टफोन युनिट 'ओनोर' बेच्नुको विकल्प भएन। उसले आफ्नो कर्पोरेट मिसनलाई पुनर्लक्षित गर्नुपर्‍यो। हुवावेलाई जे गरिएको थियो, अमेरिका पछिल्लो समय सम्पूर्ण चीनमाथि त्यही परिणाम निकाल्न उद्यत् छ। प्रविधि युद्धमा नाटकीय वृद्धिको आर्थिक एवं राजनीतिक परिणाम पनि उत्तिकै नाटकीय हुनेछन्, जसमध्ये केही तत्कालै देखिनेछन् भने केही मूर्त रूपमा



देखिन समय लाग्नेछ। सम्भवतः चीनसँग पहिले नै किनेर राखिएका केही चिप्स थिए, साथै प्रतिबन्धको असरबाट बच्न उसले परिष्कृत नयाँ (आपूर्ति)सञ्जालहरू सिर्जना गर्न पनि काम गरिरहेको छ। (सन् २०२० को अन्त्यमा हुवावेबाट अलग्गिएपछि ओनोरले अमेरिकी बहुराष्ट्रिय कम्पनी क्वालकमको चिप प्रयोग गरिएका फोन बेच्न थालेर तुरुन्तै पुनरागमन गरेको थियो।)

यद्यपि नयाँ प्रतिबन्धहरू यति व्यापक छन् कि समयक्रममा तिनले चीनको उच्च प्रविधिको क्षेत्रमा मात्रै होइन, उसको अर्थतन्त्रको अन्य थुप्रै भागमा पनि गम्भीर धक्का पुर्‍याउने लगभग निश्चित छ। अब चीनमा निर्यात गर्ने कुनै पनि युरोपेली कम्पनी आफ्ना उत्पादनमा उन्नत चिप प्रविधि वा अमेरिकी कम्पनी उत्पादित चिप्स नभएकोमा दुईपटक सुनिश्चित हुनुपर्छ।

अमेरिकी नीतिको अधिकारिक उद्देश्य उन्नत चिप्सलाई चिनियाँ सेनाको हातबाट बाहिर राख्नु हो। तर, त्यसको वास्तविक प्रभाव आगामी दशकमा राष्ट्रिय शक्तिका लागि महत्त्वपूर्ण क्षेत्रमा चीनको विकास रोक्नमा हुनेछ। चीनले आफ्नो क्षमता विकास गर्न अझ कडा प्रयाससहित प्रतिक्रिया दिनेछ। तर, अमेरिकी प्रतिबन्धले चीनलाई आत्मनिर्भरता हासिल गर्न दिशामा आवश्यक इनपुटहरूबाट वञ्चित गरिरहेकाले अत्यन्त अनुकूल परिस्थितिमा र उसले यो समस्याबाट पार पाउन आफ्नो सम्पूर्ण स्रोतसाधन लगाउँदा समेत उसका कुनै पनि अतिरिक्त प्रयासले फल दिन समय लिनेछ।

यो नयाँ चिप्स युद्धले हामी चीन-अमेरिकाबीचको व्यापक युद्धको साक्षी बनिरहेको पुनः पुष्टि गर्छ। यो विकासक्रमको बाँकी विश्वको अर्थतन्त्रमा पनि दूरगामी प्रभाव पर्नेछ, तीमध्ये केहीको मात्र पूर्वानुमान गर्न सकिन्छ। युक्रेनले गत फेब्रुअरीमा रुसको आक्रमण सुरु भएदेखि नै रुसी क्षेप्यास्त्र आक्रमणबाट प्रभावित विद्युत् गृह एवं ऊर्जा केन्द्रहरूको मर्मत तथा पुनः सञ्चालनको काम थालेको छ (र उसले यसबाट पार पाउन पनि सक्छ)। तर, चीनलाई महत्त्वपूर्ण प्रविधिगत नोक्सानीबाट पार पाउन निकै कठिन छ। रुसको बीसौँ शताब्दीको शैलीको युद्ध जति नै डरलाग्दो भए पनि एक्काइसौँ शताब्दीमा शक्तिको वास्तविक स्रोत भौगोलिक विजयमा निहित छैन। अब सबैभन्दा शक्तिशाली ती देश हुनेछन्, जसले आर्थिक, प्रविधिगत र कूटनीतिक क्षेत्रमा निपुणता हासिल गर्नेछन्, यी क्षेत्रमा प्रभुत्व जमाउनेछन्।

*(बिल्ड्ट स्विडेनका पूर्वप्रधानमन्त्री हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

## चिनियाँ कम्युनिस्ट पार्टीको २०औँ अधिवेशन सम्पन्न

# राष्ट्रपति सी झनै शक्तिशाली

**एजेन्सी**

चिनियाँ कम्युनिस्ट पार्टीको २०औँ राष्ट्रिय भेला (अधिवेशन) शनिबार सम्पन्न भएको छ। भेलाले पार्टी र देशमा सी जिनपिङको 'कोर पोजिसन (मूल स्थान)'लाई अनुमोदन गर्दै उनको तेस्रो कार्यकालको बाटो खुलाएको छ। सीलगायत सम्पूर्ण नेतृत्वको नाम आइतबार केन्द्रीय समितिको पहिलो बैठकपछि हुने पत्रकार सम्मेलनमा सार्वजनिक हुनेछ।

प्रत्येक पाँच वर्षमा आयोजित हुने चिनियाँ सत्तारुढ दलको राष्ट्रिय कंग्रेसको पछिल्लो संस्करणले सीलाई थप शक्ति दिएको र उनी अब माओत्सेतुङपछिको बलियो नेता बनेको विश्लेषण गरिँदै छ।

बेइजिङमा एक हप्ता चलेको भेलाको अन्त्यमा चिनियाँ कम्युनिस्ट पार्टीको शीर्ष नेतृत्वमा रहने केन्द्रीय समिति सदस्यको सूची सार्वजनिक गरिएको छ।

चिनियाँ समाचार एजेन्सी सिन्ह्वाले २०५ जना केन्द्रीय समिति सदस्य र १७१ जना वैकल्पिक केन्द्रीय समिति सदस्यको नाम दिएको छ। यस सूचीमा कैयौँ महत्त्वपूर्ण नेताको नाम छुटेसँगै भविष्यमा सरकारमा व्यापक फेरबदल हुने संकेत देखिएको छ। २०५ सदस्यीय केन्द्रीय समितिको सूचीमा शक्तिशाली स्थायी समितिका सातमध्ये चारजनाको नाम समावेश छैन। चारजनामा वर्तमान प्रधानमन्त्री ली खछ्याङ, वाङ याङ (जसलाई अधिवेशनअघि लीका उत्तराधिकारीको रूपमा हेरिएको थियो), हान भ्झेङ र ली भ्झान्सुलाई पनि अवकाश दिइएजस्तो देखिन्छ।

हान भ्झेङ र ली भ्झान्सुको उमेर ६८ वर्ष कटिसकेकाले पार्टी विधानअनुरूप अवकाश पाउने अनुमान गरिएको थियो। तर, ली र वाङ दुवैको उमेर ६७ हुँदाहुँदै पनि उनीहरूको नाम केन्द्रीय समितिबाट छुट्नुले उनीहरू सीको प्रतिद्वन्द्वी पन्छाउने अभियानमा परेको अनुमान गरिँदै छ। प्रधानमन्त्री ली खछ्याङ र वाङ याङको सम्बन्ध सीसँग त्यति घनिष्ठ नभएको बताइन्छ। नयाँ केन्द्रीय समितिमा यांग जिएची र लिउ हेजस्ता शक्तिशाली नेताको नाम पनि छैन। अब सीले ती नेताको स्थानमा आफ्ना सहयोगीलाई नियुक्त गर्न सक्छन्। उमेर हद पार नगरेका खछ्याङ र वाङको नाम केन्द्रीय समितिमा छुट्दा आफैँ ६९ वर्षका सीको नाम भने समावेश छ।

नयाँ केन्द्रीय समितिको पहिलो बैठकको केही समयपछि नै सीलाई आइतबार महासचिवको रूपमा अनावरण गर्ने निश्चित रहेको बताइँदै छ। महासचिवमा तेस्रोपटक चयन भएसँगै सीलाई चीनको राष्ट्रपतिको रूपमा तेस्रो कार्यकालको लागि यात्रा गर्न अनुमति मिल्नेछ। त्यसको घोषणा भने मार्चमा सरकारको वार्षिक विधायिकी सत्रमा घोषणा हुनेछ। सीले सन् २०१८ मा राष्ट्रपतिको दुई कार्यकालको सीमालाई खारेज गरेसँगै उनी आजीवन शक्तिमा रहने मार्ग प्रशस्त भएको थियो।

सी अहिले चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव, राष्ट्रपति र सशस्त्र सेना प्रमुखको पद संयोजक हुन्। उनलाई 'प्यारामाउन्ट लिडर' अर्थात् सर्वोच्च नेताको रूपमा पनि सम्बोधन गरिन्छ।



> उमेर हद पार नगरेका खछ्याङ र वाङको नाम केन्द्रीय समितिमा छुट्दा ६९ वर्षका सी जिनपिङ आफैँ भने केन्द्रीय समिति सदस्य हुनुका अतिरिक्त तेस्रोपटक महासचिव हुँदै छन्

### अधिवेशनबाट पूर्वराष्ट्रपति हु जिन्ताओको अप्रत्याशित बहिर्गमन

चिनियाँ कम्युनिस्ट पार्टीको पाँच वर्षमा हुने राष्ट्रिय महाधिवेशनलाई अत्यन्त सावधानीपूर्वक 'कोरियोग्राफ' गरिएको राजनीतिक रंगमञ्चको रूपमा हेरिन्छ। यसबाट पार्टीको एकता र वैधानिकताको सन्देश देखाउने गरिन्छ। तर, शनिबारको ग्रेट हल अफ द पिपुलमा भएको समापन समारोहमा एक नाटकीय दृश्य देखा पर्‍यो, जब अप्रत्याशित रूपमा पूर्वराष्ट्रपति हु जिन्ताओलाई हात समातेर बाहिर लगियो। हुलाई पार्टी भेलाबाट लगिएको भिडियो बाहिरिएसँगै यसबारे अन्तर्राष्ट्रिय मिडियामा विभिन्न अडकलबाजी गरिँदै छ। राष्ट्रपति सी जिनपिङको छेउमा बसिरहेका कमजोर देखिने ७९ वर्षीय हुलाई दुई अधिकारीले पाखुरामा समाएर लगेको देखिन्छ। भिडियोमा हु जिन्ताओ बाहिर जान अनिच्छुकजस्तो देखिन्छन्। सन् २००३ देखि २०१३ सम्म चीनका राष्ट्रपति रहेका हुले सीलाई सत्ता हस्तान्तरण गरेका थिए। दुई अधिकारी आएर उठाउनुअघि हु सी जिनपिङ र प्रधानमन्त्री लि खछ्याङकै छेउमा बसिरहेका देखिन्छन्। सार्वजनिक भिडियोमा अधिकारीले उठाइसकेपछि हुले सी जिनपिङसँग केही भनेको देखिन्छ, जसको जवाफमा सी टाउको हल्लाउँछन् र अर्कोतर्फ हेर्छन्। बाहिरिँदै गर्दा हुले उनका राजनीतिक शिष्य ली खछ्याङलाई कुममा धाप मार्छन्।


प्रदेश सरकार
सडक पुर्वाधार तथा शहरी विकाश मन्त्रालय
**शहरी विकाश तथा भवन कार्यालय**
घनकुटा, प्रदेश नं. १

**विवरण सच्चाईएको सूचना**

प्रकाशित मिति : २०७९।०७।०६

यस कार्यालयबाट मिति २०७९।०७।०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल कार्यहरुको निम्न विवरण अन्यथा भएकोले सच्चाईएको व्यहोरा अनुरोध छ।

| S.N. | Contract ID. | Description of works | Turnover:- NRs | Bid Capacity:- NRs |
|---|---|---|---|---|
| 1. | UDBO/DKT/ NCB/Works/ 01-08-2079/80 | Construction Of UDBO Building, Dhankuta. | 2,41,00,000.00 | 3,00,00,000.00 |
| 2. | UDBO/DKT/ NCB/Works/ 01-09-2079/80 | Construction Of Water Supply and Sanitation Division Office Building, Bhojpur. | 2,41,00,000.00 | 3,00,00,000.00 |

नि. कार्यालय प्रमुख



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय, धनगढी कैलालीको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना।**

यस कूमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी कैलालीका तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नू बूझाउनू पर्ने सांवा, व्याज आदि चूक्ता भूक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चूक्ता भूक्तान गर्ने तर्फ कूनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चूक्ता भूक्तान गर्न यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पर्ण सांवा, व्याज आदि चूक्ता भूक्तान गर्नूहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असूल उपर गरिनूका साथै कर्जा सुचना केन्द्र लिमिटेडको कालोसुचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईएको छ। साथै तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनूरोध गर्दै म्यादै भित्र कर्जा भूक्तानी गर्नू गराउनू हून सुचित गरिएको छ। अन्यथा तहांलाई समेत कर्जा सुचना केन्द्र लिमिटेडको कालोसुचिमा नाम समावेश गरिने व्यहोरा यसै सुचनाबाट जानकारी गराईएको छ।

तपसिल

क) ऋणीको विवरण

१. सालीग्राम बोहराको नाति, महेश्वर प्रशाद बोहरा/हरकला देबि बोहराको छोरा, सोचता खतिवडा को पति, जिल्ला कञ्चनपुर, कृष्णपुर न.पा. वडा नं. ०५ (साविक: कृष्णपुर गा.बि.स वडा नं.०६) मा बस्ने **प्रकाश बोहरा** (ना.प्र.नं. १६२७३५ जारी मिति: २०६१/०७/१८, जारी जिल्ला: कञ्चनपुर।



व्यक्तिगत जमानीकर्ताको विवरण:

१. चन्द्रमनि खतिवडाको नातीनी, देब हरि खतिवडा/कल्पना खतीवडाको छोरी, महेश्वर प्रशाद बोहरा/हरकला देबि बोहराको बुहारी प्रकाश बोहराको पत्नी, जिल्ला झापा कमल गा.पा वडा नं.०७ मा स्थायी ठेगाना भइ हाल, जिल्ला कञ्चनपुर, कृष्णपुर न.पा. वडा नं. ०५ मा बस्ने **सोचता खतिवडा** (ना.प्र.नं. ०४-०२-७४-०२७२७ जारी मिति: २०७४/०४/२४, जारी जिल्ला: झापा)।



२. सालीग्राम बोहराको बुहारी, रन्तखर आचार्यको छोरी, महेश्वर प्रशाद बोहराको पत्नी, जिल्ला कञ्चनपुर, कृष्णपुर न.पा. वडा नं. ०५ (साविक: कृष्णपुर गा.बि.स वडा नं.०६) मा बस्ने **हरकला देबि बोहरा** (ना.प्र.नं. ३/१९२५ जारी मिति: २०४६/०३/०५, जारी जिल्ला: कञ्चनपुर)।



धितो सुरक्षणको विवरण

१. **हरकला देवी बोहरा**को मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता कायम रहेको जिल्ला कञ्चनपुर, कृष्णपुर गा.बि.स. वडा नं. ०६ स्थित कित्ता नं. ४७५७ को जग्गा क्षेत्रफल ३०४.७४ ब.मी. तथा सोको सम्पुर्ण लिगलागपातहरु समेत।

ख) ऋणीको विवरण

१. आस बहादुर तामाङको नाति, कुल बहादुर तमाङ/पण्डी माया तामाङको छोरा, सुनमाया तामाङको पति, जिल्ला कञ्चनपुर, पुनरर्वास न.पा. वडा नं. ३ (साबिक: त्रिभुवनबस्ती गाँउ पञ्चायत वडा नं.०४) मा बस्ने **नरवीर तमाङ** (ना.प्र.नं. ६९७४८०० जारी मिति: २०४४/०८/०६, जारी जिल्ला: कञ्चनपुर।



व्यक्तिगत जमानीकर्ताको विवरण:

१. फुलमान सिंह घिसीङ/ज्ञानी माया घिसीङको छोरी, कुल बहादुर तमाङ/पण्डी माया तामाङको बुहारी, नरवीर तमाङको पत्नी जिल्ला कञ्चनपुर, पुनरर्वास न.पा. वडा नं. ०३ (साबिक: त्रिभुवनबस्ती गा.वि.स. वडा नं.०४) मा बस्ने **सुनमाया तामाङ**(ना.प्र.नं. ७५३०२०/४३४ जारी मिति: २०६३/१०/१९, जारी जिल्ला: कञ्चनपुर)।



२. कुल बहादुर तमाङ/पण्डी मायां तामाङको नाती, नरवीर तामाङ/सुनमाया तामाङको छोरा जिल्ला कञ्चनपुर, पुनरर्वास न.पा. वडा नं. ०३ (साबिक: त्रिभुवनबस्ती गा.बि.स वडा नं. ०५) मा बस्ने **नबिन तामाङ** (ना.प्र.नं. ७५२०२०/८२७ जारी मिति: २०६६/१२/०२, जारी जिल्ला: कञ्चनपुर)।



धितो सुरक्षणको विवरण

१. **नरवीर तमाङ**को नाममा बेलौरी कञ्चनपुर मालपोत कार्यालय दर्ता कायम रहेको जिल्ला कञ्चनपुर, कालिका गा.बि.स. वडा नं. ०४ स्थित कित्ता नं. २३६ को जग्गा क्षेत्रफल ३४०.०० ब.मी. तथा उक्त जग्गामा भविष्यमा निर्माण हुने घरको लिगलागपातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

धनगढी शाखा फोन नं. ०९१-५२६०३६/३७



Government of Nepal
Ministry of Physical Infrastructure & Transport
**Department of Roads**
Federal Road Supervision & Monitoring Office, Surkhet
**Road Division Baitadi**

**Invitation for Bids (IFB) No. IFB-079/80-06**

**Date of first publication: 2079-07-06 (23rd of October, 2022)**

1. Road Division, Baitadi invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Excl. of VAT and Contingencies (NRs) | Bid Security Amount (NRs) | Validity of Bid Security (Days) | Non Refundable Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | RDBTD/ 337310113/079/80-30 | Periodic Maintenance works At Khodpe-Bitthad Section (Ch.000+000-29+500) of Khodpe-Chainpur Road(NH-64). | - | 1660000 | 120 | 5000 |
| 2 | RDBTD/ 33701136/079/80-31 | Road Furniture works along Satbanjh-Gokuleshwar-Darchula Section of Mahakali Highway. (ch 0+000 to 126+000) | 6,428,637.34 | 180000 | 120 | 3000 |

Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp,

| Last Date and Time for Bid Purchase and Bid Submission | Date and Time for Bid Opening |
|---|---|
| Date: B.S. 2079/08/06(A.D.2022/11/22)<br>Time: Within 12:00 hours | Date: B.S. 2079/08/06(A.D.2022/11/22)<br>Time: At 13:00 hours |

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank) | |
|---|---|---|---|
| Bank: | Rastriya Banijya Bank, Baitadi | Bank: | Rastriya Banijya Bank, Baitadi |
| Account Name: | Road Division Baitadi | Account Name: | District Treasury Controller Office, Baitadi |
| Account Number: | 1000200010000 | Account No. | 4050100102030000 |
| Office code: | 337017401 | Office Code | 305017401 |
| Revenue Head: | 14229 | | |

***Division Chief***



**Triveni Rural Municipality**
**Office of the Rural Municipal Executive**
Jugar, Rolpa
Lumbini Province, Nepal

**Invitation for Bids through National Competitive Bidding (NCB)**

**Date of publication: October 23, 2022**

| S. N. | Contract No. | Name of Road | Bidding procedures | Cost of Bid Document | Bid Security: Amount | Bid Security: Validity Period up to | Estimated Cost (With VAT, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | **TRM/ROLPA/ TB/G/NCB/ 01/2079-080** | Procurement of Fabricated Steel Parts for Short Span Trail Bridges (SSTB), Trm-Rolpa | Single Stage Single Envelope | NRs. 3,000.00 | NRs. 50,000.00 | 120 days from date of bid opening | NRs. **1 8,80,999.27** |
| 2 | **TRM/ROLPA/ WORKS/ ROAD/NCB/ 02/2079-080** | Construction of Jugar Nigalpani Blacktop Road (Whap Khola to Lamputali Chaur Section Under Chainage 5+335-6+335), Triveni Rural Municipality -05, Jugar, Rolpa | Single Stage Single Envelope | NRs. 3,000.00 | NRs. 4,00,000.00 | 120 days from date of bid opening | NRs. **1,53,61,687.94** |

**Bid schedule & Bank account Details**

| Last Date, Time of bid purchase | Last Date, Time of Bid Submission and Opening | Bank Account Details: Account Details | Bank Account Details: Ga 1.1Tribeni Ga Pa Aantarik Rajawso Khata No. (for cost of Bid document) | Bank Account Details: Ga 1.1 Tribeni Ga Pa Dharauti Khata No. (for Bid Security) |
|---|---|---|---|---|
| *November 22, 2022* within office hours | *November 23, 2022* at or before12:00 hrs and at 13:00 hrs respectively | **Name of Bank**: Nepal Investment Bank **Branch** : Jungar Branch | **A/C No.** 07101400250108 | A/C No. 07101040251464 |

Bidders may obtain further information from the **Tribeni Rural Municipality, Jungar, Rolpa**or may visit PPMO website: **www.bolpatra.gov.np/egp** under the name of Public Entity "**TribeniRural Municipality**". Note : The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsover.

**Chief Administrative Officer**

Ministry of Urban Development

## Department of Local Infrastructure

# Local Infrastructure Development Project Office

Itahari, Province 1

## Invitation for Online Bids

**(Date of Publication: 2079/07/06)**

1. Local Infrastructure Development Project Office, Itahari, Province 1 invites electronic bid from eligible bidders for the following contract packagesunder National Competitive Bidding Proceduresin the e-GP system (www.bolpatra.gov.np/egp) of Government of Nepal

| Contract No | Last date of submission | Bid opening time | Average Annual Turn Over (million) | Bid document Cost (NRs.) | Bid Security (NRs.) | Bid Validity period (days) |
|---|---|---|---|---|---|---|
| LIDPO1/NCB/W/MB/01/2079-80 (Construction of 1 no of Motorable bridge) | 23rd November, 2022 until 12:00 PM | 23rd November, 2022 at 12:30 PM | 63.00 | 5000 | 2200000 | 90 |
| LIDPO1/NCB/ W/TB/05/2079-80 (Construction of 2 nos of Trail Bridges) | | | 55.00 | 5000 | 1400000 | 90 |

2. Bidders can submit their bid to the office of Local Infrastructure Development Project Office, Itahari through PPMO's web site www.bolpatra.gov.np/egp
3. If the last date of purchase, submission and opening falls on a government holidays, then next working day shall be considered as the last date.
4. The employer reserves the right to accept or reject, wholly or partly any of the bids without assigning any reason.
5. For further details, bidders are requested to visit Project Office at Itahari, Sunsari or PPMO's web site www.bolpatra.gov.np/egp

Office Chief

Madhesh Province Government

## Ministry of physical infrastructure Development

## Road Division Chandranigahpur

Rautahat

## Invitation for Bid

**Tender Notice Number:01/2079/80**

**First Date of Publication: 2079/07/06 (Oct 23, 2022)**

1. **Road Division, Chandranigahpur** invites Open Competitive Bidding (Single Stage Single/Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No. | Work Site & Works Description | Est. Amount (Exclusive of VAT & Contingencies) NRs. | Time for Completion from Date of Work Order | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fees, NRs. |
|---|---|---|---|---|---|---|---|
| 1 | RDCNP/33791 1274/2079/80-2 | Construction of Box Culvert & Road Improvement works along Nijgadh Pataura Bankul Sadak, Rautahat | | 11 Months | 728000.00 | 120 Days/ 150 Days | 5000.00 |
| 2 | RDCNP/3379 11294/2079/80-3 | Construction of Blacktop road along Gaur Pipara Samanpur Bishrampur Sadak. | | 11 Months | 705000.00 | 120 Days/ 150 Days | 5000.00 |
| 3 | RDCNP/33791 1294/2079/80-4 | Road improvement works along Nijgadh Pataura Bankul sadak, Rautahat | | 11 Months | 705000.00 | 120 Days/ 150 Days | 5000.00 |
| 4 | RDCNP/337911 394/20 79/80-5 | Road Improvement Works along Chutaha Maulapur Jaynagar Sadak, Rautahat | | 11 Months | 937000.00 | 120 Days/ 150 Days | 5000.00 |
| 5 | RDCNP/337911 274/2079/80-6 | Construction of blacktop road along Paurahi mandir, samudayik bhawan hudai nunthar jane sadak, Rautahat | 12,815,367.06 | 6 Months | 350000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 6 | RDCNP/337911 404/2079/80-7 | Construction of blacktop road along Singar Man Dekhi Bagmatipul Samma Sadak, Rautahat | 8,532,933.91 | 6 Months | 235000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 7 | RDCNP/337911 404/2079/80-8 | Construction of Blacktop road along Brindaban 6 Kamalpatti rupa Ma.Vi 4km. Sadak, Rautahat | 8,544,662.41 | 6 Months | 235000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 8 | RDCNP/337911 404/2079/80-9 | Construction of Blacktop road along Baudhimai Na.pa.-2 inarwa Bazar dekhi Bakaiya Bandha sadak, Rautahat | 8,537,267.39 | 6 Months | 235000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 9 | RDCNP/337911 404/2079/80-10 | Road Improvement Works along Rautahat Chandrapur Wada No. 8 Santapur Dekhi Sindreghari Hudai Malintole Chetnagar Samma Pakki Sadak Nirman, Rautahat | 8,536,749.94 | 6 Months | 235000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 10 | RDCNP/337911 294/2079/80-11 | Road improvement works along Maryadpur Ajgaibi Basantapatti sadak, Rautahat | 4,101,491.36 | 6 Months | 142000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 11 | RDCNP/337911 394/2079/80-12 | Construction of drain along Mainathpur-7, Harkathwa-6 , Hanuman Chowk Sisautiya Sadak, Sarlahi | 4,957,210.39 | 6 Months | 136000.00 | 90 Days/ 120 Days | 3000.00 |
| 12 | RDCNP/337911 354/2079/80-13 | Road Improvement works along Balara Border dekhi Hathiyau, Nanaharganj bazar Hudai chautauna, Mirzapur, arnaha Madhubani hudai dumariya ko Anil singh ko ghar saam sadak sarlahi | | 11 Months | 778000.00 | 120 Days/ 150 Days | 5000.00 |
| 13 | RDCNP/337911 354/2079/80-14 | Road Improvement works along Sisaut Bazar -Balara Gadariya sadak, Sarlahi | | 11 Months | 1127000.00 | 120 Days/ 150 Days | 5000.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Gaur, Rautahat | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank, Gaur, Rautahat | Con. No.2079/08 0-2 to 2079/080-14 | 10th Nov 2022 (2079/07/24) Time: 11:00 AM | 22nd Nov 2022 (2079/08/06) Time: 12:00 PM | 22nd Nov 2022 (2079/08/06) Time: 13:00 PM |
| Rajaswa khata | No. 1000200010000 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Deposit Account | No.: 1210100202030000 | | | | |
| Office code No.: - | 3370120022 | | | | |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website **http://www.bolpatra.gov.np/egp.**
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Twelveth Amendment-2079) and prevailing laws of Nepal. Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. Road Division, Chandranigahpur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.
7. If the Office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.

(शर्त सहितको र बैंक जमानत दावी गर्दा सक्कल प्रति फिर्ता गर्नु पर्नेछ भन्ने लगायका शर्त राखिएका बैंक जमानत स्वीकार गरिने छैन, बोलपत्र अयोग्य हुने छन्)

**Division Chief**

# प्राविधिक निरीक्षण गर्न माथिल्लो तामाकोसीको विद्युत् उत्पादन एक साता बन्द हुने

श्याम खतिवडा/नयाँ पत्रिका
दोलखा, ५ कात्तिक



दोलखास्थित माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन एक साता बन्द हुने भएको छ। आयोजनाको प्राविधिक निरीक्षण गर्न कात्तिक ८ गतेदेखि १५ गतेसम्म विद्युत् उत्पादन बन्द हुने भएको हो। विद्युत् प्राधिकरणले ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको उत्पादन युनिट बन्द गरेर पहिलोपटक प्राविधिक निरीक्षण गर्न लागेको जनाएको छ। आयोजनाले शुक्रबार एक विज्ञप्ति जारी गर्दै लामाबगरस्थित आयोजनाको हेडवर्कस् र मुख्य सुरुङको प्राविधिक निरीक्षणका लागि आयोजनाबाट बिजुली उत्पादन बन्द गरिने जनाएको छ।

विज्ञप्तिमार्फत आयोजनाले कात्तिक ८ गतेदेखि १५ गतेसम्म जलाशयको पानी घटाउने क्रममा बाँधको तल्लो तटीय क्षेत्रमा करिब ११-१२ घन्टा नदीको बहाव बढ्ने भएकाले सतर्कता अपनाउन पनि आग्रह गरेको छ। लामाबगर, छ्योतछ्योत, गोंगर, जगत, टुनिटार, भोर्ले, सिंगटी, नयाँ पुल, किर्ने, खिम्तीसहित सुनकोसी नदीको दोभानसम्म माछा मार्ने, नुहाउने, पौडी खेल्ने, नदी तर्ने, बस्तुभाउ लैजाने, बालुवा-गिट्टी निकाल्ने, गाडी तार्ने जस्ता कार्य नगर्न आयोजनाले आग्रह गरेको छ। यस्तै, नदी किनारमा परम्पराअनुसार मृतकको दाहसंस्कार वा धार्मिक संस्कार गर्दा सतर्कतापूर्वक गर्नसमेत विज्ञप्तिमा उल्लेख छ। स्वदेशी लगानीमा निर्माण गरिएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको ६ वटा युनिटबाट अहिले ४ सय ५६ मेगावाट विद्युत् नै उत्पादन भइरहेको थियो। आयोजनाले ०७८ साल साउनदेखि नियमित विद्युत् उत्पादन सुरु गरेको थियो भने ०७८ भदौ १० गतेबाट व्यावसायिक उत्पादन सुरु गरेको थियो।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०७९/०७/०६

यस गुडविल फाइनान्स लिमिटेड(वित्तीय संस्था)को शाखा कार्यालय फिदिमबाट तपाई ऋणीहरूले तपसिलमा उल्लेखित धितो सुरक्षण राखि विभिन्न शिर्षकको कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरूलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगाना समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउन हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सर्म्पक राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानुन बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र उक्त धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानुन बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धि ऋणी तथा जमानत कर्ताहरूलाई सुचीत गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

| क्र.सं | कर्जावालाको विवरण | सुरक्षण वापत धितोको विवरण | व्यक्तिगत जमानीवाला |
|---|---|---|---|
| १. | फक्ताङलुङ्ग अटोमोटिभ्स<br>दर्ता नं.<br>प्रा.फ.र.नं. ७३५/०७४/०७५<br>दर्ता मिति : २०७४/०८/०६<br>पान नं. : ६०७२३९२९४<br>पान दर्ता मिति : २०७४/०८/२५<br>ठेगाना : फिदिम न.पा. वडा नं. ४<br>अख्तियार प्राप्त व्यक्ति : टाइसन केरुङ लिम्बु<br>कर्जा : व्यापारिक | १. महन्त सिं केरुङको नाति पूर्ण बहादुर लिम्बुको छोरा पाँचथर जिल्ला याङनाम गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल ऐ जिल्ला फिदिम न.पा. वडा नं. ४ बस्ने बर्ष २७ को टाइसन केरुङ लिम्बु-ना.प्रा. ०२-०१-६९-०११५५) ले यस फाइनान्स बाट सवारी साधन धितो राखि कर्जा लिनुभएको छ।<br>१. गाडिको विवरण Case 5500 4 WD Tractor इन्जिन नम्बर 304022DT च्यासिस नम्बर Jxt2529964 बनेको साल 2020 दर्ता नम्बर Pra1 01 001 ta 9863 समेत।<br>२. गाडिको विवरण New Holland 5500 इन्जिन नम्बर 243596DT च्यासिस नम्बर NH2442569 बनेको साल 2019 दर्ता नम्बर Pra1 01 001ta 9864 समेत। | <br>१. नाम : टाइसन केरुङ लिम्बु<br>स्थायी ठेगाना : पाँचथर जिल्ला याङनाम गा.बि.स./न.पा. वडा नं. ६<br>हालको ठेगाना : ऐ जिल्ला फिदिम न.पा. वडा नं. ४<br>बाबु : पूर्ण बहादुर लिम्बु<br>बाजे : महन्त सिं केरुङ<br>ना.प्रा.नं : ०२-०१-६९-०११५५<br>जारी मिति : २०६९/०८/११<br>जि.प्र.का पाँचथर<br><br>२. नाम : प्रताप लावती<br>स्थायी ठेगानाः पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ४<br>हालको ठेगानाः ऐ जिल्ला ऐ न.पा. वडा नं. ऐ<br>बाबु : नइन्द्र कुमार लावती<br>बाजे : रन बहादुर लावती<br>ना.प्रा.नं : २४७/९३९<br>जारी मितिः२०५९/०५/३०<br>जि.प्र.का पाँचथर |
| २. | <br>नाम : हरि माया खनाल<br>स्थायी ठेगाना : पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : ऐ. जिल्ला ऐ न.पा. वडा नं.४<br>बाबु : पदम लाल सापकोटा<br>ससुरा : प्रेमलाल खनाल<br>पतिको नाम : तुलसी प्रसाद खनाल<br>ना.प्र.नं :१३६२<br>जारी मिति :२०४१/१२/०९, जि.प्र.का पाँचथर।<br>कर्जा : कृषि | प्रेमलाल खनालको बुहारी पदम लाल सापकोटाको छोरी तुलसी प्रसाद खनालको एकाघरको श्रिमती पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ऐ. जिल्ला ऐ न.पा.वडा नं.४ बस्ने हरिमाया खनालको नाममा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ९ज को कि.नं.६४, ६५, ६७ र १६९ को क्षे.फ १-१३-२-१, ३-३-१-३, १-१४-०-३ र २-८-०-० (रो-आ-पै-दा ) जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगल-लगापात समेत। | <br>१. नाम : मञ्जु दहाल<br>स्थायी ठेगाना : ईलाम जिल्ला मंगलवारे गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. ४<br>बाबु : प्रेम प्रसाद दहाल<br>ससुरा : तुलसी प्रसाद खनाल<br>पतिको नाम : विनोद खनाल<br>ना.प्र.नं : १२४ /२४५४<br>जारी मिति र स्थान २०६०/१०/२६<br>जि.प्र.का इलाम<br><br>२. नाम : विनोद खनाल<br>स्थायी ठेगाना :पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : ऐ. जिल्ला फिदिम न.पा. वडा नं. ४<br>बाबु : तुलसी प्रसाद खनाल<br>बाजे : प्रेमलाल खनाल<br>ना.प्र.नं : ७०२६<br>जारी मिति र स्थान :२०५२/१०/०५<br>जि.प्र.का पाँचथर |
| ३. | तामाङ्ग डेरी उद्योग<br>दर्ता नं.<br>प्रा.फ.र.नं. ५१८७/०७७/०७८<br>दर्ता मिति : २०७८/०३/२०<br>पान नं. : ६१६०२६२८३<br>पान दर्ता मिति : २०७८/०३/२२<br>ठेगाना : माईजोगमाई गा.पा. वडा नं. ५<br>अख्तियार प्राप्त व्यक्ति : श्री बहादुर तामाङ्ग<br>कर्जा : कृषि | बलबिर तामाङ्ग को नाती हस्त बहादुर तामाङ्ग को छोरा ईलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल ऐ जिल्ला माईजोगमाई गा.पा.वडा नं. ५ बस्ने श्री बहादुर तामाङ्गको नाममा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७ख को कि.नं.२८७, १८७ र १८८ को क्षे.फ १-०-०-०, ३-५-१-३ र १४-३-०-१(रो-आ-पै-दा) जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगल-लगापात समेत। | <br>१. नाम : निरु तामाङ्ग<br>स्थायी ठेगाना : ईलाम जिल्ला माईजोगमाई गा.पा. वडा नं. ५<br>हालको ठेगाना : ऐ जिल्ला ऐ गा.पा. वडा नं. ऐ<br>बाबु : श्री बहादुर तामाङ्ग<br>बाजे : हस्त बहादुर तामाङ्ग<br>ना.प्र.नं : ०३-०१-७६-०१०५१<br>जारी मिति र स्थान २०७६/०३/०१<br>जि.प्र.का इलाम<br><br>२. नाम :सुनिता तामाङ्ग<br>स्थायी ठेगाना : ईलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना : ऐ जिल्ला माईजोगमाई गा.पा.वडा नं. ५<br>बाबु : पहलमान तामाङ्ग<br>ससुरा : हस्त बहादुर तामाङ्ग<br>पतिको नाम : श्री बहादुर तामाङ्ग<br>ना.प्र.नं : ०३-१-०४४ /८९९९३<br>जारी मिति र स्थान २०६५/०९/२४<br>जि.प्र.का इलाम<br><br>३. नाम : श्री बहादुर तामाङ्ग<br>स्थायी ठेगाना : ईलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना : ऐ जिल्ला माईजोगमाई गा.पा.वडा नं. ५<br>बाबु : हस्त बहादुर तामाङ्ग<br>बाजे : बलबिर तामाङ्ग<br>ना.प्र.नं : २४४ /१०७९<br>जारी मिति र स्थान : २०४४/११/०६<br>जि.प्र.का इलाम |

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४४४४०३५, फ्याक्सः ४४४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु
डिल्लीबजार ४४२२२५० इन्द्रचोक ५३२५५५४ भक्तपुर ६६२००६७ कुमारीपाटी ५४०८६५० त्रिपुरेश्वर ५३३१५३३ नयाँबजार ५५१०७३८ ईटहरी, सुनसरी ०२५-५८७०५१ विर्तामोड ०२३-५३०५४८ नेपालगंज ०८१-५३२०५६
घोराही, दाङ ०८२-५६३३५० ईलाम ०२७-५२०५४५ फिदिम ०२४-५२१०६८ बुटवल ०७१-५३७२८२ बर्दिबास ०४४-५५०१०२ धनगढी ०९१-४१७३५७ नवलपुर ०४६-५७००६० गैंडाकोट ०७८-५०१४११ भैरहवा ०७१-५९०९६३

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

# युवालाई विदेश पठाउने कि स्वदेशमै रोजगारी दिने ?

**कृष्ण रिजाल, पवन तिमिल्सिना**/नयाँ पत्रिका

जनतालाई स्वदेशमै रोजगारी दिनुपर्ने संविधानको मर्म र भावनाविपरीत राजनीतिक दलका नेताहरू युवाहरूलाई वैदेशिक रोजगारीमा जाने लोभ देखाउन थालेका छन्। नेताहरूले युवाहरूलाई विदेश जानैपर्ने बाध्यताको अन्त्य गर्ने नीति तथा कार्यक्रम ल्याउनुको साटो 'फ्री भिसा फ्री टिकट'को प्रलोभन देखाउन थालेका छन्। वैदेशिक रोजगारविज्ञ तथा सामाजशास्त्री डा. गणेश गुरुङले युवालाई स्वदेशमै श्रम तथा उद्यम गर्न प्रेरित नगराएर नेताहरूले वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिरहेको बताए।

पछिल्लो पाँच वर्षमा देशमा साढे ४१ खर्ब रेमिट्यान्स भित्रिएको छ। तर, सोही अवधिमा वैदेशिक रोजगारीका क्रममा पाँच हजार नेपालीले ज्यान गुमाएका छन्। रेमिट्यान्सको मूल्य डरलाग्दो भए पनि राजनीतिक दल र नेताहरूले त्यसको उचित विकल्प दिन नसकेको गुरुङको भनाइ छ। 'स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने भनेको ६०-६५ वर्ष भइसक्यो, तर काम हुन सकेको छैन, अघिल्लो वर्ष मात्रै दैनिक सरदर १७ सय २१ नेपाली वैदेशिक रोजगारीमा गए,' उनले भने, 'जनता र देशको तत्कालीन संकट टार्न वैदेशिक रोजगार र रेमिट्यान्स सही छ, तर यो भरपर्दो छैन, यसले देशको समुन्नतिमा दीर्घकालीन योगदान गर्दैन।'

देशका लागि विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्स भएकाले यसलाई व्यवस्थित गर्नुपर्ने अर्थविद् नरबहादुर थापा बताउँछन्। 'अहिलेका लागि वैदेशिक रोजगारीको विकल्प छैन, देश चलाउने र देश विकास गर्ने प्रमुख आधार नै यही हो,' उनले भने, 'तर, रेमिट्यान्स दिगो नहुन सक्छ, हाम्रो नियन्त्रणमा हुँदैन, त्यसैले क्रमशः यसको विकल्प खोजिनुपर्छ।' पूर्वप्रधानमन्त्री तथा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले रौतहटमा बुधबार एक कार्यक्रममा आफूले चुनाव जिते 'फ्री भिसा फ्री टिकटमा विदेश पठाउने' सार्वजनिक अभिव्यक्ति दिए। त्यसअघि नेपाली कांग्रेसकी नेतृ प्रधानमन्त्रीपत्नी आरजु देउवाले पनि कांग्रेसले जिते फ्री फिसा फ्री टिकटमा विदेश पठाउने अभिव्यक्ति दिएकी थिइन्।

सरकारले स्वदेशमै रोजगारी सिर्जना नगरेका कारण नेपालमा वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको अर्थशास्त्री पुष्कर बज्राचार्यले बताए। उनले भने, 'स्वदेशमै रोजगारी दिने योजना नआएका होइनन्, तर ती योजना र कागजमा मात्रै सीमित भए। राजनीतिक दलहरूले स्वदेशमा रोजगारी बढाउने नभई फ्री भिसा फ्री टिकटको भाषणबाजी गरिरहेका छन्।'

त्यस्तै, वैदेशिक रोजगारीलाई सहजीकरण गर्ने तथा त्यसबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमा लगाउन नीति-निर्माताले जोड दिनुपर्ने अर्थविद् नरबहादुर थापाले बताए। उनले भने, 'रेमिट्यान्स दिगो नहुन पनि सक्छ, यसमा हाम्रो नियन्त्रण छैन। त्यसैले यसको विकल्प खोज्नुपर्छ।'

पछिल्ला पाँच वर्षमा भित्रिएको रेमिट्यान्स र वैदेशिक रोजगारीमा ज्यान गुमाउने नेपालीको संख्या

| रेमिट्यान्स | आर्थिक वर्ष | मृतकको संख्या |
|---|---|---|
| ९ खर्ब ६१ अर्ब | ०७७/७८ | १४७९ |
| ८ खर्ब ७५ अर्ब | ०७६/७७ | १२४३ |
| ८ खर्ब ७९ अर्ब | ०७५/७६ | ७५३ |
| ७ खर्ब ५५ अर्ब | ०७४/७५ | ८२२ |
| ६ खर्ब ९५ अर्ब | ०७३/७४ | ७५५ |

*स्रोत : नेपाल राष्ट्र बैंक र वैदेशिक रोजगार बोर्ड*

## वैदेशिक रोजगारी घटाउँदै लग्नुपर्छ

**डा. गणेश गुरुङ**, वैदेशिक रोजगारविज्ञ तथा सामाजशास्त्री



'फ्री भिसा फ्री टिकट'को व्यवस्थासहित शून्य लागतमा युवालाई वैदेशिक रोजगारमा पठाउने सरकारी नीति नै हो। तर, श्रमिकहरू शून्य लागतमा जान पाएका छैनन्, लाखौं रुपैयाँ तिरिरहेका छन्, ठगी भइरहेको छ।

नेताहरूले चुनावी खपतका लागि मात्रै नभई यथार्थमै हुने गरी फ्री भिसा फ्री टिकट हो भने उचित हो। अहिले नेपालका लागि वैदेशिक रोजगार र रेमिट्यान्स निर्विकल्प छ। तर, यसलाई क्रमशः घटाउँदै लैजानुपर्छ। रेमिट्यान्सले देश समुन्नत बन्दैन। नेपालीहरू नेपालमै बसेर मात्रै देश विकास गर्न सकिन्छ।

## स्वदेशको रोजगारी कागजमै सीमित

**पुष्कर बज्राचार्य**, अर्थशास्त्री



सन् १९९८ नेपालमा रोजगारमा आबद्ध जनशक्ति ९८ लाख थियो। सन् २००८ मा एक करोड ६ लाख पुग्यो। २०१८ मा यो संख्या ७० लाखमा सीमित भयो। हामीकहाँ रोजगारीको क्षमता घट्दै गएको देखिन्छ। सरकारले स्वदेशमै रोजगारी सिर्जना गर्न सकेको छैन। ठीक उल्टो गरी नेपालमा वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गयो। स्वदेशमै रोजगारी दिने योजना नआएका होइनन्, तर ती योजना र कागजमा मात्रै सीमित भए। राजनीतिक दलहरूले स्वदेशमा रोजगारी बढाउने नभई फ्री भिसा फ्री टिकटको भाषणबाजी गरिरहेका छन्।

## आन्तरिक र वैदेशिक रोजगारीलाई मिलाएर लैजानुपर्छ

**नरबहादुर थापा**, अर्थविद्



विकासको मुख्य स्रोत विदेशी मुद्रा हो, जसले मेसिनरी, प्रविधि, कच्चा पदार्थलगायत सबैथोक किन्न सक्छ। नेपालका लागि विदेशी मुद्राको मुख्य स्रोत वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स हो। देश विकासका लागि मात्रै होइन, देश चलाउनका लागि पनि चाहिने विदेशी मुद्रोको स्रोत रेमिट्यान्स नै हो। त्यसैले वैदेशिक रोजगारीलाई सहजीकरण गर्ने तथा त्यसबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमा लगाउन नीति-निर्माताले जोड दिनुपर्छ। तर, रेमिट्यान्स दिगो नहुन पनि सक्छ, यसमा हाम्रो नियन्त्रण छैन। त्यसैले यसको विकल्प खोज्नुपर्छ। त्यो भनेको वैदेशिक लगानी, पर्यटन र निर्यात नै हो। हामीले आन्तरिक र वैदेशिक रोजगारीलाई सन्तुलन मिलाएर लैजानुपर्छ। रेमिट्यान्समाथिको निर्भरता क्रमशः घटाउँदै लानुपर्छ। प्राप्त रेमिट्यान्स उत्पादन र पुँजी निर्माणमा लगाउनुपर्छ।

# ठेक्का तोड्ने चेतावनीपछि चिनियाँ कम्पनीले सुरु गर्‍यो काम

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सरकारको ठेक्का तोड्ने चेतावनीपछि चिनियाँ निर्माण कम्पनीले नारायणगढ-बुटवल सडकखण्ड स्तरोन्नति गर्न सुरु गरेको छ। कम्पनीले गत सातादेखि सडक मर्मत गर्ने, कालोपत्रे गर्ने तथा पुल निर्माण गर्ने कार्यलाई तीव्रता दिएको हो।

उक्त आयोजनाको ठेक्का पाएको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनको लापरबाहीले निर्माण सम्पन्न गर्नुपर्ने अवधिमा समेत आयोजनाको भौतिक प्रगति १९ प्रतिशत मात्रै पुगेको छ। त्यसपछि सडक विभागले ९ असोजमा सार्वजनिक सूचनामार्फत ५ कात्तिकभित्र कार्यसम्पादनमा सुधार नल्याए ठेक्का तोड्ने चेतावनी दिएको थियो। त्यसपछि बल्ल कम्पनीले निर्माण कार्यलाई तीव्रता दिएको विभागका महानिर्देशक अर्जुनजंग थापाले बताए। 'निर्माण कम्पनीले अहिले भने राम्रोसँग काम गरेको जानकारी आएको छ। पहिला पुल निर्माणको काम त ठप्पै थियो। कम्पनीले त्यससम्बन्धी तस्बिरसमेत पठाएको छ,' उनले भने। यद्यपि, ठेक्कालाई निरन्तरता दिने विषयमा स्थलगत अध्ययनपछि मात्रै निर्णय गरिने उनको भनाइ छ। कम्पनीलाई दिएको अवधि शनिबार सकिँदै छ, त्यसलगत्तै आयोजनाको स्थलगत अध्ययन गर्ने उनले जानकारी दिए। 'अब केही दिनमै स्थलगत अध्ययन गर्नेछौं। कम्पनीको कामबारे स्थानीय, परामर्शदाता कम्पनीसँग पनि छलफल गर्नेछौं,'



नारायणगढ-बुटवल सडकखण्ड

उनले भने, 'यदि कम्पनीले राम्रोसँग काम गरेको पाइयो र भविष्यमा समेत राम्रोसँग काम गर्ने विश्वास भयो भने ठेक्का रद्द हुँदैन। त्यस्तो नदेखिएमा ठेक्का रद्द गर्छौं।' कम्पनीले यसअघि पनि चुस्त रूपमा काम गर्ने र पछि छोड्ने गरेको थियो। त्यो अवस्थामा अहिले नै तत्काल विश्वास गर्ने आधार भने छैन। त्यो अवस्थामा परामर्शदाता कम्पनीसँग छलफल गरेर निर्णय गरिने आयोजनाको पश्चिमखण्डका प्रमुख प्रदीपराज शाक्यले बताए।

यस्तै, ठेक्का तोडेपछि मुद्दा-मामिला हुने तथा नयाँ टेन्डर गरेर अघि बढ्दा नौ महिनादेखि १२ महिनासम्म लाग्छ। सो अवधिमा सडक पनि अलपत्र भएर बस्छ। उक्त सडकले कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशलाई केन्द्रीय राजधानीसँग जोडेको छ। साथै, त्यो सुनौली भन्सार (नाका)सँग जोडिएको सडक पनि हो। साथै, ठेक्का तोड्दा आयोजनामा लागत पनि झन्डै दोब्बर हुने सम्भावना छ। त्यो अवस्थामा निर्माण कम्पनीलाई अन्तिम मौका दिन सकिने विभागका एक उच्च अधिकारीले बताए।

### ढिलाइ हुनुका तीन कारण

निर्माण कम्पनीले कोरोना महामारीका कारण समयमा काम गर्न नसकेको पत्र विभागलाई पेस गरेको छ। साथै, सडकमा रहेको बिजुलीको पोल हटाउन र रूख कटानीको स्वीकृत पाउन ढिलाइ हुँदा पनि राम्रोसँग काम गर्न नसकेको कम्पनीको जिकिर छ। अहिले भने त्यो समस्या समाधान भइसकेको छ। त्यो अवस्थामा निर्माण कम्पनीलाई काम गर्न सहज हुने विभागको भनाइ छ।

### एक वर्षभित्र निर्माण सक्ने कम्पनीको दाबी

निर्माण कम्पनीले अबको एक वर्षमा ठेक्काअनुसारको काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। कम्पनीले विभागमा वर्क सेड्युल (कार्यतालिका)समेत पेस गरेको विभागले जनाएको छ। पूर्व-पश्चिम राजमार्गको उक्त सडकखण्ड (एक सय १३ किलोमिटर)लाई चार लेनको बनाउने गरी विभाग र कम्पनीबीच पुस ०७५ मा सम्झौता भएको थियो। उक्त सडकखण्डलाई दुई भागमा विभाजन गरेर सोही कम्पनीलाई नै ठेक्का दिइएको थियो। त्यसमा पश्चिम भागको सात अर्ब ८६ करोड रुपैयाँ र पूर्वी भागको झन्डै १० अर्ब रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो।

सरकारले एसियाली विकास बैंकको ऋण सहयोगमा यो आयोजना अघि बढाएको हो। सम्झौताअनुसार कम्पनीले साढे तीन वर्षभित्र सडकको स्तरोन्नति गरिसक्नुपर्ने थियो, जुन म्याद गत साउनमै सकिएको छ। यद्यपि, कोरोना महामारीका कारण कम्पनीले सरकारबाट थप एक वर्ष म्याद भने पाइसकेको छ। तर, साढे तीन वर्ष बितिसक्दा पनि आयोजनाको भौतिक प्रगति भने झन्डै १९ प्रतिशत मात्रै छ। काम सम्पन्न हुने अवधिमा समेत निराशाजनक भौतिक प्रगति देखिएपछि विभागले यस्तो कदम लिएको थियो। यस्तै, संघीय संसद् अन्तर्गतको विकास तथा प्रविधि समितिले पनि गत साउनमा निर्माण कम्पनीसँग ठेक्का तोड्नुपर्ने भन्दै कारबाहीको प्रक्रिया अघि बढाउन सरकारलाई निर्देशन दिएको थियो।

यो सडक देशकै व्यापारिक मार्गका रूपमा परिचित छ। यसलाई एसियन हाई-वेका रूपमा स्तरोन्नति गर्ने भनिएको थियो। तर, अहिले उक्त सडकखण्ड एकदमै नाजुक अवस्थामा पुगेको छ।


## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**पाचौं पटक प्रकाशित मिति : २०७९/०७/०६**

यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र उपमहानगरपालिकाले आ.व. २०७९/८० को लागि तपशिल बमोजिमको कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको विवरण र कालो सूचिमा नपरेको स्व:घोषणा पत्रको प्रतिलिपिहरु सहित रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | आय सङ्कलन गर्ने दररेट (मू.अ.क. समेत) | न्युनतम अंक संशोधन सहित (मू.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटि रकम |
|---|---|---|---|---|---|---|
| १ | RE: HMUN/ Rajaswa/ 03/2079/80 | सडक पूर्वाधार मर्मत संभार शुल्क सङ्कलन | • विदेशी टेलर लहरी १० चक्के वा सो भन्दा बढीमा रु. ५००.००<br>• विदेशी बस ट्रक १० चक्के भन्दा कम ६ चक्के सम्मका लागि रु. ३००.००<br>• विदेशी मिनिबस, मिनि ट्रकमा रु. १५०.००<br>• विदेशी जिपकारमा रु. १००.००<br>• स्वदेशी बस, ट्रक, मिनिबस, माईक्रो बस, टेलर पावरमा रु. २०.००<br>• भाडाका जिपकारमा रु. १०.००<br>• निजी जिपकार, टेम्पोमा रु. ५.०० | २,७३,४७,९६७.०० | ५,०००.०० | मु.अ.क समेतको कबोल अंकको ५% |

१. बोलपत्र कागजात खरिद गर्ने अन्तिम मिति: २०७९/०७/२० गते कार्यालय समयसम्म।
२. बोलपत्र दाखिला गर्ने मिति: २०७९/०७/२१ गते दिनको १२:०० बजेसम्म।
३. यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको वेभसाईट www.hetaudamun.gov.np बाट समेत जानकारी लिन सकिनेछ। साथै यस कार्यालयको सूचना पाटीमा समेत टांस गरिएकोछ।
४. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै वास्ता नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

### तपसिल

**१) ऋणीको विवरण**

श्री ५ को सरकार (हाल नेपाल सरकार), उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २२४३३/०५९/६० अन्तर्गत मिति २०५९/१०/०८ कम्पनी ऐन, २०५३ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर स्थित **गुरांस ईन्टरनेशनल प्रा.लि.**



**अध्यक्ष तथा जमानीकर्ता: ओम प्रकाश गुरुङ**
स्थायी ठेगाना: स्याङ्जा जिल्ला, फेदीखोला गा.वि.स. वडा नं. ९
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, कुलेश्वर
बाबु: पदम बहादुर गुरुङ
बाजे: कुल बहादुर गुरुङ

**धितोको विवरण**

१) माथवर सिंह गुरुङको नाती, नरकाजी गुरुङको छोरा, कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९, सैनीक बस्ती बस्ने पुर्ण बहादुर गुरुङको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. २ (हाल पोखरा लेखनाथ म.न.पा. वडा नं. २९) स्थित कित्ता नं. ४२६२ को क्षेत्रफल ३-१-२-१ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) हर्क बहादुर गुरुङकी बुहारी, होम बहादुर गुरुङकी पत्नी, कास्की जिल्ला, लेखनाथ गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९, सैनीक बस्ती बस्ने तुलसी देवी गुरुङको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. २ (हाल पोखरा लेखनाथ म.न.पा. वडा नं. २९) स्थित कित्ता नं. २९८५ को क्षेत्रफल ३-३-१-२ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) श्री ५ को सरकार (हाल नेपाल सरकार), उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार को कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं.२२४३३/०५९/६० अन्तर्गत मिति २०५९/१०/०८ मा कम्पनी ऐन, २०५३ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर स्थित गुरांस ईन्टरनेशनल प्रा.लि. को नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (विघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
४) गुरांस ईन्टरनेशनल प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**जमानीकर्ताहरुको विवरण**



**१) पुर्ण बहादुर गुरुङ**
स्थायी ठेगाना: कास्की जिल्ला, शिशुवा गा.वि.स वडा नं. ३
हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९, सैनीक बस्ती
बाबु: नरकाजी गुरुङ
बाजे: माथवर सिंह गुरुङ



**२) गणेश गुरुङ्ग (संचालक)**
स्थायी ठेगाना: स्याङ्जा जिल्ला, फेदीखोला गा.वि.स. वडा नं. ९
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, कुलेश्वर
बाबु: पदम बहादुर गुरुङ
बाजे: कुल बहादुर गुरुङ



**३) तुलसी देवी गुरुङ**
स्थायी ठेगाना: कास्की जिल्ला, लेखनाथ गा.वि.स. वडा नं. १
हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९, सैनीक बस्ती
ससुरा: हर्क बहादुर गुरुङ
पति: होम बहादुर गुरुङ



**४) बुद्धि माया गुरुङ्ग (संचालक)**
स्थायी ठेगाना: स्याङ्जा जिल्ला, फेदिखोला गा.वि.स.वडा नं. ९
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कुलेश्वर
बाबु: होम बहादुर गुरुङ
ससुरा: पदम बहादुर गुरुङ
पति: ओम प्रकाश गुरुङ



**५) ईन्द्रकुमार गुरुङ**
ठेगाना: कास्की जिल्ला, लेखनाथ गा.वि.स. वडा नं. १
बाबु: होम बहादुर गुरुङ
बाजे: हर्क बहादुर गुरुङ

**२) ऋणीको विवरण**

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौंमा मा दर्ता नं. ११५७७५/०७०/०७१ अन्तर्गत मिति २०७०/०५/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट स्थित **लास्ट फाइडे वार एण्ड ग्रील प्रा. लि.**



**अध्यक्ष तथा जमानीकर्ता: पुरुषोतम सिलवाल**
स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला
बाबु: ठाकुर प्रसाद सिलवाल
बाजे: कृष्ण बहादुर सिलवाल

**जमानीकर्ताको विवरण**



**१) सृजना सिलवाल**
स्थायी ठेगाना: ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा नं.४
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला
बाबु: ऋषिराम थापा
ससुरा: ठाकुर प्रसाद सिलवाल
पति: पुरुषोतम सिलवाल

**धितोको विवरण**

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ११५७७५/०७०/०७१ अन्तर्गत मिति २०७०/०५/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट स्थित लास्ट फाइडे बार एण्ड ग्रील प्रा. लि. को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सौंखेल गा.वि.स. वडा नं. ५ (हाल दक्षिणकाली न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७०, ७५, ७७, १९६ र १९८ को क्षेत्रफल क्रमशः ३-७-०-०, ०-५-३-०, २-२-०-०, ०-१२-२-३ र ३-७-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) सवारी मोडल: MG GS 1.5T 7AT 2WD COM | च्यासिस नं.: LSJA24U90JS013091 | ईन्जिन नं.: 15E4E2DSH9200584 | सवारी नं.: बा २० च ८८४१
३) लास्ट फाइडे बार एण्ड ग्रील प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**ऋणीको विवरण**

२) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३८०८९/०७७/०७८, अन्तर्गत मिति २०७७/०४/०४ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १० स्थित **गोरखनाथ ट्रेडिङ प्रा.लि.**



**अध्यक्ष तथा जमानीकर्ता: पुरुषोतम सिलवाल**
स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला
बाबु: ठाकुर प्रसाद सिलवाल
बाजे: कृष्ण बहादुर सिलवाल

**जमानीकर्ताको विवरण**



**१) सृजना सिलवाल**
स्थायी ठेगाना: ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा नं.४
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला
बाबु: ऋषिराम थापा
ससुरा: ठाकुर प्रसाद सिलवाल
पति: पुरुषोतम सिलवाल

**धितोको विवरण**

१) कृष्ण बहादुर सिलवालको नाती, ठाकुर प्रसाद सिलवालको छोरा, काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बस्ने पुरुषोतम सिलवालको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, पांगा बालकुमारी गा.वि.स. वडा नं. ४ (हाल किर्तिपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७३२ र ७३८ को क्षेत्रफल क्रमशः ०-६-३-० र ०-२-१-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) कृष्ण बहादुर सिलवालको नाती, ठाकुर प्रसाद सिलवालको छोरा, काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बस्ने पुरुषोतम सिलवालको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ४ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९ को क्षेत्रफल २६०.३० (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) सवारी मोडल: PRO1055 C DSD MINI TRUCK | च्यासिस नं.: MC2B6CRC0LL475886 | ईन्जिन नं.: E413CDLL332601 | सवारी नं.: प्र ३ -०१-००३ क ७४९१
४) गोरखनाथ ट्रेडिङ प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**ऋणीको विवरण**



**३) पुरुषोतम सिलवाल**
स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३
हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला
बाबु: ठाकुर प्रसाद सिलवाल
बाजे: कृष्ण बहादुर सिलवाल

**जमानीकर्ताको विवरण**



**ठाकुर प्रसाद सिलवाल**
ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला
बाबु: कृष्ण बहादुर सिलवाल
बाजे: चेत सिंह सिलवाल

**धितोको विवरण**

सवारी मोडल: Baleno Delta | च्यासिस नं.: MA3EWB22SGF192780 | ईन्जिन नं. K12MN-4166479 | सवारी नं.: बा १५ च ४८२३

**नोट:** ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

# पूर्व नेपाल सहकारीमा पदाधिकारीको मनपरी
# धितो मूल्यांकनभन्दा चौबर बढी कर्जा लगानी

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको कमल गाउँपालिका-२ मा केन्द्रीय कार्यालय रहेको पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समिति र पदाधिकारीले आफूखुसी कर्जा वितरण गरेका छन् । जसले गर्दा २१ हजारभन्दा बढी सेयर सदस्य रहेको संस्थाको एक अर्ब १९ करोड बचत जोखिममा परेको छ । संस्थाका सञ्चालक समिति सदस्य तथा पूर्वअध्यक्षसमेत रहेको जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकालल आफ्नो पहुँचको प्रयोग गर्दै जिल्ला सहकारीबाट मापदण्डविपरीत ऋण लिएर मनोमानी ढंगले लगानी गरेको पाइएको छ । २१ भदौमा सहकारीले संस्थाका लेखासमिति संयोजक केदारनाथ ढुंगेलको संयोजकत्वमा सात सदस्यीय आन्तरिक अनुगमन सुपरिवेक्षण उपसमितिले गरेको एक अध्ययनले यस्तो देखाएको हो । 'बाह्य ऋण कुल सम्पत्तिको बढीमा ५ प्रतिशत हुनुपर्नेमा २५ भदौसम्म ३५.८४ देखिन्छ । सामान्यतया सहकारीले आफ्ना सदस्यबाट जम्मा भएको सेयर तथा बचतलाई सदस्यमै परिचालन गर्नुपर्ने र त्यसबाट आर्जन भएको प्रतिफल विभिन्न माध्यमबाट सदस्यलाई वितरण गर्नुपर्नेमा वित्तीय सन्तुलन गुमाउँदै अत्यधिक बाह्य ऋण लिँदै असुरक्षित प्रक्रियाबाट कर्जा लगानी गरी संस्थाका जिम्मेवार पदाधिकारीले नै संस्थालाई आर्थिक जोखिमतर्फ उन्मुख गराएको प्रस्ट देखिन्छ,' उपसमितिको प्रतिवेदनमा भनिएको छ ।

सहकारी संस्थामा सुशासन प्रवर्द्धनका लागि भएको एकीकृत निर्देशनबमोजिम कुल बचतको १०-१५ प्रतिशत तरलता रहनुपर्नेमा ३.११ प्रतिशत मात्र रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यस्तै, सम्पत्तिको ७०-८० प्रतिशत मात्र ऋण लगानी गर्नुपर्ने ९२.१४ प्रतिशत ऋण दिएको उपसमितिको ठहर छ ।

संस्थाको कर्जा नीतिले संस्थागत पुँजी कोषको १० प्रतिशतभन्दा बढी रकम एक सदस्यलाई कर्जा दिन नपाउने तथा कर्जा लगानी एक करोडसम्म हुने व्यवस्था गरेको छ । तर, दुवै सहकारीले एउटै सदस्यलाई तीन करोड र एउटै घरपरिवारलाई नौ करोडसम्म कर्जा दिएको खुलेको हो । त्यस्तो कर्जा लगानी संस्थामा राखिएको धितोको मूल्यांकनभन्दा चौबर बढी रकम दिइएको छ । संस्थाका लागि धितो मूल्यांकन कमल नेपाल र सुरेन्द्र राजदोङ्गेले मूल्यांकन गर्दै आएका छन् । उनीहरूले आफ्नै लागि आवश्यक कर्जाको धितो मूल्यांकन पनि आफैँले गरेको पाइएको छ । उनीहरूले नेपाल र उनकी श्रीमती गंगादेवी अधिकारीका नाममा तीन करोड र सुरेन्द्र र श्रीमती सीता धिमालका नाममा पाँच करोड रकम प्रस्तावविनै कर्जा लगानी भएको पाइएको प्रतिवेदनमा उल्लेख छ । कमल र सुरेन्द्रले ऋण दिँदा गरिएको मूल्यांकनमा नै विश्वास गर्न नसकिने प्रतिवेदनको ठहर छ ।

सहकारीको मापदण्डविपरीत संस्थाका सञ्चालक समितिका पदाधिकारी आफैँले करोडौँ कर्जा लिएका छन् । एउटै अवधिमा सञ्चालक समितिका ४९ प्रतिशतभन्दा बढी पदाधिकारीले कर्जा लिन नपाउने व्यवस्था भए पनि सञ्चालक समितिमा रहेका ११ पदाधिकारीमध्ये सातजनाले उपसमितिको सिफारिसविनै कर्जा लिएको प्रतिवेदनमा उल्लेख छ । यसरी कर्जा लिने संस्थाका सञ्चालक र पदाधिकारीमा दीपेन्द्र अधिकारी, देवराज भण्डारी, सुमन दाहाल, प्रकाशप्रसाद अधिकारी, राधिका अधिकारी, बद्री निरौला र अप्सरा भट्टराई छन् । उनीहरूले संस्थाबाट १६ करोड कर्जा लिएका छन् ।

कर्जा उपसमितिले ११ करोड कर्जा उपलब्ध गराउन सिफारिस गरेकोमा २२ करोड लगानी भएको र कर्जा उपसमितिले सिफारिस नै नगरेको १६ करोड लगानी भएको देखिएको उपसमितिको प्रतिवेदनमा उल्लेख छ । यो कार्यमा संस्थाका कर्जा प्रमुख देवराज भण्डारी र जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको संलग्नता देखिएको प्रतिवेदनमा उल्लेख छ । जिल्ला सहकारी संघका अध्यक्ष ढकालले यो समस्या बाहिरिएपछि संघका वरिष्ठ उपाध्यक्ष महेन्द्र गिरीलाई कार्यवाहक दिएका छन् । भण्डारीले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर कर्जा स्वीकृत भएको भन्दै शाखा र केन्द्र प्रमुखहरूलाई कर्जा प्रवाह गर्न निर्देशनात्मक पत्राचार गर्ने गरेको प्रतिवेदनमा उल्लेख छ ।

### अघिल्लो वर्ष पनि सुधार गर्न पत्राचार गरेको हो

● **हरिबहादुर खत्री**, निमित्त रजिस्टार, प्रदेश सहकारी रजिस्टार तथा प्रशिक्षण कार्यालय



यो सञ्चालक समितिको फटाइँ हो । गणेश ढकाल जिल्ला सहकारी संघका अध्यक्ष पनि हुन् । उनले ठूलो ऋण जिल्ला सहकारी संघबाट ल्याएका छन् । बाह्य ऋण ५ प्रतिशत मात्र लिन पाउने हो । तर, ऋण धेरै छ । हामी अनुगमन गरिरहेका छौँ । अघिल्लो वर्ष अनुगमन गरेर सुधार गर्न पत्राचार पनि गरेका थियौँ । कानुनअनुसार हामीले सञ्चालकलाई कारबाही गर्ने हो ।

### व्यवस्थापन पक्ष नै सुधार गर्नुपर्छ

● **केदारनाथ ढुंगेल**, संयोजक, अनुगमन सुपरिवेक्षण उपसमिति



त्यहाँको व्यवस्थापन पक्ष नै सुधार गर्नुपर्ने अवस्था छ । भएको कुरा हामीले यथार्थ प्रतिवेदनमा राखेका छौँ । कर्जा विभाग प्रमुख देवराजको सबैभन्दा ठूलो गल्ती छ । पूर्वअध्यक्ष गणेश ढकालज्यूले तलबाट नियमले मिल्दैन भन्दै गर्दा पनि किन मिल्दैन भनेर निर्देशन दिएको पायौँ । समग्रमा संस्था धराशायी हुने अवस्था छैन । कर्जा अव्यवस्थित मात्र भएको हो । जोखिम कर्जा छैनन् ।

### कर्मचारीलाई स्पष्टीकरण सोधिएको छ

● **प्रेम सापकोटा**, अध्यक्ष, पूर्व नेपाल बहुउद्देश्यीय सहकारी



विधिवत् रूपमा कर्मचारीलाई स्पष्टीकरण सोधिएको छ । स्पष्टीकरणपछाडि निलम्बनको प्रक्रिया अघि बढाउँछौँ । देखिएको समस्यालाई क्रमशः समाधान गर्दै जान्छौँ । हाम्रो इकाइहरूको साधारणसभा २५ कात्तिकमा छ । सहकारीको साधारणसभा ७ मंसिरमा बोलाइएको छ । साधारणसभाबाट थप म्यान्डेट लिएर काम गर्नेछौँ ।

लुम्बिनी विकास कोषको बेथिति

# हरेक पाँच वर्षमा भाडा समायोजन गर्ने सम्झौता, तर २६ वर्षसम्म एउटै भाडा

भैरहवामा **दीपेश पछाई**

लुम्बिनी विकास कोषले वार्षिक सरदर २० हजार भाडामा विभिन्न मुलुकहरूलाई बिहार क्षेत्रमा रहेका प्लटहरू भाडामा दिएको छ । स्थानअनुसार एक सय ५० देखि दुई सय डलरसम्म प्लटहरू भाडामा दिइएका लुम्बिनी विकास कोषका योजना अधिकृत सरोज भट्टराईले जानकारी दिए । विभिन्न मुलुकहरूलाई कोषले ९९ वर्षका लागि ४१ वटा प्लट भाडामा दिएको छ । हरेक पाँच वर्षमा भाडा समायोजन गर्ने सम्झौताअनुसार प्लटहरू लिजमा दिइए पनि २६ वर्षसम्म कोषले भाडा बढाउन चासो देखाएको छैन ।

भाडामा गएका ४१ वटा प्लटहरूमध्ये करिब २५ वटा निर्माण सकिएको छ । ती प्लटहरूमा ६० करोडदेखि दुई अर्बभन्दा बढी खर्च गरेर विभिन्न देशहरूले आफ्नो मौलिकता झल्किने मन्दिरहरू निर्माण गरिरहेका छन् । ४१ वटा प्लटबाट वार्षिक करोडौँ आम्दानी गर्न सकिने भए पनि कोषले अहिले करिब नौ लाख मात्रै भाडा उठाइरहेको छ । आन्तरिक आम्दानी नहुँदा सञ्चालन खर्च गर्न कठिन भएको बताउने कोषले भाडा वृद्धि गरी आम्दानी बढाउनेतर्फ चासो देखाएको छैन । लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले बताए । 'सम्झौतामा हरेक पाँच वर्षमा भाडा समायोजन गर्ने उल्लेख छ, तैपनि कोष भाडा बढाउने विषयमा मौन छ,' उनले भने ।




### ● ४२ वटा प्लटका लागि कोषको तीन अर्ब खर्चमा बाटो, ढल र विद्युत्

लुम्बिनी विकास कोषले बिहार क्षेत्रमा रहेका ४२ वटा प्लटका लागि तीन अर्बभन्दा बढी खर्च गरेको छ । सडक, ढल, विद्युत्, सुन्दरीकरणका लागि कोषले तीन अर्बभन्दा बढीको टेन्डर आह्वान गरी अहिले निर्माणकार्य जारी राखेको कोषका योजना अधिकृत सरोज भट्टराईले जानकारी दिए । एक सय ६० मिटर लम्बाइ र चौडाइ क्षेत्रफका प्लटहरू विभिन्न मुलुकहरूलाई ९९ वर्षका लागि भाडामा दिइएको छ । भारतको प्लटमा केही महिनाअगाडि मात्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आएर शिलान्यास गरेका थिए ।

### ● विभिन्न मुलुकद्वारा १० अर्बभन्दा बढी लगानी

बिहार क्षेत्रमा विभिन्न मुलुकहरूले १० अर्बभन्दा बढी लगानी गरेका छन् । ६० करोडदेखि दुई अर्बभन्दा बढी खर्च गरी मन्दिर निर्माण गरिएको योजना प्रमुख भट्टराईले बताए । कोषपरिसरमा अन्तर्राष्ट्रिय बिहार क्षेत्रको पूर्व १३ र पश्चिममा २९ वटा प्लटहरू रहेका छन् । २५ वटा प्लटहरूमा मन्दिर निर्माण सकिएको छ भने १७ वटा निर्माण जारी छ । पूर्वतर्फ कम्बोडिया, बर्मा, थाइल्यान्ड, श्रीलंका, क्यानडा र नेपालका गुरुआमाहरूको मन्दिर निर्माण सकिएको छ । पश्चिमतर्फ तारा फाउन्डेसन जर्मन, अमेरिका, फ्रान्स, नेपाल, चाइना, कोरिया, अस्ट्रिया, भितयनाम, भारत, सिंगापुर, बंगलादेशलगायत मुलुकका मन्दिरको निर्माणकार्य सकिएको छ ।

### ● २६ वर्षदेखि बढेन भाडा

लुम्बिनी गुरुयोजना बनेको ४५ वर्ष पुगेको छ । ०५३ सालमा सम्झौता भएका मन्दिरहरूले अहिल पनि वार्षिक २० हजार भाडा तिर्दै आएका छन् । सम्झौताअनुसार ०५३ सालदेखि ०७९ सालसम्म २६ वर्षको अवधिमा पाँचपटक भाडा समायोजन हुनुपर्ने हो । तर, एकपटक पनि भाडा समायोजन भएको छैन । सरकारद्वारा स्वीकृत गुरुयोजनाअनुसार सन् १९९३ देखि लुम्बिनी क्षेत्रमा विभिन्न बौद्ध मुलुकका बिहार-मन्दिर निर्माण थालिएको थियो ।


## Invitation for Bid

## Sunkoshi Rural Municipality
### Office of Rural Municipal Executive
### Pangretar, sindhupalchok
**Date of publication: 23th OCT 2022)**

1. Sunkoshi Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Sunkoshi Rural Municipality ,sindhupalchowk ,Bagmati Province,Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders Whose Chooses to submit their bid electronically may purches the hard copy of the bidding document as mentioned below or may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp, Bidders submitting their bid electronically should deposit the cost (as specified below) of bidding document in the project RAJASWA (Revenue) account as specified below and scanned copy (pdf format)of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submisssion of the bid. Information to deposit the cost of bidding document in Bank .
4. A complete set of Bidding Document may be purchased Hard copy from the office of sunkoshi Rural Municipality,Pangretar, sindhupalchok by eligaiable Bidders on the submission of written application along with the copy of company/firm registration certifacate with the necessary document and up on payment of non-refundable fee of Nrs 3000.00 till 21 NOV 2022 during Office Hour.. Bidders shall deposit NRs.3,000.00 as the cost of bidding document in the following bank .

   Name of the Bank: Laxmi Bank Limited, Khadichour, Sindhupalchok.

   Name of Office : Sunkoshi Rural Municipality, Pangretar , Sindhupalchowk.

   Office Account no.: 02703000017

   Rajaswa (revenue) Shirshak no. :
5. Pre-bid meeting shall be held at Sunkoshi Rural Municipality Office at **13:00 hours** on **10th NOV 2022**.
6. Sealed or electronic Bids must be submitted to the office Sunkoshio Rural Municipality ,Sindhupalchowk, by hand or through PPMO website www.bolpatra.gov.np/egp. on or before **22 NOV 2022 12:00.** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose Attend or below mentioned date & time at the office of Sunkoshi Rural Municipality,Pangretar, Sindhupalchok. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security in pdf format in case of e-bid, amounting to a minimum of NRS 250000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of Purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Estimated Cost (Exclusive of VAT & contingencies) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction Work For Sitapaila Thamdada Padmarga | SRM/ NCB/W/ 02/079/80 | 22-11-2022 (12:00 HRS) | 22-11-2022 (14:00 HRS) | 8174939.20 | 250000.00 | 3,000.00 |
| 2 | Upgrading Work Of Siyale Sunkhani Sadak (0+00-1+150) | SRM/ NCB/W/ 03/079/80 | 22-11-2022 (12:00 HRS) | 22-11-2022 (14:00 HRS) | 8590592.18 | 250000.00 | 3,000.00 |
| 3 | Upgrading Work Of 12kilo Sunkhani Ratankot sadak | SRM/ NCB/W/ 04/079/80 | 22-11-2022 (12:00 HRS) | 22-11-2022 (14:00 HRS) | 8073924.48 | 250000.00 | 3,000.00 |

**Chief Administrative Officer**



## कुमारी बैंक लिमिटेड,शाखा कार्यालय जोशीपुरको तपसिलमा उल्लिखित उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना ।

यस कुमारी बैंक लिमिटेड(साबिकको देव: बिकास बैंक लि समेतको) शाखा कार्यालय जोशीपुर कैलालीबाट तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनूपर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखिक सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्ता नगर्न यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पुर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असूल उपर गरिनूका साथै कर्जा सुचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लिखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनुहुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडको कालोसुचिमा नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

क) ऋणीको विवरण



१. वेफना डगौरा/सुभानी डगौराको नाति, धन बहादुर चौधरी/प्रेम कुमारी थरुनीको छोरा, उर्मिला देवी चौधरीको पति, कैलाली जिल्ला, जोशीपुर गाउँपालीका वडा नं.०४(साविक वौनिया गा.वि.स., वडा नं. ०१) **सन्तराम चौधरी** (ना.प्र.नं. ६७२०३४/१८३१६, जारी मिति २०६८/०९/०१, जिल्ला प्रशासन कार्यालय कैलाली)

व्यक्तिगत जमानीकर्ताको विवरण:



१. खुसीराम डगौराको नाति, वेफना डगौरा/सुभानी डगौरा को छोरा, प्रेम कुमारी थरुनीको पति, कैलाली जिल्ला, जोशीपुर गाउँपालीका वडा नं.०४(साविक वौनिया गा.वि.स., वडा नं. ०१) बस्ने **धन बहादुर डगौरा** (ना.प्र.नं. ३३५३१, जारी मिति २०५६/११/२६, जिल्ला प्रशासन कार्यालय कैलाली)



२. लोहारी डगौराको नातिनी, जग्गु थारु/हौली डगौराको छोरी, वेफना डगौरा/सुभानी डगौराको बुहारी, धन बहादुर डगौराको पत्नी, कैलाली जिल्ला, जानकीनगर गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, जोशीपुर गाउँपालीका, वडा नं. ०४ बस्ने **प्रेम कुमारी थरुनी** (ना.प्र.नं. २१७, जारी मिति २०४४/१२/०२, जिल्ला प्रशासन कार्यालय कैलाली)



३. किरमान डगौराको नातिनी, बिरवल डगौरा थारु/फुल कुमारी डगौरा थारुको छोरी, धन बहादुर डगौरा/प्रेम कुमारी थरुनीको बुहारी, सन्तराम चौधरीको पत्नी, कैलाली जिल्ला, जोशीपुर गाउँपालीका वडा नं. ०४(साविक वौनिया गा.वि.स., वडा नं. ०१) बस्ने **उर्मिला देवी चौधरी** (ना.प्र.नं. ६७२०३४/५११०६, जारी मिति २०७१/१२/०९, जिल्ला प्रशासन कार्यालय कैलाली)

धितो सुरक्षणको विवरण

१. धन बहादुर डगौराको नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, सिमराना गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ३७८ र ३७९ को क्षे.फ. क्रमश: ०-९-३ र ०-९-४ (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

ख) ऋणीको विवरण



१. चोङ्गागाली महतौको नाति, बावुराम महतौ/चोट्कनिया महतौको छोरा, आशा देवी महतो को पति, कैलाली जिल्ला, जोशिपुर गा.पा., वडा नं. ०३ (साविक जोशिपुर गा.बि.स. वडा नं.०३) बस्ने **ज्ञान प्रसाद महतौ** (ना.प्र.नं.१५०२/५२३, जारी मिति २०४५/०२/०३, जिल्ला प्रशासन कार्यालय कैलाली)

व्यक्तिगत जमानीकर्ताको विवरण:



१. राम बहादुर डगौराको नातिनी, गर्भु डगौरा/चिलिया डगौराको छोरी, बावुरा महतौ/चोट्कनिया महतौको बुहारी, ज्ञान प्रसाद महतौको पत्नी, कैलाली जिल्ला, जोशिपुर गा.पा., वडा नं. ०३(साविक जोशिपुर गा.बि.स. वडा नं.०३) बस्ने **आशा देवी महतौ** (ना.प्र.नं. ६७२०३९/५१२११, जारी मिति २०७१/१२/११, जिल्ला प्रशासन कार्यालय कैलाली)

धितो सुरक्षणको विवरण

१. **ज्ञान प्रसाद महतौ**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, लालपुरवाणी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १४८ र ३२४ को क्षे.फ. क्रमश: ३५५५.७१ र ३३८६.४० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**जोशीपुर शाखा, फोन नं. ०९१-४०१०७२/४०१०७३**

## ०७४ का...

पृष्ठ १ बाट क्रमशः

निर्माण, पाँच वर्षमा कम्तीमा पाँच हजार मेगावाट विद्युत् उत्पादन गर्ने, गरिबीको अन्त्य, खाद्यान्न र तरकारीमा देशलाई आत्मनिर्भर बनाउने, सातवटै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गर्ने, स्वदेशमै रासानियक मल कारखाना खोल्ने, स्थानीय तहहरूमा १५ देखि ५० शय्यासम्मका अस्पताल निर्माण गर्ने, देशलाई पूर्ण साक्षर बनाउने, देशका विभिन्न स्थानमा स्मार्ट सिटी, स्याटेलाइट सिटी र आधुनिक सहर निर्माण गर्ने, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्ग सम्पन्न गर्नुका साथै लेन बढाएर स्तरोन्नति गर्नेसम्मका चुनावी प्रतिबद्धता गरेका थिए। तर, पर्याप्त अध्ययन र तयारीविना गरिएका धेरै घोषणा अलपत्र छन्।

यद्यपि, निर्वाचनपछि कुनै एक दलले पूरै पाँच वर्ष सरकार चलाउन भने पाएनन्। सुरुमा बनेको झन्डै दुईतिहाइ बहुमतको वामगठबन्धन (निर्वाचनपछि एमाले र माओवादी एकता भएर बनेको नेकपा)ले सुरुका साढे तीन वर्ष मात्रै सरकार चलाउन सक्यो। बरु, तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुई-दुईपटक संसद् विघटन गरे। २९ असार ०७९ देखि भने कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा माओवादीसहितको पाँचदलीय गठबन्धन सरकार छ। एमालेले कोरोना महामारीका कारण पनि प्रतिबद्धताअनुसार काम गर्न नसकेको दाबी गरेको छ। गठबन्धनले विशिष्ट परिस्थितिमा बनेको अहिलेको सरकारको मुख्य जिम्मेवारी संविधानको रक्षा गर्दै निर्वाचन गराउने भएकाले चुनावी प्रतिबद्धता स्वाभाविक रूपमा कम प्राथमिकतामा परेको बताएको छ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारीले दलहरूले कार्यान्वयन नै गर्न नसकिने र यथार्थभन्दा बाहिर गएर घोषणापत्र बनाएका कारण प्रतिबद्धता कार्यान्वयन हुन नसकेको बताए। 'कागजमा लेखेर मात्रै आर्थिक एवं सामाजिक विकास हुँदैन, त्यसका लागि तथ्यांक, कार्ययोजना र काम गर्ने इच्छाशक्ति चाहिन्छ,' उनले भने, 'तर, हाम्रा दलहरूले त्यस्ता कुरामा ध्यान दिएनन्। सपना मात्रै बाँडे, घोषणा मात्रै गरे।' दलहरूमा जवाफदेहिता नहुँदा 'सपनाको संग्रह'जस्तो घोषणापत्र ल्याउने प्रवृत्ति रहेको उनको भनाइ छ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले पानीजहाज, रेललगायत ठूला पूर्वाधारका कार्यक्रममा आंशिक प्रगति भएको दाबी गरे। 'पानीजहाज, रेललगायत ठूला पूर्वाधारमा आंशिक प्रगति भएका छन्। ती आयोजना हामीले चाहेर मात्रै पनि नहुने रहेछ, दुईपक्षीय र बहुपक्षीय कारण ती आयोजनामा सोचेजति प्रगति हुन सकेन,' उनले भने, 'यद्यपि, रेलमार्गको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ। डिपिआरका प्रक्रिया अघि बढेका छन्। सबै स्थानीय तहमा अस्पताल खोल्ने भनेर शिलान्यास नै गरिएका थिए। हामी सत्तामा रहेको करिब डेढ वर्ष कोभिडका कारण देश नै ठप्प भयो, काम गर्न नै सकिएन। सार्वजनिक खरिद कानुनका कारण पनि समयमा काम हुन सकेनन्।'

कांग्रेस सहमहामन्त्री जीवन परियारले आफूहरूले गरेको संकल्पअनुसार काम गर्न समय नपाएको बताए। 'हाम्रो संकल्पअनुसार काम गर्न समय नै पाएनौँ। यद्यपि, त्यसवेला गरेका घोषणा तथा संकल्प के-कति पूरा भए-भएनन् भनेर समीक्षा गर्दै छौँ। सोही आधारमा आगामी चुनावका लागि घोषणापत्र बनाउँदै छौँ,' उनले भने, 'एक-डेढ वर्षअघि विशेष परिस्थितिमा अहिलेको सरकार बनेको हो, जसको मुख्य जिम्मेवारी संविधानको रक्षा गर्दै निर्वाचन गराउने हो। स्थानीय तह निर्वाचन सफलतासाथ सम्पन्न भयो। अब संसद्को निर्वाचनमा होमिएका छौँ।'

कांग्रेसले 'कांग्रेसको नेतृत्वमा शान्ति र संविधान, कांग्रेसकै नेतृत्वमा समृद्धिको अभियान' मुख्य नारा दिएर ८३ पन्ना लामो घोषणापत्र ल्याएको थियो। जसमा राष्ट्रिय पुनर्जागरणका सात बुँदा, कांग्रेसले आर्थिक-सामाजिक विकासमा गरेको योगदान र संकल्प थियो। कांग्रेसले आफ्नो सरकार बनेमा कार्यान्वयन गर्न दुई सय ५३ बुँदे संकल्प गरेको थियो। त्यस्तै, एमाले-माओवादीको वामगठबन्धनले 'स्वच्छ निर्वाचन- लोकतन्त्रको आधार, सुशासन र समृद्धिका लागि वामपन्थी सरकार' मूल नारासहित ४८ पृष्ठको संयुक्त घोषणापत्र जारी गरेको थियो। जसमा आफ्नो नेतृत्वमा सरकार बनेको एक वर्षदेखि १० वर्षसम्म गरिने १९२ वटा प्रतिबद्धता थिए।

## समानुपातिकतर्फ...

पृष्ठ १ बाट क्रमशः

बुझाएका हुन्। स्थानीय निर्वाचनमा उम्मेदवार बनेका व्यक्तिले तोकिएको अवधिभित्र निर्वाचन खर्च नबुझाएका कारण ३१ भदौमा आयोगले एक लाख २३ हजार ६ सय २४ जनालाई जरिवाना गरेको थियो। त्यसमध्ये ४ मंसिरको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा प्रत्यक्षतर्फ ७१ र समानुपातिकतर्फ चार सय ३९ जना उम्मेदवार बनेका थिए। प्रत्यक्षतर्फको यसअघि नै बुझाइसकेको भए पनि समानुपातिकको जरिवाना तिर्ने समय शनिबारसम्म थियो। त्यस अवधिमा ५४ जनाले जरिवाना बुझाएको विवरण आएको समानुपातिक निर्वाचन प्रणालीका प्रवक्ता गुरु वाग्लेले जानकारी दिए।

समानुपातिकतर्फ १ कात्तिकसम्म ३२ जना र शनिबारसम्म २२ जना गरी ५४ जनाले जरिवाना बुझाएका हुन्। प्रत्यक्ष र समानुपातिक गरेर कुल एक सय २५ जनाले बुझाएको जरिवानाबाट चार करोड ३४ लाख २५ हजार राजस्व उठेको वाग्लेले बताए। यसबाहेक जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा जरिवाना बुझाएका समानुपातिक उम्मेदवारको विवरण आउन बाँकी छ। सबै जिल्ला निर्वाचन अधिकारीलाई विवरण पठाउन निर्देशन दिइएको समानुपातिक निर्वाचन प्रणालीका प्रवक्ता वाग्लेले जानकारी दिए। 'जिल्लामा के-कतिजनाले बुझाउनुभयो आउन बाँकी छ,' उनले भने, 'सायद आइतबारसम्म आउला कि।'

समानुपातिक निर्वाचन प्रणाली मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत यज्ञप्रसाद भट्टराईले जिल्लाबाट सम्पूर्ण विवरण आएपछि आइतबार निर्णय हुने बताए। 'कसले तिरे, कसले तिरेनन् छुट्याएर निर्णय गर्छौं। त्यसपछि बन्दसूचीबाट हटाउँछौं,' उनले भने।

## वाम गठबन्धन...

पृष्ठ १ बाट क्रमशः

पहिचानसहितका हरित सहर, स्मार्ट सहर, सांस्कृतिक सहर, ऐतिहासिक सहर विकसित गरिने।

**अवस्था** **देशभर २७ नयाँ सहर र १३ वटा स्मार्ट सिटी निर्माणको प्रक्रिया अध्ययनकै चरणमा छन्। पूर्वाधार निर्माण सुरु भइसकेका छैनन्।**

### अर्थतन्त्रको आकार

**वामगठबन्धन** : आगामी पाँच वर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पंक्तिमा पुऱ्याउनेछ। ०९९ सम्म नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी आर्थिक र विकासका योजना र कार्यक्रम अगाडि बढाउने।

**कांग्रेस** : आगामी पाँच वर्षभित्र अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा) ५० खर्ब हुने गरी अर्थतन्त्रलाई गतिशील बनाउने। १० वर्षभित्र देशलाई सम्मानजनक मध्यम आय भएको गतिशील राष्ट्र बनाउने संकल्पका साथ क्रियाशील रहने।

**अवस्था** **आव ०७८/७९ सम्ममा जिडिपीको आकार ४८ खर्ब ५१ अर्ब ६२ करोडबराबर पुग्ने प्रारम्भिक अनुमान। संयुक्त राष्ट्रसंघले नेपाललाई पाँच वर्षको तयारी समय दिएर विकासशील देशमा स्तरोन्नति गर्ने निर्णय गरेको छ, जसअनुसार नेपाल सन् २०२६ मा विकासशीलमा स्तरोन्नति हुनेछ।**

### प्रतिव्यक्ति आय

**वामगठबन्धन** : १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा पाँच हजार अमेरिकी डलर पुग्ने गरी राष्ट्रिय अर्थतन्त्र विकासको थालनी गरिने।

**कांग्रेस** : प्रतिव्यक्ति औसत वार्षिक आय एक लाख ५० हजारभन्दा बढी हुनेछ।

**अवस्था** **प्रतिव्यक्ति राष्ट्रिय आय एक लाख ६५ हजार ६ सय ४९ रुपैयाँ छ। प्रतिव्यक्ति आय अमेरिकी डलरमा एक हजार तीन सय ८१ पुगेको छ। ०७४ मा प्रतिव्यक्ति आय एक सय चार डलर थियो।**

### खाद्यान्न र तरकारीमा आत्मनिर्भरता

**वामगठबन्धन** : दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न तथा माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाइने। पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याउने। सबैका लागि खाद्य पोषण सुरक्षा प्रत्याभूत गरिने।

**कांग्रेस** : पाँच वर्षभित्रमा नेपाललाई मासु, माछा, दुग्ध-पदार्थ, फलफूल, मह, स्याउ, च्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यातकर्ता मुलुकको रूपमा उभ्याइने।

**अवस्था** **तरकारी, खाद्यान्न, फलफूललगायत उपभोग्य वस्तुको आयात झन् बढेर वार्षिक आयात चार खर्ब हाराहारी पुगेको छ।**

### रासानियक मल कारखाना

**वामगठबन्धन** : कृषि उत्पादनमा आवश्यक रासायनिक र प्रांगारिक मल देशभित्रै उत्पादन गरिने।

**कांग्रेस** : सार्वजनिक-निजी-सहकारी साझेदारीमा तीन वर्षभित्र एउटा रासायनिक मल कारखाना स्थापना गरिने।

**अवस्था** **रासायनिक मल कारखाना स्थापनाका लागि अध्ययन, तर स्थापनाको कुनै प्रक्रिया अघि बढेन।**

### पर्यटक आगमन

**वामगठबन्धन** : १० वर्षमा ५० लाख पर्यटक भित्र्याउने गरी प्रचारप्रसार, बजार प्रवर्द्धन, पूर्वाधार निर्माण र पथप्रदर्शकका लागि तालिम केन्द्रहरूको स्थापना गरिने।

**कांग्रेस** : दश वर्षमा पर्यटकको संख्या ३२ लाख पुऱ्याउने लक्ष्यसहित गुणात्मक वृद्धिमा जोड दिइने।

**अवस्था** **कोभिड महामारीका कारण पर्यटन आगमन प्रभावित भयो र सन् २०२१ मा एक लाख ५० हजार पर्यटक मात्रै भित्रिए। यद्यपि, कोभिडअघि पनि दलहरूको घोषणाअनुसार पर्यटक आगमन वृद्धि भएन। सन् २०१९ मा करिब १२ लाख र २०१७ मा नौ लाख ४० हजार पर्यटक भित्रिए।**

### मध्यपहाडी लोकमार्ग निर्माण

**वामगठबन्धन** : मध्यपहाडी पुष्पलाल राजमार्गलाई ४-६ लेनमा स्तरोन्नति गरी पाँच वर्षमा सम्पन्न गरिने।

**कांग्रेस** : मध्यपहाडी लोकमार्गको पूर्णता सरकारको पहिलो प्राथमिकता हुनेछ। यसलाई सबै ठाउँमा दुई लेनको बनाई न्यूनतम ५० किलोमिटर प्रतिघन्टा बाह्रै महिना चलाउन मिल्ने गरी कालोपत्रे गरिने, पाँच वर्षभित्र निर्माण सक्ने।

**अवस्था** **कुल एक हजार आठ सय ७९ किमि लामो मध्यपहाडी लोकमार्गको भौतिक प्रगति करिब ६५ प्रतिशत मात्रै छ। वित्तीय प्रगति भने करिब ७० प्रतिशत पुगेको सरकारी तथ्यांक छ।**

### हुलाकी राजमार्ग निर्माण

**वामगठबन्धन** : तीन वर्षमा हुलाकी राजमार्गलाई ४-६ लेनमा स्तरोन्नति गरिने। डुबान क्षेत्रमा भने चार लेनको अकासेमार्ग निर्माण गरिने।

**कांग्रेस** : तराई-मधेसमा पूर्वाधार विकासका लागि हुलाकी सडक निर्माण कार्यलाई अविलम्ब पूरा गरिने। पाँच वर्षभित्र सम्पन्न गरिने। सहायक मार्ग निर्माण गरी पूर्व-पश्चिम राजमार्गसँग पनि जोडिने।

**अवस्था** **कुल एक हजार सात सय ९२ किमि लामो हुलाकी राजमार्गको भौतिक प्रगति करिब ६२ प्रतिशत र वित्तीय प्रगति करिब ५३ प्रतिशत हाराहारी छ।**

### सिँचाइ सुविधा

**वामगठबन्धन** : पाँच वर्षमा सम्पूर्ण सिँचाइयोग्य कृषिभूमिमा आधुनिक सिँचाइ प्रणाली लागू गरिने।

**कांग्रेस** : नेपालको १८ लाख हेक्टर खेतीयोग्य जमिन बाह्रैमास सिञ्चित गर्दै अर्को दश वर्षभित्र कृषि उत्पादकत्व तीन हजार २७८ टन प्रतिहेक्टरबाट दोब्बर बनाइने।

**अवस्था** **हालसम्म करिब १५ लाख १० हजार हेक्टर जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको छ।**

### उत्तर-दक्षिण रेलमार्ग

**वामगठबन्धन** : पाँच वर्षमा रसुवागढी-काठमाडौं-वीरगन्जमा तीव्र गतिको विद्युतीय रेलमार्ग सञ्चालन गरिने।

**कांग्रेस** : चिनियाँ सिमानादेखि काठमाडौं उपत्यका हुँदै दक्षिण भारतीय सिमानासम्मको रेलमार्ग आगामी दश वर्षभित्र निर्माण सम्पन्न गर्ने गुरु योजना तयार गरिने।

**अवस्था** **वीरगन्ज-काठमाडौं रेलमार्ग निर्माणको डिपिआर निर्माण कार्य अघि बढेको छ। काठमडौं-केरुङ रेलमार्गको सर्भेको काम जारी छ।**

### जलमार्ग अध्ययन र सञ्चालन

**वामगठबन्धन** : कोसी, गण्डकी र कर्णाली नदीमा आन्तरिक र बाह्य जलमार्गका सम्भाव्यता अध्ययन गरिने। उच्च बाँधयुक्त जलाशयमा जलमार्गको विकास गरिने।

**कांग्रेस** : नेपालका ठूला नदीहरू हुँदै भारतका गंगालगायत नदीहरूबाट समुद्रसम्म जलमार्गको सम्भावना र विकासलाई अघि बढाइने।

**अवस्था** **कर्णाली, कालीगण्डकी, नारायणी, कोसी, त्रिशुली, सुनकोसीमा आन्तरिक जलमार्ग सञ्चालनका लागि सम्भाव्यता अध्ययन सम्पन्न, तर सञ्चालनका लागि कानुनी तथा भौतिक संरचना बनेकै छैनन्।**

### पूर्ण साक्षर नेपाल

**वामगठबन्धन** : दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकाको भर्ना सुनिश्चित गरिने। पाँच वर्षमा सबै नागरिकलाई साक्षर तुल्याइने।

**कांग्रेस** : पाँच वर्षभित्र १५ देखि २४ वर्ष उमेर समूहका नेपालीमाझ शतप्रतिशत साक्षरता हासिल गर्ने संकल्प।

**अवस्था** **देशलाई पूर्ण साक्षर बनाउने घोषणा गरेको धेरै भए पनि कार्यान्वयन हुन सकेको छैन। १५ वर्षभन्दा माथिको साक्षरता दर करिब ५८ प्रतिशत मात्रै छ। खुद भर्नादर प्राथमिकमा (१ देखि ८ कक्षासम्म) ९४.७ प्रतिशत र माध्यमिक (९ कक्षादेखि १२ कक्षासम्म) ५१.२ प्रतिशत छ।**

### वृद्धभत्ता वृद्धि

**वामगठबन्धन** : सामाजिक सुरक्षा भत्ता मासिक पाँच हजार पुऱ्याउने।

**कांग्रेस** : ज्येष्ठ नागरिकलाई दिइरहेको सामाजिक सुरक्षा भत्तामा उल्लेख्य वृद्धि गरिने र यसको नियमित पुनरावलोकन हुने।

**अवस्था** **वृद्धवृद्धालाई दिइने भत्ता मासिक चार हजार तोकिएको छ। यसअघि ७० वर्षकाले पाउने व्यवस्था रहेकामा चालू आवको बजेटले उमेर हद घटाएर ६८ वर्ष कायम गरेको छ।**

### तुइन विस्थापन र झोलुङ्गे पुल विस्थापन

**वामगठबन्धन** : एक वर्षभित्रै तुइनलाई झोलुङ्गे पुलले विस्थापन गरिने।

**कांग्रेस** : सबै तुइनलाई झोलुङ्गे पुलबाट विस्थापित गरिने। मोटर चल्न सक्ने स्थानमा रहेका झोलुङ्गे पुलहरूलाई क्रमिक रूपमा पक्की पुलहरूद्वारा विस्थापन गर्दै लगिने।

**अवस्था** **पहिचान भएका एक सय ४३ तुइनमध्ये ११ वटालाई झोलुङ्गे पुलले विस्थापन गरिसकेको सरकारी तथ्यांक, बाँकी दुईवटा भने विस्थापन हुन बाँकी।**

### विद्युत् प्रसारण लाइन

**वामगठबन्धन** : सरकार बनेको पहिलो वर्षमै पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू जडान सुरु गरिने। पाँच वर्षमा कर्णाली, गण्डकी र कोसी करिडोर तथा मध्यपहाडी पुष्पलाल राजमार्गको समानान्तर उच्च क्षमताका प्रसारण लाइन जडान गरिने।

**कांग्रेस** : कम्तीमा चार सय केभी क्षमताका पाँचवटा अन्तरदेशीय प्रसारण लाइन निर्माण गरिने। पाँच वर्षभित्र पूर्व-पश्चिम उच्च-भोल्टेज क्षमताको १०५० किलोमिटर ट्रंक प्रसारण लाइन निर्माण गरिने।

**अवस्था** **हाल दक्षिणतर्फ तीनवटा अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा र दुईवटा निर्माणाधीन छन्। उत्तरतर्फ भने अन्तरदेशीय प्रसारण लाइन निर्माणको योजना मात्रै अघि बढेको छ, सुरु भएको छैन। हाई भोल्टेजको पूर्व-पश्चिम प्रसारण लाइन निर्माणाधीन अवस्थामा छ।**

---

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

**Project Office of Urban Development and Building Construction**
**Ghorani, Dang**

## Invitation for Bids

Notice No. PUDBC/Dang/02/2079/080
Date of Publication: B.S. 2079/07/06

**PUDBC, Dang** invites electronic bids from eligible bidders for the Following work under NCB Single Stage Double Envelope System bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| Contract ID | Name of Project | Document Fee | Bid Security |
|---|---|---|---|
| PUDBC/Dang/NCB/Works/02/079/080 | Construction of Urban Infrastructure at Koilabas, Dang | 5,000.00 | 20,65,000.00 |

## निर्माण कार्य सम्पन्न गर्ने अत्यन्त जरुरी सूचना

यस आयोजना कार्यालय र तपसिका निर्माणबीच विभिन्न निर्माण कार्यको लागि सम्झौता भई म्याद थप गरिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने भए अद्यावधिक कार्यतालिका, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित आधिकारिक व्यक्तिहरू यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ। उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र ठेक्का सम्झौताको प्रावधान बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्न तथा कार्यसम्पादन जमानत/अग्रिम भुक्तानी जमानत/धरौटी वापतको रकम साथै बाँकी काम गर्न लाग्ने खर्च, निर्माणस्थल सुरक्षामा लाग्ने खर्च र अन्य क्षतिपूर्ति रकम समेत सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | निर्माण व्यावसायीको नाम | योजनाको नाम र ठेक्का नं. | सम्झौता मिति | सुरु कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १. | रोयल विल्डर्स, तुलसीपुर, दाङ | प्युठान जिल्ला टिकुरी प्रतिक्षालय (बसपार्क बाग्दुला खलङ्गा मूल सडक निर्माण तथा सडक स्तरोन्ति (PUDBC/Dang/Work/NCB/14/2078-79) | २०७८/०९/०६ | २०७९/०३/१५ |
| २. | रोयल विल्डर्स, तुलसीपुर, दाङ | प्यूठान जिल्ला बाग्दुला बसपार्क निर्माण कार्य (PUDBC/Dang/Work/NCB/15/2078-79) | २०७८/०९/०६ | २०७९/०३/१५ |
| ३. | जलजला दर्शन कन्स्ट्रक्सन कम्पनी प्रा.लि., रुन्टीगढी-६, रोल्पा | घोराही उमनपा वडा नं। १५ उन्नतिनगर टोल हुँदै आनन्दपुर टोलदेखि मालपोतसम्म दोहोरो नाला निर्माण कार्य (PUDBC/Dang/Work/NCB/02/2078-79) | २०७८/०६/१५ | २०७९/०३/१५ |

**का.मु. आयोजना प्रमुख**

---

## थाहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**ईन्द्रायणी चौर पालुङ, मकवानपुर**
**वागमती प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस नगरपालिकाको आर्थिक ऐन, २०७९ को व्यबस्था बमोजिम यस नगरपालिकाकको राजस्व परामर्श समितिको मिति २०७९।०७।०४ को निर्णय बमोजिम तपशीलमा उल्लेखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी आ.व. ०७९/८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशील बमोजिमका शर्तहरुको अधिनमा रही **ईलेक्ट्रोनिक (e-Bidding)** वोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशील**

| प्याकेज नं | सूचना नं./वोलपत्र नं. | कामको विवरण | उत्खनन् परिमाण (घन फिट) | उत्खनन् गरिने क्षेत्र | न्युनतम वोलपत्र रकम (सेवा शुल्क र मु.अ.क. बाहेक) रु. | धरौटी रकम (कवोल अंकको ५ प्रतिशत) रु | वोलपत्र दस्तुर रु. | वोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | TM/DB/G/NCB/02/2079/80 | ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्, संकलन, विक्री तथा व्यवस्थापन | १५३६१७२ र स्टक-८०४४८३ गरी कुल-२३४०६५५ **प्रति घ.फि.रु.९** | थाहा नगरपालिका वडा नं. ७ र ८ | २१०६५८९५।०० दुई करोड दश लाख पैसट्ठी हजार आठ सय पन्चानब्बे मात्र | वोलपत्रदाताले पेश गर्नु पर्ने | ५०००।०० | e-GP प्रणाली अनुसर | e-GP प्रणाली अनुसर |
| २ | TM/DB/G/NCB/03/2079/80 | ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्, संकलन, विक्री तथा व्यवस्थापन | १२९७००२ र स्टक-४६५८४२ गरी कुल-७६२८४४ **प्रति घ.फि.रु.९** | थाहा नगरपालिका वडा नं. २, ३, ५ र ६ | १५८६५५९६।०० एक करोड अन्ठाउन्न लाख पैंसट्ठी हजार पाँच सय छयानब्बे मात्र | वोलपत्रदाताले पेश गर्नु पर्ने | ३०००।०० | e-GP प्रणाली अनुसर | e-GP प्रणाली अनुसर |

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अख्तियार नामा (Power of Attorney), स्व-घोषणा र वोलपत्र फाराम दस्तुर यस कार्यालयमा नगदै तिरेको रसिद वा कृषि विकास बैंक पालुङ शाखा मकवानपुरको **ग.१.१. आन्तरिक राजस्व खाताको खाता नं. ०५०८४०११५५७३८१२१** नगद जम्मा गरेको नगद भौचर सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट वोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यबस्था गरिएको छ। वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. वोलपत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। न्युनतम वोलपत्रमा कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम बरारबरको धरौटी रकम यस कार्यालयको **ग.३. धरौटी खाताको खाता नं. ०५०८४०११५५७३८०३०** जम्मा गरी सोको सक्कल भौचर वा कृषि विकास बैंक वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी **१२० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (विड बण्ड सेक्युरीटि) विद्युतीय खरिद प्रणाली (e-GP)** मा अपलोड गर्नु पर्नेछ।

३. वोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपाइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई **विद्युतीय खरिद प्रणाली (e-GP)** मा दर्ता/अपलोड गर्नु पर्नेछ।

४. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै वोलपत्र दाता वा निजको प्रतिनिधि वोलपत्र खाल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदा पछि कार्यालय खुल्ने दिनमा गरिनेछ।

५. वोलपत्र मुल्याङ्कन गर्दा कुनै कैफियत देखिएमा उक्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयको हुनेछ।

६. स्वीकृत वोलपत्रदाताले कार्यालयसँग सम्झौता गर्न आउँदा कार्यालयले निर्धारण गरेको पहिलो किस्ता वापतको रकम सम्बन्धित खातामा जम्मा गरी नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै पनि बैंकबाट जारी गरिएको **बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड)** सहित र मु.अ.क. समेतको रकम कार्यालयलाई बुझाउनु पर्नेछ। नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. यस नगरपालिकाका नदी/खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय सरकारबाट जारी गरिएका कानुन, प्रदेश कानुन र प्रचलित कानुन तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको **प्रारम्भिक वातावरणीय परीक्षण (IEE-Initial Environmental Examination) अध्ययन प्रतिवेदन (Study Report)** यस वोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

आइतबार ६ कात्तिक ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.वि.द.नं. १७/०६९/०७०

■ टी-२० विश्वकप क्रिकेट

# विश्व च्याम्पियन अस्ट्रेलिया ८९ रनले पराजित

**एजेन्सी**
**सिड्नी, ५ कातिक**

साबिक विजेता अस्ट्रेलिया आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा पराजित भएको छ। प्रतियोगिताअन्तर्गत सुपर १२ को समूह १ मा पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डले २० ओभरमा तीन विकेट गुमाएर दुई सय रन बनाएको थियो। प्रत्युत्तरमा घरेलु टोली अस्ट्रेलिया १७.१ ओभरमा एक सय ११ रनमा अलआउट हुँदा न्युजिल्यान्ड ८९ रनले विजयी भयो। अस्ट्रेलियामाथि सानदार जित निकाल्दा न्युजिल्यान्डका डेभोन कोन्वेले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले ब्याटिङमा ५८ बलमा ९२ रन तथा फिल्डिङमा दुई क्याच लिए। यसै अलराउन्ड प्रदर्शनका आधारमा उनी खेलकै म्यान अफ दी म्याच भए।

## बलियो साझेदारी

सिड्नी मैदानमा न्युजिल्यान्डले सुरुदेखि नै विस्फोटक ब्याटिङ गऱ्यो। फिन एलेन र डेभोनबीच पहिलो विकेटका लागि ४.१ ओभरमा ५६ रनको साझेदारी भयो। फिनले १६ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ४२ रन जोडे। फिनको स्ट्राइक रेट दुई सय ६२ रहेको थियो। त्यसपछि डेभोनले कप्तान केन विलियम्ससँग दोस्रो विकेटका लागि ६९ रनको साझेदारी गरे। केनले २३ बलमा समान एक छक्का र चौका प्रहार गरी २३ रन बटुले। ग्लेन फिलिप्सले १० बलमा १२ रन बनाए। न्युजिल्यान्डले पावर प्लेमा एक विकेट गुमाएर ६५ रन बनाएको थियो।

दुई सय एक रन पछ्याएको साबिक विजेता अस्ट्रेलिया १७.१ ओभरमा एक सय ११ रनमा समेटियो

## डेभोनको विस्फोटक इनिङ्स

अस्ट्रेलियालाई बलियो चुनौती दिने क्रममा न्युजिल्यान्डका ओपनर डेभोनले विस्फोटक ब्याटिङ गरे। उनले पहिलोदेखि चौथो विकेटसम्म गतिलो साझेदारी गरे। डेभोनले जेम्स निसिमसँग चौथो विकेटका लागि ५८ रनको साझेदारी गर्दै न्युजिल्यान्डलाई २० ओभरमा दुई सय रनको योगफलमा पुऱ्याए। डेभोनले आफ्नो म्याच विनिङ प्रदर्शनमा सात चौका र दुई छक्का प्रहार गरेका थिए। निसिमले १३ बलमा दुई छक्काको सहयोगमा २६ रन बनाए। बलिङमा जोस हेजलउडले ४१ रन खर्चेर एक विकेट हात पारे। एडम जाम्पाले एक विकेट लिए।

## साउथी र सान्टनरको घातक बलिङ

घरेलु मैदानमा अस्ट्रेलिया सुरुदेखि नै दबाबमा परेको थियो। फास्ट बलर टिम साउथी र मिचेल सान्टनरले अस्ट्रेलियन ब्याट्सम्यानहरूलाई रन बनाउन दिएनन्। दुवैले समान तीन विकेट लिँदा अस्ट्रेलियाको शीर्ष तथा मध्यक्रम ब्याटिङ लाइनअप कमजोर भयो। साउथीले २.१ ओभरमा ६ रन खर्चेर तीन विकेट लिए। सान्टनरले ३१ रनमा तीन विकेट हात पारे। यसैगरी, ट्रेन्ट बोल्टले २४ रन खर्चेर पुछारका दुई ब्याट्सम्यानलाई सिकार गरे। न्युजिल्यान्डका लागि इस सोधी र लुकिए फर्गुसनले समान एक विकेट हात पारे।

## म्याक्सवेल मात्र टिके

अस्ट्रेलियाको कमजोर ब्याटिङ प्रदर्शनमा अलराउन्डर ग्लेन म्याक्सवेलले मात्र क्रिजमा न्युजिल्यान्डका बलरविरुद्ध डटेर प्रदर्शन गरेका थिए। यद्यपि, उनले टोलीलाई जितसम्म पुऱ्याउन सकेनन्। म्याक्सवेल आउट हुँदा अस्ट्रेलिया १३.३ ओभरमा ८९-७ को कमजोर अवस्थामा थियो। उनले २० बलमा तीन चौका र एक छक्काको सहयोगमा २८ रन बनाए। यसैगरी, प्याट क्युमिन्सले १८ बलमा दुई चौका र एक छक्काको सहयोगमा २१ रन बनाए। अस्ट्रेलियाका सात ब्याट्सम्यानले दोहोरो रन बनाउन सकेनन्।



विश्वकपअन्तर्गत सुपर-१२ मा अस्ट्रेलियाविरुद्ध चौका प्रहार गर्दै न्युजिल्यान्डका बायाँहाते ब्याट्सम्यान डेभोन कोन्वे। तस्बिरः एजेन्सी

## खेल रद्द हुँदा नौ अर्ब २९ करोड घाटा हुने

टी-२० विश्वकप क्रिकेटअन्तर्गत आइतबार चिरपरिचित प्रतिद्वन्द्वी पाकिस्तान र भारतबीच खेल हुँदै छ। यो खेल मेलबर्नमा हुनेछ। मौसमविद्का अनुसार भारत र पाकिस्तानबीचको खेलमा ७०-८० प्रतिशत पानी पर्ने सम्भावना छ। वर्षाका कारण खेल रद्द भए अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले नौ अर्ब २९ करोड ६० लाख रुपैयाँ घाटा बेर्होनुपर्छ। विश्वकपमा पुनः एकपटक एकै समूहमा परेपछि भारत र पाकिस्तानबीच खेलको टिकट बिक्री भएको केही घन्टामै सोल्डआउट भएको थियो।

यी दुई टोलीबीच गत वर्ष युएईमा भएको टी-२० विश्वकपमा पाकिस्तानले पहिलोपटक भारतमाथि दश विकेटको सानदार जित निकालेको थियो। अहिलेसम्म अन्तर्राष्ट्रिय टी-२० खेलमा भारत र पाकिस्तानले एकआपसमा ११ खेल खेलेका छन्। जसमा भारतले सात र पाकिस्तानले तीन खेलमा जित निकालेको छ। एक खेल टाई भएको छ। पाकिस्तानले भारतलाई एकदिवसीय विश्वकपमा हराउन सकेको छैन।

## कुरानको पाँच विकेट



आइसिसी टी-२० विश्वकपमा इंग्ल्यान्डका साम कुरान पाँच विकेट लिने पहिलो बलर बनेका छन्। कुरानले सुपर १२ अन्तर्गत अफगानिस्तानविरुद्ध कीर्तिमानी प्रदर्शन गरेका हुन्। म्यान अफ दी म्याच कुरामले ३.४ ओभरमा १० रन खर्चेर पाँच विकेट हात पारे। कुरामको घातक बलिङ प्रदर्शनसामु निरीह बनेको अफगानिस्तानले १९.४ ओभरमा सबै विकेट गुमाएर एक सय १२ रन बनाएको थियो। प्रत्युत्तरमा इंग्ल्यान्डले १८.१ ओभरमा पाँच विकेटको क्षतिमा एक सय १३ रन बनायो। लक्ष्य पछ्याएको इनिङ्समा इंग्ल्यान्डले संघर्षपूर्ण ब्याटिङ गरेको थियो।

ओपनर जोस बटलर र एलेक्स हालेसले पहिलो विकेटका लागि ४.६ ओभरमा ३५ रन बनाएका थिए। बटलरले १९ बलमा तीन चौका प्रहार गरी १८ रन बनाए। ८.४ ओभरमा आउट भएका एलेक्सले २० बलमा १९ रन जोडे। मध्यक्रमका डाविड मालानले ३० बल खेलेर १८ रन जोडे। त्यसपछि लिआम लिभिन्स्टोनले २१ बलमा तीन चौका प्रहार गरी २९ रन जोड्दा इंग्ल्यान्डको जित पक्का भयो। यसअघि ब्याटिङ गरेको अफगानिस्तानको इनिङ्समा इब्राहिम जार्दानले सर्वाधिक ३२ रन बनाए। उनले ४१ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३२ रन जोडे। यसैगरी, उस्मान घानीले ३० बलमा तीन चौका प्रहार गरी ३० रन जोडे। अफगानिस्तानका सात ब्याट्सम्यानले दोहोरो रन बनाउन सकेनन्।

## खेल संक्षेप

### आरसिटीले मनायो ९०औँ वार्षिकोत्सव

**काठमाडौं**/ नेपाली घरेलु फुटबलको सबैभन्दा सफल क्लबमध्ये एक रानीपोखरी कर्नर टिमले शनिबार आफ्नो ९० औँ वार्षिकोत्सव मनाएको छ। अहिले सहिद स्मारक लिग 'बी' डिभिजनमा रहेको आरसिटीले ६ पल्ट 'ए' डिभिजनको उपाधि जितेको छ। आरसिटीको स्थापना १९८९ मा भएको थियो। रानीपोखरीको दरबार हाई स्कुलमा आयोजित कार्यक्रमका अवसरमा क्लबका दिवंगत खेलाडी, सदस्य र समर्थकको सम्मानमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो। आरसिटीले क्लबको उज्यालो इतिहास निर्माणमा प्रशंसनीय भूमिका निर्वाह गरेका सबैलाई आभार पनि व्यक्त गरेको छ।

### सेमिफाइनल समीकरण पूरा

**काठमाडौं**/ नीलकण्ठ नगरपालिकाले शनिबार गल्छी गाउँपालिकालाई तीन विकेटले हराउँदै धादिङ क्रिकेट लिगको सेमिफाइनल स्थान पक्का गरेको छ। यस खेलसँगै प्रतियोगिताको समिकरण पूरा भएको छ। चन्द्रोदय खेल मैदानमा पहिले ब्याटिङ गरेको गल्छीले २० ओभरमा ६ विकेटको क्षतिमा ९१ रन बनायो। प्रत्युत्तरमा नीलकण्ठले १९.४ ओभरमा सात विकेट गुमाएर ९२ रन जोड्यो। नीलकण्ठलाई अन्तिम तीन ओभरमा ६ रन मात्र बनाउनुपर्ने थियो। नीलकण्ठसँग तीन विकेट बाँकी थियो। तर, गल्छीका बलरले अन्तिम तीन ओभरमा उत्कृष्ट बलिङ गर्दा नीलकण्ठले सहज जित निकाल्न सकेन। अन्तिम ओभरमा ६ बलमा नीलकण्ठलाई चार रन चाहिएको थियो।

सन्तोष घिमिरेले १९.४ ओभरमा चौका प्रहार गर्दै जित निकाले। नीलकण्ठका राजीव श्रेष्ठले ४ ओभरमा ९ रन खर्चिएर ४ विकेट लिए। विजयी टोलीका लागि गुरुङले १४ रन र दीपक सुवेदीले १६ रनको सर्वाधिक योगदान दिए।

### आइटिटिएफ लेभल टु कोर्स सुरु

**काठमाडौं**/ अखिल नेपाल टेबलटेनिस संघको आयोजनामा शनिबारदेखि १० दिने आइटिटिएफ लेभल टु कोर्स सुरु भएको छ। लैनचौरस्थित टेबलटेनिस प्रशिक्षण केन्द्रमा ओलम्पिक सोलिडारिटी कार्यक्रमअन्तर्गत लेभल टु कोर्स १० दिनसम्म चल्नेछ। मलेसियाली प्रशिक्षक क्रिस्टिना चीले कार्यक्रम सञ्चालन गर्नेछिन्। उनी आइटिटिएफकी प्रशिक्षकलाई प्रशिक्षण दिने विशेषज्ञ हुन्। नेपालमा आइटिटिएफको लेभल टुको कोर्स गर्न लागेको यो तेस्रोपल्ट हो। कोर्समा तीन महिलासहित १९ प्रशिक्षकले भाग लिनेछन्। यस कार्यक्रमपछि नेपाली टेबलटेनिसका प्रशिक्षकले देशको राष्ट्रिय टोली सम्हाल्न पाउनेछन्। कार्यक्रमको उद्घाटन अखिल नेपाल टेबलटेनिस संघका अध्यक्ष चतुरानन्दराज वैद्यले गरेका थिए।

### विष्ट पहिलो

**काठमाडौं**/ पवन विष्टले दशौँ सूर्य नेपाल गोकर्ण मन्थली मेडल प्रतियोगिताको उपाधि जितेका छन्। गोकर्ण गल्फ कोर्समा शनिबार भएको खेलमा विष्टले दुई अन्डर कार्ड लेखाउँदै उपाधि हात पारेका हुन्। डा. भगवान कोइराला काउन्टर ब्याकमा दोस्रो भएका छन्। उनले काउन्टर ब्याकमा रविन्द्र तिवारीलाई हराएका हुन्। कोइरालाले एक अन्डर ७१ को कार्ड लेखाए। प्रतियोगितामा वान्छेनले उत्कृष्ट ग्रोसको उपाधि हात पारे। उनले तीन ओभर ७५ स्कोर गरेका थिए। प्रतियोगिता ३२ गल्फरले प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ। दशौँ संस्करणको खेल समाप्तिपछि बाबु शेर्पा बोर्डको शीर्ष स्थानमा छन्। उनले दुई सय ८० स्कोर गरेका छन्। रन्दिप थापा दुई सय १५ स्कोरका साथ दोस्रो स्थानमा छन्।

# फ्रेन्च खेलाडी रिबेरीले सन्न्यास लिए

**पेरिस**/ फ्रान्स तथा बायर्न म्युनिखका पूर्व विंगर फ्र्याँक रिबेरीले शनिबार समग्र फुटबलबाट सन्न्यासको घोषणा गरेका छन्। लामो समयदेखि घुँडाको समस्याबाट मुक्त हुन नसक्दा ३९ वर्षका रिबेरीले सन्न्यास घोषणा गरेका हुन्। उनले सिरी ए क्लब सोलेर्निटानासँग आफ्नो सम्झौतालाई समाप्त गर्दै सन्न्यासको घोषणा गरेको बताएका छन्। सोसल मिडियामा रिबेरीले मैदानमा बल रोकिएको बताएका छन्। 'मैदानमा मैले खेल्ने बल रोकिएको छ, यहाँसम्मको यात्रामा सहयोग गर्ने सबैलाई धन्यवाद छ,' उनले भनेका छन्।

फुटबल करिअरमा उनले १२ वर्ष बुन्डेस लिग च्याम्पियन बायर्नबाट प्रतिस्पर्धा गरेका थिए। बायर्नका की-प्लेयरसमेत रहेका रिबेरीले चार सय २५ खेलमा एक सय २४ गोल गरेका थिए। बायर्नमा उनले एक सय ८२ गोलको अवसर सिर्जना गरेका थिए। रिबेरी सन् २००७ देखि २०१९ सम्म बायर्नमै रहेका थिए। उनले बायर्नबाट च्याम्पियन्स लिगसहित नौवटा बुन्डेस लिगा उपाधि चुमे। करिअरमा उनी तीनपटक फ्रेन्च वर्ष खेलाडी भए। फ्रान्सको राष्ट्रिय टोलीबाट उनले ८१ अन्तर्राष्ट्रिय खेलमा १६ गोल गरेका छन्।



सन् २००६ को विश्वकप उपविजेता खेलाडी फ्र्याँक रिबेरीले शनिबार फुटबल करिअरबाट सन्न्यास घोषणा गरे

यसैगरी, उनले २५ पल्ट गोलका लागि पास उपलब्ध गराए। सन् २०१४ मा चोटका कारण फ्रान्सेली टोलीमा नपरेपछि उनले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यासको घोषणा गरेका थिए। सन् २००७ मा मार्सेलीबाट उनी बायर्न आएका थिए। त्यसवेला बायर्नले उनलाई एक करोड ७० लाख मिलियन पाउन्डमा अनुबन्ध गरेको थियो। सन् २००६ मा फ्रान्सलाई विश्वकपमा उपविजेता बनाएपछि उनी बायर्नसँग आबद्ध भएका थिए।

रिबेरीले क्लब फुटबल करिअरमा पाँच सय २३ खेल खेलेका छन्। यस क्रममा उनले एक सय १४ गोल गरेका छन्। सन् २००० मा पहिलो व्यावसायिक क्लब लेभल फुटबलको सुरुवात बाउलोन्गेबाट गरेका रिबेरीले मार्सेलोबाट ६० खेलमा ११ गोल गरेका थिए। सन् २०१३ मा बायर्नले युरोपियन च्याम्पियन्स लिग उपाधि जित्दा उनले विशेष भूमिका निर्वाह गरेका थिए।

# यू-१५ नेपाली टोली घोषणा

**काठमाडौं**/ अखिल नेपाल फुटबल संघ (एन्फा) ले अर्को महिना बंगलादेशमा हुने महिला यू-१५ साफ च्याम्पियनसिपका लागि नेपाली युवा टोलीको घोषणा गरेको छ। टोलीकी मुख्य प्रशिक्षक भगवती रानाले च्याम्पियनसिपका लागि २३ सदस्यीय अन्तिम टोली घोषणा गरेकी हुन्। महिला यू-१५ साफ च्याम्पियनसिप १५-२५ कात्तिकसम्म हुनेछ। प्रतियोगिताका लागि टोली घोषणा गर्ने क्रममा बन्दप्रशिक्षणमा ३० खेलाडी थिए।

प्रशिक्षक रानाले अन्तिम चरणका लागि २३ खेलाडी छानेकी हुन्। घोषित टोलीमा सानीमाया स्याङ्तान, शिवांगी स्नेही, दिलमाया घिसिङ, यशोधा बोहरा, निर्मला आचार्य, सन्जी थिङ र अनिषा विकले स्थान बनाउन सकेनन्। मुख्य प्रशिक्षक रानालाई सहायक प्रशिक्षक मंगल महर्जन र गोलरक्षक प्रशिक्षक छन्नुराम चौधरीले सहयोग गर्नेछन्।

ढाकास्थित बिएसएसएसएमके रंगशालामा प्रतियोगिता डबल राउन्डरोबिन लिगका आधारमा हुनेछ। प्रतियोगितामा आयोजक बंगलादेश, नेपाल र भुटानले मात्रै प्रतिस्पर्धा गर्नेछन्। नेपालले पहिलो खेलमा भुटानविरुद्ध १७ कात्तिकमा खेल्नेछ। तालिकाअनुसार नेपालले १९ कात्तिकमा बंगलादेशविरुद्ध प्रतिस्पर्धा गर्नेछ। अर्को चरणमा नेपालले २३ कात्तिकमा भुटानसँग खेल्नेछ। २५ कात्तिकमा नेपाल र बंगलादेशबीच खेल हुनेछ। डबल राउन्डरोबिन लिगपछि शीर्ष टोलीले उपाधि जित्नेछ।







नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com